# सुकरातका पाइला र अनन्त पाइला उपन्यासको तुलनात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दशौं पत्रको प्रयोजनार्थ
प्रस्तुत गरिएको

## शोध पत्र


शोधार्थी
हरि भण्डारी
रो.नं. : १९००९९
त्रि.वि.दर्ता न : ६-२-३११-१३-२००५
शैक्षिक सत्र : २०६५–२०६७



नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन



२०७१ ।

# शोध निर्देशकको सिफारिस

**सुकरातका पाइला र अनन्त पाइला उपन्यासको तुलनात्मक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र हरि भण्डारीले मेरो निर्देशनमा तयार गर्नु भएको हो । गोविन्दराज भट्टराईको **सुकरातका पाइला** र धनराज गिरीको **अनन्त पाइला** उपन्यासको विविध पक्षमा तुलना गरी उचित निष्कर्ष समेत दिइएको प्रस्तुत शोधपत्र देखि म पूर्ण रूपले सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग समक्ष सिफारिश गर्दछु ।

**प्रा.डा.नारायणप्रसाद खनाल**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**भरतपुर, चितवन**

मिति २०७१।०२।०१
१५ मई २०१४

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत**
**वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग,**
**भरतपुर, चितवन**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभाग अन्तर्गत हरि भण्डारीद्वारा प्रस्तुत **सुकरातका पाइला र अनन्त पाइला उपन्यासको तुलनात्मक अध्ययन** विषयको यो शोधपत्र नेपाली विषयको स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति :

| **नाम** | **हस्ताक्षर** |
| --- | --- |
| प्रा.डा. नारायणप्रसाद खनाल<br>(विभागीय प्रमुख) | .................. |
| प्रा.डा. नारायणप्रसाद खनाल<br>(शोध निर्देशक) | ................... |
| सह प्रा.गोविन्दराज विनोदी<br>(बाह्य परीक्षक) | ................... |

मितिः २०७१।०३।१७
१ जुलाई २०१४

# कृतज्ञता ज्ञापन

गोविन्दराज भट्टराई र धनराज गिरी नेपाली साहित्यका क्षेत्रमा प्रतिभाशाली व्यक्तित्व हुन । नेपाली साहित्यमा दुवै साहित्यकारको महत्त्वपूर्ण योगदान रहेको छ । उनीहरूका विभिन्न प्रसिद्ध कृतिहरूमध्ये गोविन्दराज भट्टराईको उपन्यास **सुकरातका पाइला** र धनराज गिरीको उपन्यास **अनन्त पाइला** दुवै उपन्यास चर्चित रहेका छन् साथमा एक अर्कोसँग सम्बन्धित र तुलनायोग्य रहेका छन् । यी प्रसिद्ध दुवै कृतिहरूको तुलनात्मक अध्ययन मैले श्रद्धेय गुरु प्रा.डा.नारायणप्रसाद खनालज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । उहाँको सरल, भव्य, उदार र शालीन व्यक्तित्वले मलाई आजिवन सत्प्रेरणा र मार्गदर्शन प्रदान गर्नेछ भन्ने कुरा स्मरण गर्दै उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु, साथै शोध प्रस्तावलाई स्वीकृति प्रदान गरेर मलाई शोधकार्यको अवसर प्रदान गर्नु भएकोमा पनि उहाँप्रति म कृतज्ञ छु ।

मलाई जन्म दिएर अध्ययनको लागि प्रेरणा र आवश्यक वातावरण सिर्जना गर्नुहुने मेरा पुज्य पिता ओमप्रसाद भण्डारी र माता जमुनादेवी भण्डारी प्रति हार्दिक आभार प्रकट गर्दछु । शोधकार्यको अवसरमा मलाई मार्गदर्शन र सहयोग गर्नुहुने मेरा सहृदयी मित्र कृष्णप्रसाद भण्डारी, हरिप्रसाद पोखरेल, दुर्गाराज भण्डारी र विष्णु अर्याल प्रति पनि कृतज्ञ छु । शोधकार्यको क्रममा विविध पाठ्य सामग्रीहरू उपलब्ध गराईदिने वीरेन्द्र बहुमुखी क्याम्पस तथा त्रि.वि.केन्द्रीय पुस्तकालयका कर्मचारीहरूलाई विशेष धन्यवाद दिन्छु । यस्तै शोधपत्रको अन्य प्राविधिक पक्षमा सहयोग पुऱ्याउनु हुने सम्पुर्णलाई  धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा म यो शोधपत्र मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभाग, भरतपुर समक्ष प्रस्तुत गर्दछु ।

.........................

**मिति : २०७१।०२।०१**

**१५ मई २०१४**

मो. : ९८४५२४६२२८

इमेल : me_heartly99@yahoo.com

**हरि भण्डारी**

**वीरेन्द्र बहुमुखी क्याम्पस**

**नेपाली विभाग, भरतपुर**

# सङ्क्षेपीकृत शब्द सूची

| | | |
|---|---|---|
| गा.वि.स. | – | गाउँ विकास समिति |
| डा. | – | डाक्टर |
| त्रि.वि. | – | त्रिभुवन विश्वविद्यालय |
| पृ. | – | पृष्ठ |
| प्रा. | – | प्राध्यापक |
| प्रा.डा. | – | प्राध्यापक डाक्टर |
| मा.वि. | – | माध्यमिक विद्यालय |
| ले. | – | लेखक |
| वि.सं. | – | विक्रम संवत् |
| सहप्रा. | – | सह प्राध्यापक |
| सं | – | संवत् |

# विषयसूची

## परिच्छेद : एक
## शोधपरिचय

**शीर्षक** **पृष्ठ नं.**


| | | |
|---|---|---|
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्या कथन | २ |
| १.३ | शोध कार्यको उद्देश्यहरु | २ |
| १.४ | पूर्व कार्यको विवरण र समीक्षा | २ |
| १.५ | शोधको महत्त्व, औचित्य र उपयोगिता | ५ |
| १.६ | शोधको कार्यको क्षेत्र र सीमा | ५ |
| १.७ | सामग्री सङ्कलन विधि | ५ |
| १.८ | शोध विधि | ६ |
| १.९ | शोधपत्रको रूपरेखा | ६ |


## परिच्छेद दुई
## सुकरातका पाइला र अनन्त पाइला उपन्यासको परिचय


| | | |
|---|---|---|
| २.१ | पृष्ठभूमि | ९ |
| २.२ | उपन्यासकार गोविन्दराज भट्टराईको सङ्क्षिप्त जीवनी | ९ |
| २.२.१ | जन्मस्थान  र बाल्यकाल | ९ |
| २.२.२ | शिक्षादीक्षा | ९ |
| २.२.३ | स्वभाव तथा रुचि | १० |
| २.२.४ | साहित्यिक व्यक्तित्व | १० |
| २.२.५ | सम्मान तथा पुरस्कार | ११ |
| २.३ | उपन्यासकार धनराज गिरीको सङ्क्षिप्त जीवनी | १२ |
| २.३.१ | जन्मस्थान र बाल्यकाल | १२ |
| २.३.२ | शिक्षादीक्षा | १२ |
| २.३.३ | स्वभाव तथा रुचि | १३ |
| २.३.४ | साहित्यिक व्यक्तित्व | १३ |
| २.३.५ | सम्मान तथा पुरस्कार | १४ |
| २.४ | सुकरातका पाइला उपन्यासको परिचय | १४ |
| २.४.१ | पृष्ठभूमि | १४ |
| २.४.२ | सुकरातका पाइला उपन्यासको कथानक | १५ |
| २.४.३ | सुकरातका पाइला उपन्यासमा पात्र/चरित्र | १५ |
| २.४.३.१ | अनन्त | १६ |
| २.४.३.२ | सुकरात | १७ |

२.४.३.३ पूर्णिमा १९
२.४.३.४ गोपी १९
२.४.३.५ नीलिमा १९
२.४.३.६ विक्रम २०
२.४.४ सुकरातका पाइला उपन्यासको भाषाशैली २०
२.४.५ सुकरातका पाइला उपन्यासको पर्यावरण २२
२.४.६ सुकरातका पाइला उपन्यासमा दृष्टिविन्दुको प्रयोग २३
२.४.७ सुकरातका पाइला उपन्यासमा संवादको प्रयोग २३
२.४.८ सुकरातका पाइला उपन्यासमा द्वन्द्व २४
२.४.९ सुकरातका पाइला उपन्यासको जीवनदर्शन २५
२.४.१० सुकरातका पाइला उपन्यासको बाह्य संरचना २६
२.५ अनन्त पाइला उपन्यासको परिचय २८
२.५.१ पृष्ठभूमि २८
२.५.२ अनन्त पाइला उपन्यासको कथानक २८
२.५.३ अनन्त पाइला उपन्यासमा पात्र/चरित्र ३०
२.५.३.१ गोपी ३०
२.५.३.२ अनन्त ३२
२.५.३.३ रजनी ३२
२.५.३.४ श्रद्धा ३३
२.५.३.५ सुकरात ३३
२.५.४ अनन्त पाइला उपन्यासको भाषाशैली ३४
२.५.५ अनन्त पाइला उपान्यासको पर्यावरण ३६
२.५.६ अनन्त पाइला उपन्यासमा दृष्टिविन्दुको प्रयोग ३७
२.५.७ अनन्त पाइला उपन्यासमा संवादको प्रयोग ३८
२.५.८ अनन्त पाइला उपन्यासमा द्वन्द्व ३९
२.५.९ अनन्त पाइला उपन्यासको जीवनदर्शन ४०
२.५.९ अनन्त पाइला उपन्यासको बाह्य संरचना ४२
२.६ निष्कर्ष ४३

## परिच्छेद तीन
## विविध कोणबाट सुकरातका पाइला र अनन्त पाइला उपन्यासको तुलनात्मक अध्ययन

३.१ पृष्ठभूमि ४६
३.२ सुकरातका पाइला र अनन्त पाइला उपन्यासको कथानकको तुलना ४६
३.३ सुकरातका पाइला र अनन्त पाइला उपन्यासको पात्र/चरित्रको तुलना ४९
३.३.१ अनन्त ४९
३.३.२ सुकरात ५०
३.३.३ गोपी ५१
३.३.४ पूर्णिमा ५१

३.३.५ रजनी ५२
३.३.६ नीलिमा ५२
३.३.७ श्रद्धा ५२
३.३.८ सोफिया ५३
३.३.९ निशा ५३
३.४ सुकरातका पाइला र अनन्त पाइला उपन्यासको भाषाशैलीको तुलना ५३
३.५ सुकरातका पाइला र अनन्त पाइला उपन्यासको देशकाल परिवेशको तुलना ५७
३.६ सुकरातका पाइला र अनन्त पाइला उपन्यासको द्वन्द्वको तुलना ५९
३.७ सुकरातका पाइला र अनन्त पाइला उपन्यासको संवादको तुलना ६०
३.८ सुकरातका पाइला र अनन्त पाइला उपन्यासको उद्देश्यको तुलना ६३
३.९ निष्कर्ष ६५

## परिच्छेद चार
## औपन्यासिक मान्यतामा सुकरातका पाइला र अनन्त पाइला उपन्यासको तुलना

४.१ पृष्ठभूमि ६८
४.२ उपन्यासका तत्त्वहरू ६९
४.२.१ कथानक ६९
४.२.२ चरित्र ७०
४.२.३ पर्यावरण ७०
४.२.४ जीवनदर्शन ७१
४.२.५ दृष्टिबिन्दु ७२
४.२.६ भाषाशैली ७२
४.२.७ प्रतीक र बिम्ब ७२
४.३ औपन्यासिक सिद्धान्तका आधारमा सुकरातका पाइला र अनन्त पाइला उपन्यासको समग्र स्थिति ७३
४.३.१ कथानकका आधारमा सुकरातका पाइला र अनन्त पाइला उपन्यासको समग्र स्थिति ७३
४.३.२ चरित्रका आधारमा सुकरातका पाइला र अनन्त पाइला उपन्यासको समग्र स्थिति ७४
४.३.३ पर्यावरण/वातावरणका आधारमा सुकरातका पाइला र अनन्त पाइला उपन्यासको समग्र स्थिति ७५
४.३.४ जीवनदर्शन /उद्देश्यका आधारमा सुकरातका पाइला र अनन्त पाइला उपन्यासको समग्र स्थिति ७६
४.३.५ दृष्टिबिन्दुका आधारमा सुकरातका पाइला र अनन्त पाइला उपन्यासको समग्र स्थिति ७६
४.३.६ भाषाशैलीका आधारमा सुकरातका पाइला र अनन्त पाइला उपन्यासको समग्र स्थिति ७७

४.३.७ बिम्ब र प्रतिकका आधारमा सुकरातका पाइला र अनन्त पाइला उपन्यासको समग्र स्थिति ७७
४.४ निष्कर्ष ७८

# परिच्छेद पाँच
## उपसंहार

५.१ परिचय ८०
५.२ परिच्छेद एकको निष्कर्ष ८०
५.३ परिच्छेद दुईको निष्कर्ष ८०
५.४ परिच्छेद तीनको निष्कर्ष ८३
५.५ परिच्छेद चारको निष्कर्ष ८५
५.६ परिच्छेद पाँचको निष्कर्ष ८५
५.७ निष्कर्ष ८५

# परिच्छेद एक
## शोध परिचय

# परिच्छेद : एक
# शोध परिचय

## १.१. विषय परिचय

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका प्रसिद्ध साहित्यकार गोविन्दराज भट्टराईका विभिन्न साहित्यिक कृतिमध्ये **सुकरातका पाइला** चर्चित उपन्यास हो । यस अघि **मुगलान** (२०३१) र **मणिपुरको चिठ्ठी** (२०३४) उपन्यास तथा **तीनधारा** (२०३५, सहलेखन, तुलसी भट्टराई, योगेन्द्र तिमिल्सना ) कथासङ्ग्रह, **एक्लै,एक्लै,एक्लै** (२०६०) र **विश्वविद्यालयमा अग्निपूजा (२०६१),** मिर्मिरेमा दश पाइला (२०७०), सुकरातको डायरी (२०६९) निबन्ध सङ्ग्रहहरू र **काव्यिक आन्दोलनको परिचय** (२०४९), **पश्चिमी बलेंसीका बाछिटा** (२०६१), **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** (२०६१), **उत्तरआधुनिक ऐना** (२०६२), **उत्तरआधुनिक विमर्श** (२०६४), समयाबोध र उत्तरआधुनिकता (२०६९) समालोचनात्मक कृतिहरूबाट चर्चा कमाएका भट्टराईले **सुकरातका पाइला** (२०६३) उपन्यास मार्फत नेपाली समाजमा घटेको १० वर्षे जनयुद्ध तथा त्यसबाट उत्पन्न परिवेश, ग्रामीणदेखि सहरिया, जालझेल, हत्या, हिंसा, आतङ्क, ठगी, व्यभिचारी, अत्याचारी, प्रवृत्तिको यर्थाथ चित्रण गरेका छन् । यी र यस्तै घटना र परिवेशका कारण समाजदेखि वितृष्णा मानेर संसारबाटै अलापिन खोज्ने **सुकरातका पाइला** उपन्यासको नायकको पुनर्जन्म चितवनका साहित्यकार धनराज गिरीले **अनन्त पाइला** (२०६८) उपन्यास मार्फत गरेका छन् । यसअघि **राष्ट्रै टुहुरो भयो** कविता सङ्ग्रह (२०५४) **अर्थात्** मुक्तक सङ्ग्रह (२०५८), **गजलामृत** गजल सङ्ग्रह (२०६०), **गोजीको गजल र हाइकु** (मिश्रित, २०६०), **कुन्साङ काका नानी** गजल सङ्ग्रह (२०६२), **पुष्पलता सामाजिक शान दैवी वरदान** (गीतिकाव्य, २०६२), **ढल्दैन स्वाभिमान कसै गरेपनि** गजल सङ्ग्रह (२०६४), **सङ्गी** गजल सङ्ग्रह (२०७०) मार्फत चर्चा कमाएका गिरीले **अनन्त पाइला** (२०६८) उपन्यास मार्फत एकातिर संसारबाटै असमयमै बिदा लिन खोजेको अनन्तलाई पूनर्जन्म दिएका छन् भने अर्कातिर द्वन्द्व तथा त्यसको समाप्तिपछिको पूनर्जागरण युगतर्फ देशले पाइला चालेको उल्लेख गरेका छन् । अन्याय, अत्याचार, भ्रष्टाचारबाट आजित अनन्तलाई मात्र होइन आम पाठक तथा नेपालीलाई सकारात्मक सोच तथा इमान्दार र कर्तव्यनिष्ठ भएर बिग्रदै गएको समाजलाई सुमार्गतर्फ के कसरी डोऱ्याउन सकिन्छ भन्ने सन्देश **अनन्त पाइला** मार्फत दिन खोजिएको छ । **सुकरातका पाइला**को क्रमलेखनका रूपमा आएको **अनन्त पाइला** उपन्यासमा एउटा उपन्यासको पात्रलाई कसरी अर्को उपन्यासमा अवतीर्ण गराइएको छ तथा त्यसको भूमिका, अन्य पात्र वा चरित्र, विषयवस्तु, परिवेशदेखि लिएर समग्र प्रभाव के कस्तो रहेको छ र समानता र भिन्नता के कस्ता रहन्छन् भन्ने नै यस अध्ययनको विषय बनेको छ । यी दुवै कृतिको यस किसिमको तुलनात्मक अध्ययन नभइसकेको अवस्थामा यथार्थ रूपमा अध्ययन-विश्लेषण र तुलना/प्रतितुलना गर्न **सुकरातका पाइला** र **अनन्त पाइला**को तुलनात्मक अध्ययन शीर्षक छनोट गरिएको छ ।

## १.२. समस्या कथन

प्रस्तुत शोधपत्र **सुकरातका पाइला** र **अनन्त पाइला** उपन्यास बीचको तुलनात्मक अध्ययनमा आधारित रहेको छ । समस्यामूलक उपन्यास **सुकरातका पाइला** र त्यसैको समाधान स्वरूप **अनन्त पाइला** आएको देखिन्छ । **सुकरातका पाइला**माअनन्त के कस्ता समस्यामा फस्दछ र **अनन्त पाइला**मा के–कसरी नयाँ मोडमा पुग्दछ तथा त्यसलाई सघाउन के–कस्ता परिवेश, परिस्थिति, पात्र, चरित्र, दर्शनले भूमिका खेलेका छन् ? भन्ने विषयको अध्ययन गर्नका लागि निम्नलिखित समस्याहरू प्रस्तुत गरिएका छन् :-

क) **सुकरातका पाइला** र **अनन्त पाइला** उपन्यासका उपन्यासकार र उपन्यासको परिचय के कस्तो रहेको छ ?

ख) विविध कोणबाट **सुकरातका पाइला** र **अनन्त पाइला** उपन्यासको अध्ययन कसरी गर्न सकिन्छ ?

ग) औपन्यासिक मान्यताका आधारमा **सुकरातका पाइला** र **अनन्त पाइला** उपन्यासको तुलना कसरी गर्न सकिन्छ ?

घ) **सुकरातका पाइला** र **अनन्त पाइला** उपन्यासको तुलना कसरी गर्न सकिन्छ ?

यिनै समस्याहरूको समाधानतर्फ केन्द्रित रही यो शोधपत्र तयार गरिएको छ ।

## १.३. शोध कार्यका उद्देश्यहरू

समस्या कथनमा उठाइएका प्रश्नहरूमा केन्द्रित रही गरिएको प्रस्तुत शोधकार्यका उद्देश्यहरू यस प्रकार रहेका छन् :-

क) **सुकरातका पाइला** र **अनन्त पाइला** उपन्यासका उपन्यासकार र उपन्यासको परिचय दिनु,

ख) विविध कोणबाट **सुकरातका पाइला** र **अनन्त पाइला** उपन्यासको अध्ययन गर्नु,

ग) औपन्यासिक मान्यताका आधारमा **सुकारातका पाइला** र **अनन्त पाइला** उपन्यासको तुलनात्मक अध्ययन गर्नु,

घ) **सुकरातका पाइला** र **अनन्त पाइला** उपन्यासको तुलना गर्नु ।

यिनै उद्देश्यहरूको परिपूर्तितर्फ यो शोधपत्र केन्द्रित रहेको छ ।

## १.४. पूर्व कार्यको विवरण र समीक्षा

प्रसिद्ध उपन्यासकार गोविन्दराज भट्टराईद्धारा लिखित **सुकरातका पाइला** एक चर्चित उपन्यास हो । २०६३ पुसमा प्रकाशित उक्त उपन्यासका बारेमा विभिन्न अध्ययन अनुसन्धान भइरहेका छन्, हुने क्रम जारी छ भने **सुकरातका पाइला** उपन्यासको क्रम लेखन मानिएको धनराज गिरीको उपन्यास **अनन्त पाइला** २०६८ मा प्रकाशित भएको छ र यसको अध्ययन अनुसन्धान हुने क्रम सुरु हुँदै छ । **सुकरातका पाइला**मा केही शोधपत्रहरू पनि तयार भएको

पाइन्छ भने **अनन्त पाइलामा** अनुसन्धान भएको पाइदैन । पत्रपत्रिकामा लेख रचना, समीक्षा, समालोचना भन्दा धेरै अनुसन्धान हुन बाँकी छ । यी दुई उपन्यासका बारेमा हालसम्म प्राप्त भएका अध्ययन अनुसन्धानलाई कालक्रमिक विवरण यस प्रकार प्रस्तुत गरिएको छ ।

ज्ञानू पाण्डेले **सुकरातका पाइला** (कार्तिक २०६३) उपन्यासको *युद्ध साहित्यको एक उत्कृष्ट नमूना सुकरातका पाइला* शीर्षक मार्फत पचासको दशकमा नेपाल, नेपालीले भोग्नु परेको युद्ध तथा पीडालाई उपन्यासले जस्ताको तस्तै उतारेको मानेकी छिन् । उनले उपन्यासभित्र काल्पनिक उडानको मोह छैन, न त अति रञ्जित घटनाहरूको संयोजनमा नै कुनै रुचि देखाएको छ,यो यथार्थ सत्य हो भनेकी छन् । अनन्त मार्फत जीवनको विसङ्गत पक्ष र सुकरात मार्फत अस्तित्ववादी चिन्तन प्रस्तुत भएको भन्दै उपन्यासभित्र समानान्तर रूपमा रहेका दुईओटा पक्ष पहिलो पक्ष नेपालको वर्तमान धरातलीय यथार्थ र दोस्रो जीवन बारेको दार्शनिक दृष्टिकोण हो भन्दै पहिलो पक्ष देशमा दस वर्षदेखि चलिरहेको सशस्त्र द्वन्द्वको त्रासद कथा हो भने दोस्रो पक्ष त्यस कथाको आयु अनन्त छैन भन्ने आशावादी सन्देशको सञ्चार हो भनेकी छन् ।[१]

दुर्गा प्रसाद भण्डारीले **सुकरातका पाइला** (२०६३) मा *शुभकामना* शीर्षक मार्फत दार्शनिक सुकरातको अलौकिक दीप्तिलाई तोडेर समसामयिक नेपालको शैक्षिक सामाजिक र राजनैतिक पर्यावरण सुहाउँदो परिवेशमा बिम्बको रूपमा प्रस्तुत गर्नुलाई भट्टराईको उत्तरआधुनिक ध्यौना भनेका छन् । उनले के भनेका छन् भने कतिपय सन्दर्भमा परम्परागत कथा सङ्गठनबाट मुक्त हुन गाह्रो मान्ने भट्टराई सुकरात गुरुको अवतरण एक प्रभावशाली बिम्बकै रूपमा भएपनि केही अर्थ र सान्र्दभिकता लिएर आएको हुनाले **सुकरातका पाइला**लाई एक विनिर्माणवादी उपन्यास वा रचनाको निकट राख्न सकिन्छ ।[२]

**गरिमा** (वर्ष २५, अङ्क ४, पूर्णाङ्क २९२,२०६३) मा मोहनराज शर्माले *नौलो औपन्यासिक पाइलो सुकरातका पाइला,* लेखमा **सुकरातका पाइला** एउटा डकुमेन्ट्री उपन्यास हो भन्दै यसको संरचना वृत्तचित्रिय अथवा समाचार चित्रीय उपन्यासका ढाँचामा भएको छ भनेका छन् । डकुमेन्ट्री फिल्म हेर्दा जसरी सरर घटना, वस्तुसत्य अनि प्रसङ्ग र बास्तविक दृश्य सँगसँगै चल्दै र बग्दै जान्छ ठिक त्यही शैलीमा यो उपन्यास संरचित रहेको र उपन्यास पढ्दा प्रत्येक सन्दर्भ र दृश्यलाई मनका आँखाले झल्झली देख्न सकिने भन्दै डकुमेन्ट्री शैलीको सफल प्रयोगगर्दै वृत्तचित्रीय ढङ्गमा सत्यलाई प्रस्तुत गरेको हुनाले उपन्यासका क्षेत्रमा नौल्याइँ हो भनेका छन् ।[३]

---

[१]ज्ञानू पाण्डे, *युद्ध साहित्यको एक उत्कृष्ट नमुना सुकरातका पाइला,* **सुकरातका पाइला** (ले.गोविन्दराज भट्टराई) ओरिएन्टल पब्लिकेशन, काठमाडौँ २०६३ ।

[२]दुर्गा प्रसाद भण्डारी, *शुभकामना,* **सुकरातका पाइला** (ले.गोविन्दराज भट्टराई),ओरिएन्टल पब्लिकेशन, काठमाडौँ २०६३ ।

[३]मोहनराज शर्मा, *नौलो औपान्यासिक पाइलो सुकरातका पाइला,* **गरिमा** (वर्ष २५, अङ्क ४, पूर्णाङ्क २९२),ललितपुर २०६३ ।

**नेपाल साप्ताहिक** (वि.सं. २०६३ माघ, वर्ष ७, अङ्क २५) मा *स्वनिर्णय अर्थात् सुकरातका पाइला* शीर्षक लेखमा रमण घिमिरेले **सुकरातका पाइला** उपन्यासको मुख्य कुरा मानिसले आफ्नो निर्णय आफैँ गर्नु रहेको छ भनेका छन् । उनले अस्तित्ववादको लगाम समाएर मानिसको निर्णय कर्ता ऊ स्वयं हो अरु कोही होइन भन्दै उपन्यासका नायक नायिका र शीर्षकका पात्रलाई समेत यसै विचारका आधारमा भूमिका निर्वाह गराउँदै स्वनिर्णयलाई प्राथमिकतामा राखेको बताएका छन् । अर्को तर्फ उपन्यासकारले आफ्नो अनुभूति अनुभव र दृष्टिकोणका साथै विश्वविद्यालयीय आफ्नो अनुभव शिक्षा क्षेत्रमा भएका बीचलन र विसङ्गतिहरूको यथार्थ चित्रण **सुकरातका पाइला**मा रहेको छ भनेका छन् ।[४]

गोविन्दराज भट्टराईले (२०६८) **अनन्त पाइला** उपन्यासको *अनन्त पाइलामा वलेको आशावादी जीवन दीप हेरेर* शीर्षकको भूमिकामा **अनन्त पाइला** उपन्यासलाई **सुकरातका पाइला** उपन्यासको क्रम लेखन (सिक्वेल) जस्तै मान्दै **सुकरातका पाइला**मा छाएको अन्धकारलाई **अनन्त पाइला**ले मेटाएको ठानेका छन् । औपन्यासिकता भन्दा बायोग्राफीको मात्रा ज्यादा तथा यथार्थतालाई रङ्गाएर, काल्पनिक नवीनता थपेर प्रस्तुत गरिएको **अनन्त पाइला** उपन्यासले जीवन बाँच्नेका लागि हो र यो एक एक आशावादी यात्रातर्फ उन्मुख भएको मानेका छन् । **अनन्त पाइला** भन्नु नै **सुकरातका पाइला**को आदर्शीकरण हो भन्दै लेखक जीवनलाई त्यहाँको जस्तो भयप्रद यथार्थतामा होइन, काल्पनिक तर सुन्दर यथार्थता देख्न चाहेको बताएका छन् ।[५]

जीवा लामिछाने (२०६८) ले **अनन्त पाइला**को *प्रकाशकीय* मार्फत **अनन्त पाइला** उपन्यासलाई विनिर्माण र उत्तरआधुनिक शैलीमा लेखिएको, तथ्य कथामा आधारित अनुभवन्यासको संज्ञा दिएका छन् । सकारात्मक सोचबाट प्रेरित लेखकको आफ्नो अनुभव यसमा पोखिएको उनको बुझाई रहेको छ ।[६]

**चितवन पोष्ट** (वर्ष १४, अङ्क ९३, पूर्णाङ्क ३७९५, २०६८ कार्तिक २६ गते) दैनिकीमा रमेश प्रभातले *चितवन चिनाउने औपन्यासिक कृति* शीर्षकको लेख मार्फत **अनन्त पाइला** उपन्यास मूलतः चितवनको माटो सुवासित भएको कृति हो भन्दै चितवनको पहिचान चितवन महोत्सव, विभिन्न मेला, जात्रा, साहित्यिक कार्यक्रमहरू, साँस्कृतिक झाँकी आदिलाई टिप्दै चितवनमा क्रियाशिल विभिन्न राष्ट्रिय तथा स्थानीय प्रवुद्ध व्यक्तिलाई उपन्यासमा प्रवेश

---

[४]रमण घिमिरे, *स्वनिर्णय अर्थात् सुकरातका पाइला,* **नेपाल साप्ताहिक** (वर्ष ७ अङ्क २५) काठमाडौं २०६३ ।

[५]गोविन्दराज भट्टराई, *अनन्त पाइलामा वलेको आशावादी जीवनदिप हेरेर,* **अनन्त पाइला** (ले.धनराज गिरी) खेमलाल हरिकला प्रतिष्ठान, चितवन, २०६८ ।

[६]जीवा लामिछाने, *प्रकाशकीय,* **अनन्त पाइला** (ले. धनराज गिरी) खेमलाल हरिकला प्रतिष्ठान, चितवन २०६८ ।

गराउँदै विशेषत: पर्यटकीय स्थल सौराहालाई केन्द्रमा राखिएकोले यसलाई चितवन चिनाउने साहित्यको दर्जा दिएका हुन् ।[७]

यसरी विभिन्न लेखक समालोचकका लेख, समालोचनाले के देखाउँछ भने यी दुई कृतिहरूको आ-आफ्नै बेग्ला बेग्लै अस्तित्व हुँदा हुँदै पनि एक अर्कामा अन्तरसम्बन्धित छन् तुलनायोग्य छन् । त्यसैले यहाँ यी दुई कृतिको तुलनात्मक शोधकार्यका लागि छनोट गरिएको हो ।

## १.५. शोधको महत्त्व, औचित्य र उपयोगिता

**सुकरातका पाइला** उपन्यासमा गोविन्दराज भट्टराईले नेपाली समाजको अस्तव्यस्तता, युद्धत्रास, हत्याहिँसा, अराजकताको अवस्थालाई चित्रण गर्दै अस्तित्ववादी दार्शनिक चिन्तनलाई पनि साथ साथै अगाडि बढाउन खोजेका छन् । यही उपन्यासको क्रम लेखन मानिने धनराज गिरीको उपन्यास **अनन्त पाइला**मा उक्त चिन्तनलाई प्रयोग गर्ने प्रयास गरिएको छ । निराशावादले व्याप्त **सुकरातका पाइलाबा**ट आशावादी उपन्यास **अनन्त पाइला**मा आउँदा देखापरेका विभिन्न परिवेश, घटनाक्रम तथा यी दुई कृतिमा देखिने समानता र भिन्नताको छानबिनका लागि यी दुई उपन्यासको तुलनात्मक अध्ययन गर्नु आवश्यक एवं महत्त्वपूर्ण हुने ठानिएको छ । यस किसीमको अध्ययन ज्यादै महत्त्वपूर्ण र उपयोगी पनि भएकोले स्वत: औचित्यपूर्ण रहेको छ ।

## १.६. शोध कार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधकार्य **सुकरातका पाइला** र **अनन्त पाइला** उपन्यासको तुलनात्मक अध्ययनमा सीमित रहने छ । विविध विषयहरूकथावस्तु, पात्र/चरित्र, प्रस्तुती, दर्शनका सम्बन्धमा विविध कोणबाट तुलना गरिने छ । उपन्यास बीचको तुलना गरिने हुनाले लेखकको जीवनी तथा अन्य कृतिको बिस्तृत चर्चा परिचर्चा नगर्नु यस शोधको सीमा मानिने छ ।

## १.७. सामग्री सङ्कलन विधि

सामग्री सङ्कलनका लागि पुस्तकालयीय पद्धतिको अधिक प्रयोग गरी सम्बन्धित विषयमा लेखिएका समालोचनात्मक कृति, पत्रपत्रिकामा छापिएका लेख रचना, विभिन्न पत्रपत्रिकामा गरिएका टिप्पणी, मन्तव्य, विवरणहरू, सभा, गोष्ठी, समारोह, सम्मेलनमा हुने चर्चा परिचर्चालाई सहायक सामग्रीको रूपमा उपयोग गरिएको छ ।

---

[७] रमेश प्रभात, *चितवन चिनाउने औपन्यासिक कृति,* **चितवन पोष्ट** दैनिकि (वर्ष १४, अङ्क ९३, पूर्णाङ्क ३७९५), चितवन २०६८ कार्तिक २६ गते ।

## १.८. शोध विधि

प्रस्तुत शोधपत्रको लागि सङ्कलन गरिने सामग्री वर्गीकरण आगमनात्मक पद्धतिको प्रयोगद्धारा गरिएको छ । पुस्तकालय र अन्य अध्ययन पद्धति अन्तर्गतका विधिबाट सङ्कलन गरिएका सामग्रीलाई तुलनात्मक अध्ययन पद्धति अनुसरण गरी ऐतिहासिक, वर्णनात्मक र विश्लेषणात्मक तथा सैद्धान्तिक तवरले वर्गीकरण गरिएको छ । उक्त विषयमा अध्ययन अनुसन्धान गर्ने क्रममा सम्बन्धित विधाको बारेमा प्रचलित  पूर्विय तथा पाश्चात्य सिद्धान्तहरूको आधार लिएर अध्ययन गरिएको छ ।

## १.९. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठीत र सुव्यवस्थित रूपमा तयार पार्न निम्न लिखित परिच्छेदहरूमा वर्गीकरण गरी आवश्यकता अनुसार तिनलाई पनि विभिन्न शीर्षक र उपशीर्षकमा बाँडिएको छ । प्रस्तुत शोधपत्रको सामान्य ढाँचा निम्नानुसार रहेको छ  :-

### परिच्छेद एक : शोध परिचय

प्रस्तुत गरिएको शोधपत्रको पहिलो मुलखण्डमा विभिन्न शीर्षकहरू विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्यहरू, पूर्वकार्यको विवरण, शोधको महत्त्व र उपयोगीता एवम् औचित्य, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि, शोधविधि र शोधपत्रको रूपरेखा रहेको छ ।

### परिच्छेद दुई : सुकरातका पाइला र अनन्त पाइला उपन्यासका उपन्यासकार र उपन्यासको परिचय

शोधपत्रको द्वितीय खण्डमा **सुकरातका पाइला** उपन्यासका उपन्यासकार गोविन्दराज भट्टराई र **अनन्त पाइला** उपन्यासका उपन्यासकार धनराज गिरीको जन्मस्थान, शिक्षा दीक्षा, साहितियक व्यक्तित्व, सम्मान तथा पुरस्कारको सङ्क्षिप्त रूपमा छुट्टा छुट्टै उल्लेख गर्नुका साथमा दुवै उपन्यासको कथानक, पात्र चरित्र, पर्यावरण, भाषाशैली, संवाद, दृष्टिबिन्दु, जीवनदर्शन, द्वन्द्व तथा बाह्य संरचनाको छुट्टा छुट्टै रूपमा व्याख्या विश्लेषण गरिएको छ ।

## परिच्छेद तीन : विविध कोणबाट सुकरातका पाइला र अनन्त पाइला उपन्यासको तुलनात्मक अध्ययन

शोधपत्रको तेस्रो खण्डमा विविध उपशीर्षकमा रहेर दुई उपन्यासको विविध कोणबाट तुलना–प्रतितुलना गरिएको छ । दुवै उपन्यासको कथानक, पात्र/चरित्र, भाषाशैली, देशकाल परिवेश, द्वन्द्व, संवाद र उद्देश्य शीर्षकमा तुलना गरिएको छ ।

## परिच्छेद चार : औपन्यासिक मान्यतामा सुकरातका पाइला र अनन्त पाइला उपन्यासको तुलना

प्रस्तुत शोधपत्रको चौथो खण्डमा उपन्यासका तत्त्वहरू कथानक, चरित्र, पर्यावरण, जीवनदर्शन, दृष्टिविन्दु, भाषाशैली, प्रतीक बिम्ब आदिको सामान्य परिभाषा सहित यिनै तत्त्वका आधारमा दुवै उपन्यासको सबलता/असबलताको तुलना गरिएको छ । कुन पक्षमा कुन उपन्यास सशक्त छ भन्ने तथ्य यस परिच्छेदमा देखाइएको छ ।

## परिच्छेद पाँच : उपसंहार

उपसंहार खण्डमा दुई उपन्यासको तुलनात्मक अध्ययनको निष्कर्षलाई प्रत्येक अध्यायका आधारमा र अन्त्यमा समग्र निष्कर्ष सहित प्रस्तुत गरिएको छ ।

अन्त्यमा सन्दर्भ-सामग्रीसूची र परिशिष्ट समेत समावेश गरी शोधपत्रको पूर्वभाग, मध्यभाग र अन्त्यभाग सहित साङ्गोपाङ्गो शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

## सुकरातका पाइला र अनन्त पाइला उपन्यासका उपन्यासकार र उपन्यासको परिचय

# परिच्छेद : दुई

# सुकरातका पाइला र अनन्त पाइला उपन्यासका उपन्यासकार र उपन्यासको परिचय

## २.१. पृष्ठभूमि

यस परिच्छेद अन्तर्गत **सुकरातका पाइला** उपन्यासका उपन्यासकार गोविन्दराज भट्टराई र **अनन्त पाइला** उपन्यासका उपन्यासकार धनराज गिरीको सामान्य जीवनी, व्यक्तित्व र कृतित्वको परिचय प्रस्तुत गर्नुका साथै दुवै उपन्यासको तुलनात्मक परिचय दिने सन्दर्भमा यो परिच्छेद तयार गरिएको छ । यसैले यहाँ क्रमशः उपन्यासकार गोविन्दराज भट्टराई र धनराज गिरी र तिनका उपन्यासको परिचय दिइको छ ।

## २.२. उपन्यासकार गोविन्दराज भट्टराईको सङ्क्षिप्त जीवनी

**सुकरातका पाइला** उपन्यासका उपन्यासकार गोविन्दराज भट्टराईले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । यहाँ भट्टराईको जन्मस्थान, शिक्षादीक्षा, सम्मान तथा पुरस्कार र साहित्यिक व्यक्तित्वका बारेमा सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ ।

### २.२.१. जन्मस्थान र बाल्यकाल

गोविन्दराज भट्टराईको जन्म मेची अञ्चल अन्तर्गत पाँचथर जिल्लाको फलैँचा गा.वि.स.मा वि.सं. २०१० चैत्र ४ गतेका दिन भएको थियो । उनका पिता टेकनाथ भट्टराई र माता मन्दोदरा हुन् । भट्टराईको बाल्यकाल जन्मस्थान पाँचथर जिल्लाको फलैँचा, च्याङ्थापु र ताप्लेजुङ जिल्लाको सिकैजा, कावा खोलाका विभिन्न स्थानहरूमा बितेको पाइन्छ ।(शोध नायकसँगको कुराकानीमा आधारित)

### २.२.२. शिक्षादीक्षा

गोविन्दराज भट्टराईले आफ्नै हजुरबा शिवनिधि भट्टराईबाट ६ वर्षको उमेरमा अक्षराम्भ गरेका थिए । आठ वर्षको उमेरमा २०१८ भदौमा उनलाई पिताजीले गढीको हरिमिडल स्कुलमा कक्षा एकमा भर्ना गरिदिएका थिए । कक्षा दुईमा पुगेपछि उनी पढ्नमा तेज निस्किएपछि दुईबाट चार कक्षा चढेपछि पनि फेरि पाँचबाट कक्षा चढेर सातमा पुगेका थिए । सात कक्षासम्मको पढाइ सकेपछि उनी झापाको घैलाडुब्बा हाईस्कुलको कक्षा ८ मा भर्ना भए । २०२६ सालमा १६ वर्षको उमेरमा द्वितीय श्रेणीमा प्रवेशिका तह उत्तीर्ण गरेका थिए । प्रवेशिका उत्तीर्ण गरेपछि भुटान पुगेर दुई वर्ष अध्यापन पेसामा लागेका भट्टराई केही पैसा कमाई अध्ययनका लागि दाजुहरू भएको ठाउँ बनारसमा गएका थिए । भट्टराईले २०२९ सालमा

माध्यमिक शिक्षा परिषद् उत्तरप्रदेशबाट द्वितीय श्रेणीमा आई.ए. उत्तीर्ण गरेको देखिन्छ । २०२९ सालको अन्त्यतिर भट्टराई भारतबाट काठमाडौं आई बि.एड.मा भर्ना भए । अङ्ग्रेजी र अर्थशास्त्र विषय लिएर भट्टराईले २०३१ सालमा द्वितीय श्रेणीमा बि.एड. उत्तीर्ण गरेका थिए । राधिका मा.वि. उर्लाबारी झापामा अध्यापनकै क्रममा रहेका बेलामा भट्टराईले व्यक्तिगत रूपमै त्रि.वि.बाट द्वितीय श्रेणीमा बि.ए. उत्तीर्ण गरेका थिए । २०३५ सालमा कीर्तिपुर फर्की पुनः अध्ययन गर्न थालेका भट्टराईले २०३७ सालमा अङ्ग्रेजी विषयमा एम.एड. र एम.ए. द्वितीय श्रेणीमा सँगसँगै उत्तीर्ण गरेका थिए । २०५१ सालमा त्रि.वि. कीर्तिपुरमा प्राध्यापन गर्ने क्रममा उनलाई त्रि.वि.बाट विद्यावारिधिका लागि छात्रवृत्ति प्राप्त भयो । विद्यावारिधिको शिलशिलामा भट्टराई वि.सं. २०५१ सालमा भारतको हैदरवाद विश्वविद्यालयमा अनुवादको निमित्त खुलेको सेन्टर फर अप्लाइड लिङ्गुइस्टिकस एण्ड ट्रान्सलेसन स्टडिज् नामक विभागबाट पि.एच.डी. गरेका थिए ।(शोध नायकसँगको कुराकानीमा आधारित)

## २.२.३. स्वभाव तथा रुचि

गोविन्दराज भट्टराई अन्तर्मुखी स्वभावका व्यक्ति हुन् । साहित्यको सृजना मार्फत् आफ्ना जीवनका अनुभूतिहरूलाई बाहिर ल्याउँछन् । भट्टराई मृदुभाषी, मिलनसार, दयालु र परोपकारी भावना भएका व्यक्तित्व हुन् । सहयोगी, शिष्ट, मृदुभाषी भट्टराई भद्रता र विनयशीलताका प्रतिमूर्ति मानिन्छन् । गोविन्दराज भट्टराईका रुचिका मुख्य क्षेत्रहरूमा अध्ययन, लेखन, साहित्य, प्राध्यापन र प्रशासन सेवा पर्दछन् । साहित्यिक कृतिहरूको रचना गर्नु तथा देशविदेशका समसामयिक विषयको मूल्याङ्कन गरी विश्लेषण गर्न रुचि राख्ने भट्टराईले गुणात्मक साहित्य रचनालाई जोड दिएको पाइन्छ । समसामयिक विषयलाई साहित्यसँग गाँस्दै निबन्ध रचना गर्न मन पराउने भट्टराई साहित्यले समाज परिवर्तन गर्नुपर्दछ भन्ने मान्यता राख्दछन् । विशेष गरेर पाश्चात्य साहित्यमा देखिएका नयाँ-नयाँ वादहरूलाई नेपाली साहित्यमा प्रवेश गराउन तथा विश्लेषण गर्न उनी बढी अग्रसर देखिन्छन् (शोध नायकसँगको कुराकानीमा आधारित) ।

## २.२.४. साहित्यिक व्यक्तित्व

गोविन्दराज भट्टराईले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । उपन्यास, निबन्ध, कथा, कविता, समालोचना, अनुवाद, सम्पादनका क्षेत्रमा भट्टराई समेटिन पुग्दछन् । गोविन्दराज भट्टराईको पहिलो उपन्यास **मुगलान** (२०३१) हो । उनले **मणिपुरको चिठी** (२०३४) र **सुकरातका पाइला** (२०६३) उपन्यास रचना गरेका छन् । निबन्धका क्षेत्रमा पनि भट्टराईको महत्त्वपूर्ण योगदान छ । उनको पत्रिकामा प्रकाशित पहिलो निबन्ध **हाय गरिबी** (उषा, ७/२/२०३२) हो । भट्टराईका निबन्ध सङ्ग्रहहरूमा **एक्लै, एक्लै, एक्लै** (२०६०), **विश्वविद्यालयमा अग्निपूजा** (२०६१), **सङ्गै बसौं यो रात**, **गोधूलिमा दसपाइला** (२०६६), **सुकरातको डायरी** (२०६९) **मिर्मिरेमा दशपाइला** (२०७०) प्रकाशित गरेका छन् । त्यस्तै गरी कथातर्फ **'तीनधार'** सयुक्त कथासङ्ग्रह (२०३५ सहलेखन, तुलसी भट्टराई, योगेन्द्र तिमिल्सना) प्रकाशित भएको देखिन्छ । कविता विधामा उनका पाँचवटा मात्र प्रकाशित कविता **मेरो**

**एन.जि.ओ. र मेरो देश,** (सञ्चार २०३५), **तिमीलाई पर्खिरहेँ** (श्रीपेच ०१/०१/२०३६), **आधुनिक शिष्यको गुरुलाई अर्ति** (रकेट ७/४/२०४४), **आऊ प्रिये तिमी हामी मुर्चल बनौं** (रकेट ९/५/२०४६) र **एक प्रेमपत्र धरानलाई** (रकेट ९/६/२०४९) रहेका छन् । भट्टराईका केही समालोचनात्मक कृतिहरू पनि प्रकाशित भएका छन् । **काव्यिक आन्दोलनको परिचय** (वि.सं. २०४९), **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** (वि.सं. २०६१), **पश्चिमी बलैंसीका बाछिटा** (वि.सं. २०६१), **उत्तरआधुनिक ऐना** (वि.सं. २०६२) र **उत्तरआधुनिक विमर्श** (२०६४), **समयाबोध र उत्तरआधुनिकता** (२०६९) जस्ता महत्त्वपूर्ण समालोचनात्मक कृतिहरू रहेका छन् । भट्टराई अनुवाद साहित्यमा पनि अगाडि रहेका छन् उनका अनुवाद सम्बन्धी कृतिहरू **विदेशी बगैंचाका चार थुङ्गा फूल** (२०५१-०५६), **विदेशी बगैंचाका पाँच थुङ्गा फूल** (२०५१-०५६), **विदेशी बगैंचाका छ थुङ्गा फूल** (२०५१-०५६), **एन् इन्ट्रोडक्सन टु ट्रान्सलेसन स्टडिज** (२०५७), **सेलेक्टेड नेपाली एसेज** (२०६०), **सेलेक्टेड स्टोरिज फ्रम नेपाल** (२०६१), **नेप्लिज् लिटरेचर** (२०६२), **बियोन्ड द फ्रन्टियर्स : विभिन्न स्टोरिज फ्रम नेपाल** (२०६३), **स्टोरिज अफ कन्फ्लिक्ट एण्ड वार** (२०६४), **गान्धि** (२०६८), **पूर्विय सभ्यता** (२०७०), **कन्टेम्प्रोररी नेपाली पोइट्री** (२०७१) प्रकाशित भएका छन् । **'आस'** गरिमा (२२/११/२०६१) र **माथिका खुट्टा तान्ने प्रवृत्ति**, **देवकोटा स्मारक,** (२०६१) जस्ता पत्रपत्रिकामा प्रकाशित अनुवाद सम्बन्धी लेखहरू प्रशस्त छन् । त्यसै गरी सम्पादकको रूपमा भट्टराई सर्वप्रथम दमकमा अध्यापन गराउँदा राधिका मा.वि. उर्लाबारीबाट विद्यालयको वार्षिक मुखपत्रको रूपमा प्रकाशित **कोसेली** (२०३२) नामक पत्रिकाको दुई अङ्क सम्पादन गरेका थिए । त्यसपछि उनले दमकको हिमालय मा.वि.मा अध्यापन गराउँदा हिमाल (२०३४/२०३५) नामक पत्रिकाका एक दुई अङ्क र २०३६ सालमा पञ्चायत पुस्तकालय दमकको साहित्यिक प्रकाशन **नागबेली** नामक पत्रिकाको प्रथम अङ्क सम्पादन गरेको देखिन्छ । प्राध्यापक सङ्घ एकाई धनकुटा क्याम्पसको चिन्तनधारा पत्रिकाको अङ्क १, २ र ३ सम्पादक मण्डलीमा रहेर काम गरेका थिए । **जर्नल अफ नेल्टा**को ५ देखि १० अङ्कसम्मको प्रधान सम्पादक, भाषा विज्ञान समाज नेपालको नेप्लिज लिङ्गुइस्टिक वार्षिक प्रकाशनको अङ्क १७ देखि ३५ सम्मको सम्पादन मण्डलमा रहेर भट्टराईले कार्य गरेको देखिन्छ । गोविन्दराज भट्टराईले खगेन्द्रप्रसाद लुइटेलसँगको सह-सम्पादनमा **डा.बल्लभमणि दाहालका भाषिक चिन्तन** (२०६१) र **डा. बल्लभमणि दाहालका रचनाहरू** (२०६३) नामक दुई कृतिहरू प्रकाशन गराएका छन् । त्यस्तै **युद्ध र द्वन्द्वका कथा** (२०६३) को सम्पादन विष्णुविभु घिमिरेको सह सम्पादनमा गरेका हुन् । भट्टराईले **नेप्लिज लिटरेचर** (सम्पादक), **वियोन्ड द फ्रन्टियर्स : विभिन्न स्टोरिज फ्रम नेपाल** (अतिथि सम्पादक), **स्टोरिज अफ कन्फ्लक्ट एन्डवार** (सम्पादक), आरम्भ अघिका शब्दहरू (सम्पादक) जस्ता कृतिहरूको सम्पादन गरेका छन् ।

## २.२.५. सम्मान तथा पुरस्कार

गोविन्दराज भट्टराई विभिन्न समयमा सम्मान, पुरस्कार र पदकबाट पनि सम्मानित भएका छन् । उनले कृतिगत सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय नेपाली साहित्य पुरस्कार (सन् २००७ अमेरिका), महाकवि देवकोटा व्याख्यान पुरस्कार (२०६३ कलैया, बारा), रामराज पन्त स्मृति सम्मान पुरस्कार (२०६४ काठमाडौं), प्रथम जयपृथ्वी इभान मिनाएम स्रष्टा सम्मान तथा

पुरस्कार (सन् २००९ मस्को), डायास्पोरा खेमलाल हरिकला लामिछाने पुरस्कार (सन् २००९ न्यूयोर्क), कृष्ण भूषण वल सम्मान पुरस्कार (२०७०) प्राप्त गरेका छन् ।

## २.३. उपन्यासकार धनराज गिरीको सङ्क्षिप्त जीवनी

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने साहित्यकार धनराज गिरीको **अनन्त पाइला** पहिलो उपन्यास हो । नेपाली साहित्यको गद्य तथा पद्य दुवै विधामा कलम चलाएका साहित्यकार धनराज गिरीको सङ्क्षिप्त परिचय यहाँ उल्लेख गरिएको छ ।

### २.३.१. जन्मस्थान र बाल्यकाल

धनराज गिरीको जन्म वि.सं. २०१५ साल भाद्र ९ गते सोमबार बिहान नारायणी अञ्चल, मकवानपुर जिल्लाको हटिया गा.वि.स.को दाबिलेमा भएको हो । उनको ९ वर्षसम्म बाल्यकाल पहाडी वातावरणमा बितेको छ भने बाँकी तराईमा बितेको पाइन्छ । ९ वर्षको उमेरमा २०२४ साल फागुन २४ गते मकवानपुरबाट बसाई सराई गरी चितवनमा आएका थिए । उनको पिताको नाम परशुराम गिरी र माताको नाम महाँमायादेवी गिरी हो । उनी पिता पट्टिका जेठा छोरा र मातापट्टिका कान्छा छोरा हुन् । हाल उनका दुई छोरी र एक छोरा छन् । (शोध नायकसँगको कुराकानीमा आधारित)

### २.३.२. शिक्षादीक्षा

धनराज गिरीले सुरुमा आफ्नै पिताबाट शिक्षा आरम्भ गरेका हुन् कक्षा २ सम्म मकवानपुरमा नै अध्ययन गरेका गिरीले वि.सं. २०२५ सालमा (अनिवार्य निशुल्क प्राथमिक शिक्षालय) रा.प्रा.वि. बछौलीमा तीन कक्षामा भर्ना भए पनि पछि वि.सं. २०२७ साल पौष १९ गते नेपाल हाईस्कुल रत्ननगर (हाल नेपाल उच्च मा.वि. रत्ननगर) मा कक्षा ६ मा भर्ना भई कक्षा ८ को जिल्ला स्तरीय परीक्षामा स्कुल प्रथम गरेका थिए । वि.सं. २०३२ सालको एस.एल.सी. टेस्टमा चितवन जिल्लाको बोर्ड सेकेन्ड भई एस.एल.सी. उत्तीर्ण भएपछि वि.सं. २०३३ सालमा वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा आइ.ए. तहको प्रवेश परीक्षामा पनि उनी प्रथम भएका थिए । कमजोर आर्थिक अवस्थाका कारण वि.सं. २०३४ साल जेठ ९ गते बाट प्राधानाध्यापक भई सर्वप्रिय प्राथमिक विद्यालय मौलाथर रुचाङ, नवलपरासीमा गिरीले पढाउन सुरु गरेका गिरीले वि.सं. २०३६ साल फागुन १३ गतेदेखि झुवानी मा.वि. झुवानीमा गणित शिक्षकको रूपमा पढाउन सुरु गरेका थिए । वि.सं. २०३७ सालमा आइ.ए. प्राइभेट परीक्षार्थीको रूपमा उत्तीर्ण गरेपछि उनले वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरबाट वि.सं. २०४३ सालमा बि.ए. र २०५० सालमा अर्थशास्त्रमा एम.ए. उत्तीर्ण गरेका छन् । वि.सं. २०५१ सालमा सहिद स्मृति बहुमुखी क्याम्पस रत्ननगरबाट एक वर्षे बि.एड् पनि उत्तीर्ण गरेका गिरीले २०४८ साल फागुन १३ बाट टाँडी क्याम्पसमा प्राध्यापन पेसामा प्रवेश गरेका हुन् । वि.सं. २०४९ साल माघ १८ गतेबाट ने.मा.वि. रत्ननगरमा मा.वि. तहमा सरुवा भएका गिरीले वि.सं. २०५५

साल भाद्र दुई गते मा.वि. तहबाट राजिनामा दिएर क्याम्पसतर्फ मात्र प्राध्यापन गरिरहेका छन् । हाल उनी सहिद स्मृति बहुमुखी क्याम्पस टाँडीमा प्राध्यापनरत रहेका छन् । (शोध नायकसँगको कुराकानीमा आधारित)

## २.३.३. स्वभाव तथा रुचि

धनराज गिरी मृदुभाषी, मिलनसार, दयालु र परोपकारी भावना भएका व्यक्तित्व हुन् । साहित्यमा उनको विशेष रुचि रहेको छ । यसको साथै अध्ययन अध्यापनमा पनि गिरीको रुचि रहेको पाइन्छ । गिरीका सहकर्मी प्राध्यापक दिवाकर अर्याल र नुरनाथ सुवेदीका अनुसार गिरी स्पष्ट व्यक्ता, सहयोगी रहेको बताउँछन् । गिरी भ्रमणमा पनि रुचि राख्दछन् । अध्यापनमा भन्दा साहित्यममा बढी जोड दिने गिरीले गीत गुनगुनाई रहने तथा सङ्गीतमा पनि विशेष रुचि राख्दछन् । साधारण जीवन शैलीमा विश्वास गर्ने गिरी गोरस प्रेमी रहेको बताएका छन् । त्यसै गरी समाज सेवा र परोपकारी मन भएका गिरीले २०४० साल देखि हरेक वर्ष एक जना गरिबको वच्चालाई पढाउँदै आएको बताउँछन । नाटक बाहेक साहित्यका सबै विधामा कलम चलाएका गिरीले साहित्य मार्फत पनि आफ्ना मनका भावनाहरू व्यक्त गरेका छन् । सकारात्मक सोच, कर्मयोगमा विश्वास गर्ने, सहअस्तित्व, सहयात्रामा विश्वास, मानव कल्याण, आदि उनका आर्दश तथा मान्यता रहेका छन् । (शोध नायकसँग तथा सहकर्मीसँगको कुराकानीमा आधारित)

## २.३.४. साहित्यिक व्यक्तित्व

वि.सं. २०२७ सालदेखि नै सिर्जनामा लागेका गिरीको २०४८ सालमा मात्र **'मेरो हाकिम'** कविता प्रकाशित भएको पाइन्छ । गिरीले वि.सं. २०५४ सालबाट हालसम्म चितवन पोष्ट राष्ट्रिय दैनिकमा **'तेस्रोनेत्र'** स्तम्भको स्तम्भकारको रूपमा कार्य गरेका छन् । उनले पारदर्शी, आदर्श समाज, वर्गीकृत आदि स्थानीय पत्रिकाहरूमा पनि फाटफुट स्तम्भकार, नारायणी टूडे राष्ट्रिय मासिकमा नियमित स्तम्भकार रही कथा, व्यङ्ग्य, निबन्ध, गजल, कविता, उपन्यास आदिमा कलम चलाएको पाइन्छ । गिरीका हालसम्म **राष्ट्रै टुहुरो भयो**, कवितासङ्ग्रह (२०५४), **अर्थात्** मुक्तकसङ्ग्रह (२०५२), **गजलामृत** (गजलसङ्ग्रह, २०६०), **गोजिको गजल र हाईकु** (मिश्रित, २०६०), **कुन्साङ काका** (नानी गजलसङ्ग्रह, २०६२), **पुष्पलता : सामाजिक शान दैवी वरदान** (गीतिकाव्य, २०६२), **ढल्दैन स्वाभिमान कसै गरे पनि** (गजलसङ्ग्रह, २०६४), **अनन्त पाइला** (उपन्यास, २०६८), **सङ्गी** (गजलसङ्ग्रह, २०७०) प्रकाशित भएका छन् ।

यसै गरी धनराज गिरीले साहित्यको श्रीवृद्धिका लागि खोलिएका विभिन्न साहित्यसँग सम्बन्धित संस्थाहरूमा पनि विभिन्न समयमा सङ्लग्न भई कार्य गर्दै आएका छन् । उनी आबद्ध भएका संस्थाहरूमा चितवन साहित्य परिषद् (उपाध्यक्ष- २०६३), वाल्मिकी साहित्य सदन (उपाध्यक्ष- २०६२), हाम्रो मझेरी प्रतिष्ठान (सल्लाहकार- २०६४), गजलमञ्च चितवन

(सल्लाहकार- २०६२), नेपाल लेखक सङ्घ (सचिव- २०६४), आजीवन सम्मानित सदस्य, सिस्नु पानी समाज नेपाल रहेका छन् । (शोधनायकसँगको कुराकानीमा आधारित)

### २.३.५. सम्मान तथा पुरस्कार

नेपाली साहित्य क्षेत्रमा निरन्तर साधनारत धनराज गिरीको साधना र सेवाले बेलामौकामा उचित कदर पाएको देखिन्छ । बाल्यकालदेखि नै कविता कोरेर विद्यालयका साहित्यिक कार्यक्रमहरूमा भाग लिने गरेका गिरीले जिल्ला, अञ्चल, राष्ट्रिय स्तरसम्मका पदक तथा पुरस्कारबाट सम्मानित भएका छन् । उनले प्राप्त गरेका सम्मानहरूमा जिल्ला शिक्षा समिति चितवनद्वारा पुरस्कृत (२०४७), ने.मा.वि. रत्ननगरद्वारा पुरस्कृत (२०५२), चितवन साहित्य परिषद्द्वारा आयोजित कविता प्रतियोगिता प्रथम (२०५५), राष्ट्रिय गजल प्रतियोगितामा द्वितीय (२०६१), नारायणी टूडेद्वारा अभिनन्दित (२०६१), वाल्मीकि साहित्य सदनद्वारा अभिनन्दित (२०६२), शान्ति राजदूतको उपाधिद्वारा सम्मानित वर्ल्ड पिस फेडेरेशन (२०६२), हाम्रो मझेरी प्रतिष्ठानद्वारा अभिनन्दित (२०६३), नेपाल उच्च मा.वि.द्वारा सम्मानित (२०६३), गैंडाकोट नमुना आदर्श उ.मा.वि. नवलपरासीद्वारा सम्मानित (२०६३), कालिका एफ.एम.द्वारा सम्मानित एवम् पुरस्कृत (२०६३), तन्नेरी द्वैमासिक पत्रिका काठमाडौँद्वारा सम्मानित (२०६३), मातृभूमि साहित्य समाज, हेटौडाद्वारा सम्मानित (२०६४), लक्ष्मी स्मृति साहित्य समाज तथा नयाँ मौसम पत्रपत्रिकाद्वारा सम्मानित (२०६४), भद्र कुमारी घले सेवा समितिबाट २०६९ मा सम्मानित, गजलमा चितवन-मकवानपुरबाट सम्मानित (२०७०) आदि रहेका छन् । (शोधनायकसँगको कुराकानीमा आधारित)

## २.४. सुकरातका पाइला उपन्यासको परिचय

सुकरातका पाइला गोविन्दराज भट्टराईद्वारा रचना गरिएको उपन्यास हो । यस उपन्यासको परिचय दिनका निमित्त यहाँ पृष्ठभूमिका साथमा उपन्यासको कथानक, पात्र चरित्र, पर्यावरण, जीवनदर्शन, दृष्टिबिन्दु, संवाद, भाषाशैली, द्वन्द्व र बाह्य संरचना आदि शीर्षकमा उपन्यासको छुट्टा छुट्टै व्याख्या विश्लेषण गरिएको छ ।

### २.४.१. पृष्ठभूमि

उपन्यासकार गोविन्दराज भट्टराईको तेस्रो उपन्यासका रूपमा **सुकरातका पाइला** उपन्यास आउँछ । वि.सं. २०३१ सालमा **मुगलान** र वि.सं. २०३४ सालमा **मणिपुरको चिठ्ठी** प्रकाशित गरेका भट्टराईले प्रस्तुत उपन्यास **सुकरातका पाइला** २०६३ सालमा प्रकाशन गरेका हुन् । भट्टराईको यो उपन्यास युद्ध साहित्यमा आधारित रहेको छ । नेपालमा दसवर्षसम्म चलेको जनयुद्ध तथा त्यसबाट समाजमा परेको प्रभावलाई यस उपन्यासले यथार्थ रूपमा प्रस्तुत गरेको छ । नविन शैली, उत्तरआधुनिक पद्धतिद्वारा रचना गरिएको यस उपन्यासभित्र युद्धको डरलाग्दो

परिस्थितिलाई देखाउन खोजिएको छ । नेपाली साहित्यमा युद्ध साहित्य लेखनको दृष्टिले यो दोस्रो उपन्यास हो । उपन्यासकार स्वयम्को अवधारणा अनुसार नारायण वाग्लेद्वारा लिखित **'पल्पसा क्याफे'** युद्ध लेखनको प्रथम उपन्यास हो भने दोस्रो युद्ध उपन्यास **सुकरातका पाइला** हो । यसमा युद्धका साथसाथै सामाजिक विकृति, विसङ्गति तथा ठगी प्रवृत्तिको पनि यथार्थ रूप देख्न सकिन्छ ।

## २.४.२. सुकरातका पाइला उपन्यासको कथानक

**सुकरातका पाइला** उपन्यासमा देशको जर्जर अवस्था र त्यसले पारेको असरका बारेमा वर्णन गरिएको छ । नेपालमा भएको १० वर्षे युद्धको प्रभाव स्वरूप नेपाली समाजले भोग्नु परेको पीडा, अस्थिर राजनीतिको मौका छोपी गलत तत्त्वले फाइदा उठाएको परिवेश, हत्या, हिंसा, आतङ्कको दर्दनाक अवस्था, सामाजिक, राजनीतिक, शैक्षिक क्षेत्रका विकृतिलाई उपन्यासमा सिलसिलेवर रूपमा प्रस्तुत गर्न अनन्तलाई प्रतिनिधि पात्रका रूपमा उभ्याइएको छ । उसका माध्यमद्वारा द्वन्द्वकालीन अवस्थामा शिक्षित बेरोजगार नेपाली युवाले भोगेको यथार्थ भोगाईलाई देखाइएको छ । यहाँ अनन्तको गाउँदेखि काठमाडौँ आएर भोग्नुपरेका अनेक पीडालाई समेटिएको छ । यहाँ अनन्तको करिब आठ वर्षको जीवन सङ्घर्षको चर्चा गरिएको छ । मुख्य रूपमा देशमा चलिरहेको युद्धलाई र शिक्षा क्षेत्रमा भएका विभिन्न विकृति विसङ्गति तथा राजनीतिक अस्थिरताको परिणामस्वरूप भएका घटनाहरूलाई प्रस्तुत गरिएको छ । बि.ए. पास गरी सकेपछि उच्च शिक्षाको अध्ययनका लागि एक गाउँबाट शहर पसेको मूल पात्र अनन्तको काठमाडौँ प्रवेश सँगै उपन्यासको कथानकले गति लिन्छ । काठमाडौँमा उसले भोग्नु परेका पीडा तथा ऊ सम्मलित हुन पुगेका विभिन्न घटनाक्रम सँगै कथानकको विकास हुन्छ । उसको काठमाडौँको बसाई र उक्त बसाईका क्रममा भोग्नु परेका विभिन्न घटनाहरू सँगसँगै अन्त्यमा उसले लिएको आत्महत्याको बाटोसम्म यो उपन्यासको मूल कथानक रहेको छ भने शिक्षामा भएको राजनीतिकरण तथा त्यसले उत्पन्न गरेको विकृत अवस्था तथा युद्धको समयमा अन्य जस्तै म्यानपावर कम्पनीका ठगी, हत्या हिंसा आतङ्क आदि घटनालाई विभिन्न उपकथानकको रूपमा जोडिएको छ । यो समय जनयुद्ध सुरु भएको डेढ दुई वर्षदेखि द्वन्द्व चरम अवस्थामा पुग्दासम्म अथवा द्वन्द्व अन्त्य हुने बेलासम्मको अवधिसँग मिल्दो छ । अनन्तका साथै पूर्णिमा, चित्राखर र भक्तमान द्वन्द्वकालीन नेपालका अन्य प्रतिनिधि पात्रहरू हुन् । अन्य पात्र पात्रका बीच घटेका घटनाहरूको समन्वयबाट उपन्यास पूर्ण भएको छ ।

## २.४.३ . सुकरातका पाइला उपन्यासमा पात्र/चरित्र

**सुकरातका पाइला** उपन्यासमा मुख्य, सहायक र गौण गरी तीन प्रकारका पात्रहरू भेटिन्छन् । यस उपन्यासमा विनिर्माणवादी शैली अपनाएर विभिन्न चरित्रहरूको निर्माण

गरिएको छ ।[1] खासगरी अनन्त र सुकरातको भूमिकामा उपन्यासको सेरोफेरो घुमेको छ । अनन्त उपन्यासको नायक हो भने सुकरात सहनायकका रूपमा उभिएको छ । तुलनात्मक रूपमा पुरुष पात्रहरूको प्रमुख भूमिका रहेको यस उपन्यासमा नारी पात्र पूर्णिमा नायिकाको भूमिकामा प्रस्तुत छे, तर उसको उपन्यासमा प्रत्यक्ष उपस्थिति भने कतै देखिँदैन । उपन्यासको आरम्भदेखि अन्त्यसम्म अनन्तको भूमिका प्रमुख देखिन्छ । उपन्यासको कथावस्तु केही अघि बढेपछि सुकरातको भूमिका अगाडि बढ्छ । उपन्यासमा सह-नायकको भूमिका खेलेको सुकरातको विनिर्माण पद्धति अनुसार चरित्र निर्माण गरिएको छ । गोपी, विक्रम र नीलिमा यस उपन्यासका सहायक पात्रहरू हुन् भने रणसङ्ग्राम, निशा, चित्राखर, भक्तमान, डेभिड, सोफिया, तृष्णा, विभागीय प्रमुख, प्रहरी, आन्दोलनकारी, म्यानपावरको हाकिम, कीर्तिपुरका विद्यार्थीहरू आदि उपन्यासका गौण पात्रहरू हुन् । यी सबै पात्रहरूको घटनाक्रमले उपन्यास अगाडि बढेको छ । यस उपन्यासमा मुख्य भूमिकामा रहेका पात्रहरूको परिचय यस प्रकार रहेको छ :

## २.४.३.१. अनन्त

अनन्त यस उपन्यासको प्रमुख पात्र हो । उपन्यासको नायक पनि अनन्त नै हो । उपन्यासकार भट्टराईले उत्तरआधुनिकवादी पद्धति अपनाएर अनन्तको चरित्र चित्रण गरेका छन् ।[2] अनन्त नेपालको पूर्वी पहाडी गाउँको सोझो र इमान्दार गाउँले युवक हो । गाउँमै बि.ए. सम्मको अध्ययन सिध्याएको अनन्तले काठमाडौँ पुगी उच्च शिक्षाको अध्ययन साथै जागिर गर्ने सुनौलो सपना बुन्दै काठमाडौँ प्रस्थान गर्छ । काठमाडौँ उसले सोचेजस्तो सजिलो छैन । ऊ निकै ढिलो गरी एम.ए.को भर्नाको लागि लागिपर्छ तर पनि सफल बन्न सक्दैन । शिक्षामा असफल, भनेजस्तो जागिरको व्यवस्था नहुनु, आदिले गर्दा विदेशतिर लाग्ने योजना बुन्दछ । काठमाडौँको महङ्गीले गर्दा उसलाई जीवन धान्न साह्रै कठिन हुन्छ । ऊ सडकमा, फुटपाथमा पनि काम गर्दछ तर सफल हुन सकेको हुँदैन । अनन्तले सबैतिरबाट असफल भएको स्वीकारोक्ति यसरी गरेको छ :-

> “एम.ए. मा धेरैपल्ट फेल भएपछि रत्नपार्कतिर फुटपाथमा म व्यापारी भएँ । म आकाशे पुलमाथि बोरा ओछ्याएर बसेँ, भोटाहिटीको पेटीमा बसेँ र त्यहाँ मोजा, कट्टु, टोपी र काइँयो बेच्दै हिडेँ । ठमेलतिरको होटलमा अनेक काम गरेँ । त्यसबेला पनि म निराश थिइन । पूर्णिमाको चिठीपत्र हराएदेखि, मेरो प्रमाणपत्रले मलाई पाल्दैन भन्ने सन्देह बढेपछि, महिना धान्न असमर्थ भएपछि, मेरा सपना टुक्रिन थाले । मैले धेरै गर्छु भनेर प्रतिज्ञा गर्दै घर छोडेको थिएँ । आज मै असहाय भै चौबाटोमा उभिएको छु”(**सुकरातका पाइला** : पृष्ठ ९३)

अनन्तको यस अभिव्यक्तिबाट ऊ एक असफल पात्र हो भन्ने कुरा प्रस्ट हुन्छ ।

---

[1] चन्द्रबहादुर खत्री क्षेत्री, **सुकरातका पाइला उपन्यासको कृतिपरक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६७) पृष्ठ ५३ ।

[2] पूर्ववत्, पृष्ठ ५५ ।

अनन्त एक अन्योलग्रस्त जीवन बिताउन विवश युवक हो । शिक्षा तथा सामाजिक जीवनमा असफल अनन्त प्रेममा पनि एक असफल प्रेमी बन्न पुगेको छ । उसले पूर्णिमालाई मन पराउँछ तर आफ्नो बनाउन सक्दैन । आफै अन्योल जीवन गुजारिरहेको अनन्तले पूर्णिमालाई आफ्नो बनाउने दिन कुर्नु बाहेक अर्को कुनै विशेष निर्णय लिन सक्दैन । फलस्वरूप आफ्नो शिक्षामा असफल भई तथा समाजमा बढ्दै गइरहेको युद्धको प्रभावले गर्दा पूर्णिमा पनि युद्धमा नै सरिक हुन्छे । अन्त्यमा मृत्युमा प्राप्त भएको खबरले अनन्त विक्षिप्त बन्न पुग्दछ । एकातर्फ अन्योलग्रस्त जीवन त्यसमाथि म्यानपावरले ठगेको कहानी र आफ्नी प्रेमिकाको मृत्युले गर्दा अनन्त जीवनलाई शुन्य देख्दै आत्महत्याको मनस्थितिमा पुग्दछ । समालोचक मोहनराज शर्मोले ऊ एउटा परिचय हराएको पात्र हो भनेर अनन्तको यसरी विश्लेषण गरेका छन्-

"ऊ उत्तरआधुनिक विश्वका मानिसझैँ अर्निणय र अनिश्चिततामा बाँचेको छ । फलस्वरूप यो पात्र अपरिचयले ग्रस्त छ । अपरिचय पनि उत्तरआधुनिक मानिसकै एउटा लक्षण हो । अनन्त के हो ? ऊ सोझो खालको एउटा विद्यार्थी हो कि ? अथवा निरन्तर रत्नपार्कतिर कुदिरहने एउटा आन्दोलनकारी हो ? व्यापार गरेर जीविका चलाउन खोज्ने हुँदा ऊ फुटपाथे व्यापारी हो कि ? साथै ऊ कामको लागि विदेश पनि जान चाहन्छ । अनि ऊ प्रेमी पनि हो र आत्महत्यातिर उन्मुख चरित्र पनि हो । अनन्त ऊ के हो त ? यी मध्ये ऊ के हो र उसको वास्तविक परिचय कुन हो भन्ने कुराचाहिँ अनिर्णित छ । यसरी अनन्तको वास्तविक परिचय हराएको छ र ऊ उत्तरआधुनिक मानवीय अपरिचयको समस्या 'म को हुँ' भन्ने कुराले ग्रस्त छ । अपरिचयग्रस्त युवकको रूपमा अनन्तको चरित्रचित्रण ज्यादै सशक्त ढङ्गमा गरिएको छ ।[३]

यसरी यस उपन्यासमा अनन्तले निम्नवर्गीय युवकको प्रतिनिधित्व गरी शिक्षित तर बेरोजगार युवाको भूमिकामा देखिएको छ । शिक्षामा असफल, रोजगारीमा असफल, प्रेममा असफल हुँदै जीवनमा नै असफल पात्रको प्रतिनिधि पात्र अनन्त भएको छ । राष्ट्रव्यापी फैलिएको गृहयुद्ध तथा त्यसबाट उत्पन्न बिकराल स्थितिको सामना गर्न नसक्ने स्थितिमा पुगेको अनन्तमा अन्त्यमा मानसिक बीचलन आउँदा आत्महत्या गरेर जीवन समाप्त पार्ने सोचतिर लाग्दछ । समग्रमा अनन्तलाई पलायनवादी चरित्रमा हेर्न सकिन्छ ।

## २.४.३.२. सुकरात

सुकरात यस उपन्यासको अर्को महत्त्वपूर्ण पात्र हो । त्रि.वि.मा प्राध्यापन पेसामा समर्पित सुकरातको उमेर ढल्कदै छ । उसले यथार्थलाई दार्शनिक आँखाले हेर्दछ । मोहनराज शर्माका अनुसार प्रस्तुत उपन्यासमा सुकरात नामको पात्रको चरित्र चित्रण विनिर्माण पद्धतिबाट गरिएको छ र उसलाई कथानकको बलियो स्तम्भका रूपमा उभ्याइएको छ । उपन्यासको सुकरात केही अंशमा मूल सुकरात हो, किनभने ऊ मूल सुकरातझैँ यथार्थलाई दार्शनिक आँखाले हेर्छ । मूल सुकरातझैँ उसको पनि प्रज्ञाप्रति अत्यन्तै गहिरो निष्ठा छ । यो सुकरात पनि आफ्ना

---

[३] मोहनराज शर्मा, *नौलो औपान्यासिक पाइलो सुकरातका पाइला,* **गरिमा** (वर्ष २५, अङ्क ४, पूर्णाङ्क २९२), ललितपुर २०६३ ।

शिष्यहरूलाई उही सुकरातजस्तै सहयोग र स्नेह गर्छ । तिनको मार्गदर्शन तथा संरक्षणका निम्ति अभिभावकत्व गर्छ र तिनलाई सत्यको उपदेश दिएर सत् एवम् उचित बाटोतर्फ डोऱ्याउँछ ।

सुकरात मानिसले आफ्नो निर्णय आफै गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । सुकरात उपन्यासकारको मुख्य पात्र हो । उपन्यासकार भट्टराईले आफ्नो प्राज्ञिक क्षमता सुकरात मार्फत व्यक्त गरेका छन् । ऊ दयालु छ । विशेषगरी आफ्ना शिष्यहरूलाई माया गर्छ । ऊ सार्त्रको भक्त हो । उसले वर्तमान अव्यवस्थाप्रति विरोध जनाएको छ । ऊ वास्तवमै सुकरात बन्न खोज्दछ तर परिस्थितिले उसलाई अल्झाइरहेको छ । ऊ बुढेसकालसम्म विहा गरेको छैन । तर विहा गर्ने मन उसमा छ । उसमा यौन कुण्ठा पनि छ । फलस्वरूप विभिन्न छात्राहरूका बोली क्यासेटमा भरेर सुन्ने, एकान्तमा भेट्ने गर्दछ । यौन आसक्तिका कारण बुढेसकालमा निलिमासँग विवाह गर्छ । विवाहले सुकरातको स्वतन्त्रता माथि आघात पारेको उसले पछि महसुस गरेको छ । उसको समग्र जीवन त्यति व्यवस्थित देखिदैन । केही कुरा दार्शनिक सुकरातसँग मिले पनि उपन्यासको सुकरातको परिस्थिति अलि भिन्दै छ । विनिर्माण गरेर सुकरातलाई उपन्यासमा उभ्याइएको छ । यस बारेमा मोहनराज शर्मा भन्छन्-
"विनिर्माण कहाँ भएको छ भने यो सुकरात सार्त्रको भक्त र कट्टर अस्तित्ववादीका रूपमा देखिएको छ । मूल सुकरातले सार्त्रलाई देखेकै थिएन, किनभने उनीभन्दा धेरै पछि मात्र सार्त्र जन्मिए । सार्त्रको परमभक्त यो सुकरातचाहिँ अस्तित्ववादीका रूपमा विनिर्माण भएको छ । सार्त्र बाहेक ऊ फ्रायड, आइन्सटाइन र नित्सेजस्ता मूल सुकरातले देख्दै नदेखेका व्यक्तित्वहरूबाट पनि प्रभावित छ र उसको आचरण व्यवहार पनि तदनुकूल रहेको छ । यो सुकरात धेरै उमेरसम्म अविवाहित रहेको छ तर ऊ सुकरातको बेलैमा विहे भई छोराछोरी समेत जन्मेका थिए । यो सुकरात आतङ्ककारीलाई चन्दा दिन वाध्य छ तर त्यो सुकरात त्यस्तो थिएन । त्रि.वि.को साँगुरो क्वाटरमा बस्न बाध्य यस सुकरातको वास्तविक नामचाहिँ अगम हो ।"[४]
यिनै सन्दर्भहरूबाट सुकरातको चरित्रलाई भत्काएर यसमा पुनः सिर्जनाद्वारा विनिर्मित गरिएको छ र यस उपन्यासको एउटा उज्ज्वल चरित्रको रूपमा पेस गरिएको छ । यो उपन्यास सम्पूर्णतया त्रासदीमा डुबेको छ र त्यस्तो त्रासद अन्धकारमा पनि धिपधिपाउने उज्यालो वा जुनकिरी यो सुकरात नै हो । डा. भट्टराईले सुकरातजस्तो प्राचिन आदर्शवादी र गरिमापूर्ण पात्रसँग जोडेर विनिर्माणिक पद्धतिबाट औपन्यासिक पात्र सुकरातलाई एउटा वर्तमान मानिसझैँ उभ्याउन सफल प्रयास गरेका छन् ।

यसरी प्राचीन दार्शनिक सुकरातको विनिर्माण गरी यस उपन्यासमा ल्याइएको सुकरात आदर्शवादी, सहयोगी, अस्तित्ववादी चिन्तन भएको पात्रका रूपमा परिचित भएको छ । उपन्याकारको मुख्य पात्र बनेको सुकरात शिक्षित सभ्य तथा उच्च आदर्शवान् व्यक्तिको रूपमा रहेको छ ।

---

[४] मोहनराज शर्मा, पूर्ववत्

## २.४.३.३. पूर्णिमा

पूर्णिमा उपन्यासकी नायिका अर्थात् प्रमुख नारी पात्र हो । उपन्यासमा उसको चरित्र चित्रण तेस्रो पद्धति अर्थात् नाटकीय शिल्पबाट गरिएको छ । नाटकीय शिल्पविधि अँगालिएको हुँदा पूर्णिमालाई जहिले पनि नेपथ्यमा राखिएको छ । ऊ एकक्षणका लागि पनि आफ्नो कार्यव्यापार गर्न कहिले प्रत्यक्ष नहुने पात्र हो तापनि उसको भूमिका अर्थपूर्ण रहेको छ । पूर्णिमा अनन्तकी प्रेमिका हो । ऊ गाउँमा बस्छे । माओवादी आतङ्कले गर्दा उसको गाउँ निकै जर्जर बनेको छ । ऊ त्यही गाउँमा त्रस्त जीवन बिताउन बाध्य छे । ऊ बि.ए.मा सातपल्टसम्म फेल भएर एम.ए. पढ्ने अधुरो सपना भएकी युवती हो । उसले अनन्तलाई आफूलाई काठमाडौँ बोलाउन आग्रह गर्छे । ऊ आफै पनि गाउँ छोडेर सहर पस्न चाहन्छे तर विविध परिस्थिति तथा द्वन्द्वको कारणले गाउँमै अल्मलिन बाध्य छे । उसले अनन्तलाई पत्रमार्फत् गाउँको खबर पुऱ्याउने गरेकी छे । पूर्णिमा जीवनमा अगाडि बढ्ने प्रयास गर्दागर्दै पनि जताततैबाट निराशा प्राप्त भएपछि जङ्गल पसेर छापामार बन्छे । विभिन्न ठाउँमा सैनिकहरूसँग युद्ध लड्दै हिँडेकी पूर्णिमा अन्ततः एकदिन भिडन्तमा सैनिकको गोली लागेर मर्छे ।

माओवादी युद्धले गाउँको त्रासद वातावरणमा हुर्किंदै गरेकी पूर्णिमाको काठमाडौँ आएर उच्च शिक्षा हासिल गर्ने रहर केवल सपना बनेको छ । ऊ बाध्यता र विवशताले माओवादी बनेर काँधमा बन्दुक लिई हिँडेकी छे । यस उपन्यासमा उसको चरित्रले पाठकमा सहानुभूति पैदा हुन्छ । ऊ अनुकूल चरित्र भएकी नारी पात्र हो ।

## २.४.३.४. गोपी

गोपी प्रस्तुत **सुकरातका पाइला** उपन्यासको सहायक पात्र हो । ऊ चितवनबाट काठमाडौँ कीर्तिपुरमा पढ्न भनेर आएको विद्यार्थी हो । ऊ उपन्यासको शालीन पात्र हो । गोपीले गजल लेख्ने गर्दछ । ऊ निकै सहयोगी छ । अनन्तलाई उसले हरतरहले सहयोग गरेको छ । निशा भन्ने अनन्तको गाउँबाट आएर काठमाडौँ पढ्न बसेकी केटीसँग उसको प्रेम छ । ऊ निशाको बारेमा सोच्छ र उसलाई समर्पित गर्दै गजल लेख्छ । गोपी घरमा श्रीमती हुँदाहुँदै पनि निशासँग लहसिएर स्त्रीप्रतिको आसक्तिमा कमजोर देखिन्छ । ऊ स्थिर जीवन चेतना भएको पात्र हो ।

## २.४.३.५. नीलिमा

नीलिमा अर्थात् नीला उपन्यासको सहायक पात्र हो । उसले बुढेसकालमा सुकरातसँग उत्तरआधुनिक वैवाहिक सम्बन्ध गाँसेकी छे ।[५] नीला उत्तरआधुनिक खालको जीवन व्यतीत गर्ने

[५] चन्द्रबहादुर खत्री क्षेत्री, पूर्ववत्, पृष्ठ ६० ।

नारी पात्र हो । ऊ आफ्नो स्वतन्त्रतामा कसैले धक्का दिएको सहन सक्दिन । विवाहले स्वतन्त्रता गुम्छ, प्रगतिमा अवरोध ल्याउँछ भन्ने सोच राख्ने नीला अन्ततः सुकरातसँग बुढीकन्या भइसकेपछि विवाह गर्न पुग्छे । उसको उच्च अहम्‌ताको कारणले नै उमेर हुँदै विवाह हुन सक्दैन । ऊ आधुनिकतामा रमाउन खोज्ने नारी पात्र हो ।

### २.४.३.६. विक्रम

विक्रम उपन्यासको अर्को सहयोगी पात्र हो । ऊ सत्ताबाट खुस्केको राजनीतिक हरूवा नेता हो । अनन्त र विक्रम एउटै क्षेत्रका मानिसहरू हुन् । गाउँमा चुनाव हुँदा अनन्तले विक्रमलाई धेरै सहयोग गरेको थियो । उसले प्रतिगमन सच्याउन भनेर सबै युवालाई उचालेर आन्दोलन गर्न लगाउँछ । उसको त्रि.वि.मा पनि राजनीतिक पहुँच छ । राजनीतिमा असफल भएर म्यानपावर कम्पनी खोलेको विक्रमले अनन्तलाई विदेश पठाउन खोज्छ तर असफल हुन्छ । विक्रम उपन्यासमा प्रमुख पात्रको सहयोगीको रूपमा चित्रित भएको अनुकूल चरित्र भएको पात्र हो ।

## २.४.४. सुकरातका पाइला उपन्यासको भाषाशैली

**सुकरातका पाइला** उपन्यासको भाषाशैली सरल छ । यसको भाषा समसामयिक शिष्ट प्रयोगमा आधारित छ । यसको शैली सरल, सरस, गम्भीर र ओजपूर्ण छ । उपन्यासको भाषा ज्यादै सरल र सपाट वा फ्ल्याट छ । जस्तो खबरको सरल र सपाट भाषा हुन्छ, ठीक त्यस्तै भाषाको प्रयोग यसमा छ । सरल र सपाट भएर पनि प्रभावकारिता हुनु भाषा प्रयोगको एउटा ठूलो विशेषता हो र यो विशेषता यस उपन्यासको भाषा प्रयोगमा पाइन्छ ।[६] उपन्यासमा कतै सरल भाषाको प्रयोग छ त कतै बौद्धिक स्तरको भाषाको प्रयोग गरिएको भेटिन्छ । पात्र अनुसारको भाषा प्रयोग गरिएको छ । उपन्यासको पात्र सुकरातको भाषा बौद्धिक स्तरका पाठकले मात्र पचाउन सक्छन् । अनन्त र गोपी सुकरातलाई यसरी विश्लेषण गर्दछन् :-

> 'कुरो नबुझ्ने होइन, घघडान छ, पढेको मान्छे, धेरै बुझेको, तर हामी उसले भनेको बुझ्दैनौँ' । (**सुकरातका पाइला** : पृष्ठ ३३)

यसले के जनाउँदछ भने उपन्यासभित्रको पात्र विशिष्ट वक्ता हो । उपन्यासभित्र एउटा सरल, सामान्य सबै पाठकले बुझ्ने खालको र अर्को उच्च बौद्धिक पाठकले मात्र बुझ्न सक्ने खालको भाषा प्रयोग भएको छ । उपन्यासको बौद्धिक पात्र सुकरातले बोल्ने भाषा उच्च बौद्धिक पाठकले मात्र बुझ्न सक्छन् । उपन्यासमा प्रयुक्त भाषिक अभिव्यक्तिका नमूनालाई हेर्ने प्रयत्न गरिएको छ । उपन्यासभित्र सामान्य स्तरको भाषिक प्रयोग यसप्रकार गरिएको छ :-

---

[६] मोहनराज शर्मा, पूर्ववत्, ।

नेपाल बन्दले देश निसासिएको थियो । कहिले सरकारले बन्द गर्थ्यो, कहिले माओवादीले, कहिले दलहरूले । एउटा उकुसमुकुसभित्र देशले सास फेर्न नसकिरहेको थियो । काठमाडौँबाट जिल्ला जानेहरू दसौँ दिन पुग्न सक्तैनथे । (**सुकरातका पाइला** : पृष्ठ ३३)

उपन्यासमा बौद्धिक तथा दार्शनिक पात्र सुकरातले बोल्ने बौद्धिक भाषाको पनि प्रयोग गरिएको छ । जस्तै :-

जीवन साँच्चै एउटा बिमार रहेछ, कतै बिसाउन नमिल्ने अनि हाम्रा स्वतन्त्र निर्णयहरू सबै बाध्यात्मक रहेछन्, दुःखदायी र निरर्थक रहेछन् । आफ्ना दुःखद् अन्त्य रोज्न हामी साँच्चै बाध्य रहेछौँ । (**सुकरातका पाइला** : पृष्ठ १२९)

उपन्यासको सुरुवातीतर्फ केही आलङ्कारिक भाषाको प्रयोग गरिएको छ । प्रकृतिको अनुपम वर्णन गर्ने क्रममा यसप्रकारको भाषा यसरी गरिएको छ :-

उत्तरका हिमशृङ्खलामा पलाएर पूर्वतिर फैलिएको पर्वत शिखरमा सधैँ सेतो हिमराशि टल्किन्थ्यो । बादल या कुहिरोमा त्यो छोपिए पनि उघ्रेको बेला त्यतैबाट बिहान आउँथ्यो । कति सुन्दर हिउँमाथि चढेर रातो सूर्य उदाउँथ्यो, पहिलो झुल्को नर्फोकभरी पोखिएजस्तो लाग्थ्यो । (**सुकरातका पाइला** : पृष्ठ १)

यस उपन्यासमा ठाउँठाउँमा सन्दर्भअनुसार मिलाएर गजलको पनि प्रयोग गरिएको छ जस्तै :-

निशा तिम्रो निसाना भो कमलो यो छाति
निदाएन तिम्रो गोपी छटपटायो राति । (**सुकरातका पाइला**:पृष्ठ २३)
इन्कलाब जिन्दावाद भनौँ साथीहरू
प्रतिगमन पुर्ने खाडल खनौँ साथीहरू । (**सुकरातका पाइला** : पृष्ठ ३३)

यस उपन्यासमा चलन चल्तीमा रहेका तत्सम, तत्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ सुत्ला, साद्दे पुर्लुक्क, सुईसुई, झुप्पो, झसङ्ग आदि जस्ता नेपाली झर्रा शब्दहरू प्रयोग भएका छन् । यस उपन्यासमा अङ्ग्रेजी भाषाका प्रशस्त शब्दहरू प्रयोग भएका छन्, जस्तै :- ड्राइभिङ्ग, पाउन्ड, क्यासेट, इमेल, लिभ ट्रायाजेडी, डेथ, ल्यापटप, फ्रिज, म्यारिज आदि ।

उपन्यासमा अङ्ग्रेजी वाक्यलाई नेपाली अक्षरमा पनि लेखिएको छ, जस्तै :-

'ह्याङ्गिङ एन्ड उइदिङ्ग गो बाइ डेस्टिनी' अर्थात् फाँसी जानु र बिहे गर्नु भनेका लेखान्तले निर्धारण गर्ने कुरा हुन् । (**सुकरातका पाइला** : पृष्ठ ९६)

त्यसै गरी अङ्ग्रेजीका वाक्यंसलाई पनि उपन्यासमा समेटिएको छ, जस्तै :-

द ग्रेट ट्राजेडी अफ लाइफ इज नट् डेथ वट् ह्वाट डाइज इनसाइड अफ अस् ह्वाइल वी लिभ (The great tragedy of life is not death. But what dies inside of us while we liveण्अर्थात् जीवनको महान् दुःखान्त भनेको मृत्यु होइन, परन्तु जीवित छँदा हामीभित्र जुन कुराको मृत्यु हुन्छ त्यो हो । (**सुकरातका पाइला** : पृष्ठ १७६)

वाक्य प्रयोगका हिसाबले **सुकरातका पाइला** उपन्यासमा विविधता भेटिन्छ । सरल, जटिल, संयुक्त वाक्यहरूको मिश्रण भेट्न सकिन्छ । सरल वाक्यहरू यी रहेका छन् :-

(क) नर्फोक गाउँ प्रकृतिको अनुपम सृजना हो । (ख) काठमाडौँ भन्दा टाढा-टाढाबाट भयावह समाचारहरू आउँथे आदि त्यस्तै गरी जटिल वाक्यका उदाहरण यस्तो छ :-

यस्ता पीर र निराशाले मन भर्दै गयौँ भने हामी अस्तित्वको मैदानबाट आफै हार्दै गयौँ भने, बतासले पनि हामीलाई फुकेर लडाउन खोज्छ । जबकि यसबेला हाम्रो मनोबल कुनै आँधी हुरीले पनि ढाल्न नसक्ने हुनुपर्छ । (**सुकरातका पाइला** : पृष्ठ १६१)

क्रिया पदविहीन वाक्यहरू पनि उपन्यासमा प्रसस्त भेटिन्छन् । जस्तै :-

हामी झरौँ त्यो तलको कोरोनेसन गार्डेनभित्र । त्यो अत्यन्तै योग्य साधना पनि । (**सुकरातका पाइला** : पृष्ठ १७६)

बिम्ब, प्रतीकका दृष्टिले पनि **सुकरातका पाइला** उपन्यास उत्कृष्ट रहेको छ । सुकरात नै बिम्बको रूपमा प्रयोग भएको छ । उपन्यासको पात्र प्रोफेसर सुकरात ग्रिक दार्शनिक सुकरातको बिम्बको रूपमा प्रयुक्त छ । उपन्यासमा ब्ल्याक होल वा कृष्ण विवर अनिष्ट, विपत्ति अर्थात् मृत्यु सङ्केतका रूपमा आएको छ । त्यस्तै गरी लालुपाते फूल अनन्त र पूर्णिमाको प्रेम प्रतीकको रूपमा प्रयोग भएको छ । उपन्यासमा उपन्यासको पात्र सुकरातको दर्शनमा दार्शनिक भाषा भएर केही कठिन लागे पनि समग्रमा उपन्यासको भाषा सरल र रसिलो रहेको छ । यिनै विशेषताहरू युक्त भाषाशैलीय विन्यास यस उपन्यासमा रहेको पाइन्छ ।

## २.४.५. सुकरातका पाइला उपन्यासको पर्यावरण

**सुकरातका पाइला** उपन्यासमा नेपालको १० वर्षे जनयुद्धको समयावधिलाई समेटिएको छ । करिब वि.सं. २०५२/०५३ सालपछि जनआन्दोलन (२०६२/०६३) सम्मको समयावधिमा घटेका घटनाको यसमा चर्चा परिचर्चा गरिएको छ । काल्पनिक तर प्राकृतिक सुरम्यताले भरिपूर्ण पूर्वी नेपालको एक सुन्दर बस्ती नर्फोक गाउँबाट सुरुवात भएको यस उपन्यासमा काठमाडौँ तथा कीर्तिपुर वरपरको स्थानलाई महत्त्वपूर्णका साथ समेटिएको छ । एकातर्फ पहाडी इलाकामा परेको द्वन्द्वको मार तथा अर्कोतर्फ सहरमा भएका विकृति विसङ्गतिलाई पनि यस उपन्यासमा समेटिएको छ । १० वर्षे जनयुद्धमा नेपालमा भएका आन्दोलन, युद्ध र क्रान्ति, त्यस क्रान्तिले राजनीतिमा आएको अस्थिरता, त्रि.वि.मा देखिएको राजनीतिक अराजकता एवम् माओवादी पार्टीका कृयाकलाप, घटनाहरू यस उपन्यासमा समेटिएका छन् । नर्फोक गाउँलाई प्रतिनिधित्व गर्दै देशैभर भएका घटनालाई समेट्न खोजिएको छ । अर्कोतर्फ अनन्तलाई काठमाडौँका विभिन्न चोक जस्तै : रत्नपार्क, बसपार्क, कलंकी, बल्खु आदि स्थानमा पुर्‍याएर, दोबाटोमा उभ्याएर देशका कुना-कुनाबाट काठमाडौँमा ठूला-ठूला सपना सजाउने रहर बोकेर आएका तर परिस्थितिवस् कठिन जीवन बिताउन विवश, आम नेपाली त्यसमाथि युवा तथा विद्यार्थी वर्गको यथार्थ स्थितिलाई यस उपन्यासमा समावेश गर्न खोजिएको छ । विभिन्न सहायक पात्रका माध्यमबाट चितवन लगायतका ठाउँहरूको तथा २०५८ सालमा भएको दरबार हत्याकाण्ड, इराकमा १२ जना निर्दोष नेपालीको हत्या लगायतका परिवेशलाई पनि यस उपन्यासमा समेटिएको छ ।

## २.४.६. सुकरातका पाइला उपन्यासमा दृष्टिबिन्दुको प्रयोग

**सुकरातका पाइला** उपन्यासका कथयिता लेखक स्वयम् हुन् । उपन्यासमा लेखक उपन्यासभन्दा बाहिर बसेर पात्रहरूको मानसिक जगत्मा विचरण गरिरहेका छन् । यस उपन्यासमा लेखकले पात्रहरूको मनको कुरा सबै थाहा पाई प्रस्तुत गर्ने र हरेक घटनालाई विश्लेषण गर्ने भएकोले यसमा बाह्य दृष्टिबिन्दु पाइन्छ । सुकरातका पाइला उपन्यासमा बाह्य दृष्टिबिन्दु अन्तर्गतको सर्वज्ञ सर्वदर्शी दृष्टिकोणको प्रयोग भएको पाइन्छ । उपन्यासका हरेक घटनालाई लेखक स्वयम्ले टिप्पणी तथा विश्लेषण गरेका छन् । उपन्यासको प्रारम्भमा कथयिताले यसरी त्यहाँको दृश्य प्रस्तुत गरेका छन् :-

"नर्फोक गाउँ प्रकृतिको अनुपम सृजना थियो । उत्तरका हिमशृङ्खलामा पूर्वतिर फैलिएको पर्वत शिखरमा सधैँ सेतो हिम राशि टल्किन्थ्यो । बादल या कुहिरोमा त्यो छोपिए पनि उघ्रेको बेला त्यतैबाट बिहान आउँथ्यो ।"(**सुकरातका पाइला** : पृष्ठ १)

यसरी उपन्यासको प्रारम्भ नै बाह्य दृष्टिबिन्दुबाट सुरु भएको छ । उपन्यासको बीच बीचमा कतै संवादात्मक त कतै आन्तरिक दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ । आन्तरिक दृष्टिबिन्दु अन्तर्गत प्रथम पुरुषीय शैलीको प्रयोग यसरी गरिएको छ :-

"म काठमाडौँ पसेर बिस्तारै भत्किने प्रक्रियामा लागेछु गाउँमै बसेको भए म यति व्यर्थ बन्ने थिइनँ कि ? मलाई कसैले भनेन सेसनको अन्त्यमा जबर्जस्ती विश्वविद्यालयमा भर्ना नलेऊ भनेर । (**सुकरातका पाइला** : पृष्ठ ९२)

त्यस्तै अर्को ठाउँमा अनन्तले यसरी बोलेको छ :-

म फेल भएँ, म अत्यन्तै दु:खित र निराश छु । मेरा सारा सपना धुलिए, मेरो जीवन ध्वस्त भयो ।"(**सुकरातका पाइला** : पृष्ठ ४०)

उपन्यासको बीच बीचमा आन्तरिक दृष्टिबिन्दुको केही छिटफुट रूपमा प्रयोग भएतापनि यो उपन्यास बाह्य दृष्टिबिन्दु अँगालेर लेखिएको उपन्यास हो । उपन्यासको अन्त्य पनि बाह्य दृष्टिबिन्दु अर्थात् तृतीय पुरुषीय शैलीमा नै गरिएको छ । त्यो आत्महत्याजस्तै थियो । (**सुकरातका पाइला** : पृष्ठ १९५)

## २.४.७. सुकरातका पाइला उपन्यासमा संवादको प्रयोग

संवादको प्रमुख कार्य औपन्यासिक चरित्रको चित्रण गर्नु र घटनाहरूलाई नाटकीकरण गरेर अगाडि लैजानु हुन्छ । संवाद वास्तवमा नाटकको प्रमुख अङ्ग हो तापनि हिजोआज यसको प्रयोग उपन्यासमा पनि बढ्दै गएको छ । **सुकरातका पाइला** उपन्यासमा पनि संवादको प्रयोग विभिन्न ठाउँमा गरिएको छ । उपन्यासको पात्र गोपी र अनन्त बीच भएको एउटा संवाद यसप्रकार छ :-

यो हप्ता तपाईंले कुनै गजल लेख्नु भएन ? सुनाउनु भएको छैन नी ? ओ भाइ, त्यही सुनाउन त यो गोपी एकचित्त भएर लागिरहेछ । लौ सुन एउटा फ्रेस गजल

विषजस्तो तिम्रो माया पिउँदा पिउँदै लडैं
उठाउँछ्यौ भन्दाभन्दै चितामाथि चढैं । (**सुकरातका पाइला** : पृष्ठ ४९)

उपन्यासको अर्को भागमा सुकरातसँगको भेटपछि सुकरातका बारेमा गोपीले र अनन्तले गरेको संवाद यसप्रकार छ :-

"यो बूढो अकडो छ यार । अकडो हैन, कुरै बुझ्दैन । कुरो नबुझ्ने होइन, घाघडान छ पढेको मान्छे । धेरै बुझेको, तर हामी उसले भनेको बुझ्दैनौँ । हो त नि, ऊ पनि हामीले भनेको बुझ्दैन"(**सुकरातका पाइला** : पृष्ठ ६७)

यसप्रकार संवादले उपन्यासको कथानकको गतिलाई अझ अगाडि बढाउन र रोचक बनाउन मद्दत पुऱ्याउँछ । त्यस्तै गरी उपन्यासमा शृङ्गारिक रागात्मक संवादको पनि प्रयोग गरिएको छ । गोपी र निशाको संवाद यसरी प्रस्तुत गरिएको छ :-

"शरीर यता फर्किन ढिलो भएछ भने पनि यो मन यतै छोडि राखौँला नि यतै ।" "कसलाई छोड्छौ त्यो निष्ठुरी मन ? मलाई त पक्कै होइन होला । यो मनलाई अरू कसले छुन सकेको छ र ? नत्र म किन यसरी गजल लेख्थेँ ?"(**सुकरातका पाइला** : पृष्ठ ६९)

त्यस्तै गरी उपन्यासको सोह्रौं परिच्छेदमा अनन्त, सोफिया र तृष्णा बीच भएको त्रिपक्षीय संवाद यसप्रकार छ :-

"अहिले ठीक पार्छौ मलाई देखेर । कसम होला, छ्या अनन्तले कस्तो नपत्याएको । निशालाई सोध्नु नि बरु, उताको खबर के छ ? सबै राम्रो छ । छोरा नफिरेको धेरै भो, बा आमाले कुरा गरिरहनु हुन्थ्यो घर नफर्किने कि क्या हो । कति भो गाउँ माया मारेको ?" (**सुकरातका पाइला** : पृष्ठ १०८)

उपन्यासभित्र अनन्त र सुकरात बीचको दार्शनिक संवाद यस प्रकार छ :-

"यस्तो भए हाम्रो अस्तित्वलाई सञ्चालन गर्ने आधार के हो त गुरु ?'त्यो तत्त्व विचार हो, किनभने विचार नै जीवन हो, मानिस त्यसैले अडेको छ । एउटा विचार र अर्कोका बीचमा छनोट गर्ने स्वतन्त्रता भनेको जीवन र जीवन बीचको छनोट हो । मनपर्ने छान र बाँच भन्ने हो । तर आज, मृत्यु र मृत्यु बीचमा एउटा छनोट गर्नुपर्ने बाध्यता छ । तिमी यो सिद्धान्त मन परेनभन्दा तुरुन्तै मर्छौ, मन पऱ्योभन्दा पनि ढिलो चाँडो मर्छौ । यो चक्र चलिरहन्छ यसले कहिल्यै जीवन जोगाउँदैन किनभने यसले सधैं मृत्यु उधिनिरहन्छ । मृत्यु र मृत्यु बीच रोजाउने सिद्धान्त बन्द गरौं । जीवन र जीवनबीच रोज्न सिकाऔं । वैचारिक स्वतन्त्रता नै व्यक्तिगत स्वतन्त्रताबाट आरम्भ हुन्छ । वैचारिक विविधता बेगर मानव सभ्यता नष्ट हुन्छ । एउटा परिवारभित्र हेर्नोस् कति सोचका, स्वादका, क्षमताका, रूपका, बानीका, लक्ष्यका व्यक्ति हुन्छन्, प्रत्येक तर पूर्ण व्यक्तित्व हो । (**सुकरातका पाइला** : पृष्ठ १२४)

## २.४.८. सुकरातका पाइला उपन्यासमा द्वन्द्व

**सुकरातका पाइला** उपन्यास मूल रूपमा नेपालमा १० वर्षसम्म चलेको युद्धका विषयमा बढी केन्द्रित रहेको छ । यसमा रहेका हरेक घटना द्वन्द्वसँग सम्बन्धित रहेका छन् । मूल

कथानक नै द्वन्द्वमा आधारित रहेको छ । तत्कालीन समयमा माओवादी र सरकार पक्षको द्वन्द्वलाई देखाउन खोजिएको छ । त्यही द्वन्द्वको प्रभावस्वरूप पछि उपन्यासका पात्रहरूमा पनि आन्तरिक द्वन्द्वको स्थिति देखा परेको छ । यसै सन्दर्भमा ज्ञानु पाण्डेले यसलाई युद्ध साहित्यको एक उत्कृष्ट नमुना मानेकी छन् । १० वर्षे लामो सशस्त्र द्वन्द्वको मारले नराम्रोसित थिलथिलिन पुगेको नेपालको राजनैतिक, सामाजिक, आर्थिक र शैक्षिक वृत्तमा व्याप्त उद्दण्डता र अनुशासनहीनता अनि नैतिक पतनको पराकाष्ठाको जिउँदो दस्तावेज हो यो उपन्यास ।[७] उपन्यासका हरेक भागमा द्वन्द्वको विषयलाई महत्त्वका साथ समेटिएको छ । मूल रूपमा दुई पक्ष बीचको द्वन्द्व देखाइएको उपन्यासमा वैचारिक रूपमा नीला र सुकरात बीचको द्वन्द्व, विद्यार्थी र प्राध्यापकका बीचको द्वन्द्व, प्रशासन र विद्यार्थी नेतृत्व बीचको द्वन्द्वलाई पनि छिटफुट रूपमा समेटेको पाइन्छ । कुमार प्रसाद कोइरालाका अनुसार उपन्यासमा द्विचर विरोध छ । जीवन र मृत्यु, नारी र पुरुष, प्रेम र घृणा, नयाँ र पुरानो, निरङ्कुशतन्त्र र लोकतन्त्र, एकलवाद र बहुलवाद आदि ।[८] यसप्रकार उपन्यासमा द्वन्द्व तथा त्यसका विभिन्न रूप तथा प्रभावका बारेमा यथार्थरूपले प्रस्तुत गरिएको पाउन सकिन्छ ।

## २.४.९. सुकरातका पाइला उपन्यासको जीवन दर्शन

**सुकरातका पाइला** उपन्यास युद्ध साहित्यको एक उत्कृष्ट नमूना हो । पचासको दशकमा नेपाल र नेपालीले भोग्नुपरेका युद्ध तथा पीडालाई उपन्यासले जस्ताको तस्तै उतारेको छ ।[९] यो उपन्यासले एकातर्फ युद्धले पारेको प्रभावका कारण विसङ्गत बन्दै गएको समाजको यथार्थ रूपलाई प्रस्तुत गरेको छ भने अर्कोतर्फ मानिसको जीवन विसङ्गतिपूर्ण छ तथापि यही विसङ्गति बीच अस्तित्व खोज्नु पर्दछ भन्ने सन्देश उपन्यासले प्रवाह गरेको छ । अनन्त मार्फत देशमा भइरहेका अन्याय, अत्याचार, दुराचार, विकृति, विसङ्गति, युवा बेरोजगारी, शैक्षिक बेरोजगारी, शिक्षा क्षेत्रमा भएका कुकृत्यहरू, राजनीतिक बेइमानी, म्यानपावर कम्पनीका ठगी, आदिलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै गरी अस्तव्यस्त अनन्तको जीवनलाई विसङ्गत पक्षको नमुनाका रूपमा चित्रण गरिएको छ ।

जीवन विसङ्गतपूर्ण छ तर पनि यही विसङ्गतिभित्र सङ्गति खोज्नुपर्दछ भन्ने उपन्यासकार स्वयम्को भावाव्यक्तिका रूपमा सुकरातले अस्तित्ववादी चिन्तनको पक्षमा वकालत गरेको छ । कैयौं विसङ्गतिका माझ सङ्गति खोज्नुपर्दछ । संसारमा मानिस स्वतन्त्र प्राणीको रूपमा रहेको छ । आफ्नो जीवनका लागि आफै निर्णय गर्न सक्नुपर्दछ भन्ने भावना सुकरात मार्फत् प्रेषण गरिएको छ । यसै प्रसङ्गमा रमण घिमिरेले भनेका छन् **सुकरातका**

---

[७] ज्ञानू पाण्डे, *युद्ध साहित्यको एक उत्कृष्ट नमुना सुकरातका पाइला,* **सुकरातका पाइला** (लेः गोविन्दराज भट्टराई ) ओरिएन्टल पब्लिकेशन, काठमाडौं २०६३ ।

[८] कुमारप्रसाद कोइराला, *सुकरातका पाइला : निरङ्कुशता र आतङ्कको दुःखान्त कथा,* **गरिमा**,(वर्ष २५, अंक ३, पूर्णाङ्क २९१, फागुन २०६३ ।

[९] ज्ञानू पाण्डे, पूर्ववत् ।

**पाइला**को चुरो कुरा भनेकै 'मानिसले आफ्नो निर्णय आफै गर्नुपर्दछ' भन्ने हो । उपन्यासकारले अस्तित्ववादको लगाम समाएर मानिसको निर्णयकर्ता ऊ स्वयम् हो, अरु कोही होइन भन्दै उपन्यासका नायक, नायिका र शीर्षकका पात्रलाई समेत अन्ततः यसै विचारका आधारमा भूमिका निर्वाह गराएका छन् ।[१०]

नेपालमा १० वर्षसम्म चलेको युद्धले देश क्षत्‌विक्षत् भएको यथार्थ सत्यलाई पूर्णिमाको पत्र, समाचारपत्रका खबर आदिले देखाएका छन् । जनयुद्धको बेला नेपालीले भोग्नु परेको कटु सत्यलाई देखाउन उनले देश भर भएका गतिविधिलाई उदाहरणका रूपमा देखाएका छन्, गाउँघरमा युद्धका गतिविधि बढेपछि युवावर्ग पलायन हुन बाध्य हुन्छन् । सहर पुगेर पनि गुण्डाको फन्दामा तिनै पर्दछन् । डेभिडजस्तो सर्वसाधारणलाई ठग्दै हिँड्ने गुण्डालाई राज्य, प्रशासनको कुनै डर छैन । देशकै गौरवको रूपमा रहेको शैक्षिक केन्द्र त्रि.वि.को अराजक स्थितिलाई देखाउन खोजिएको छ । रणसङ्ग्रामजस्तो शैक्षिक गुण्डाले प्राज्ञिक थलोलाई आफ्नो पकडमा लिन चाहन्छ । सुकरातजस्ता त्रि.वि.मा प्राध्यापनरत प्राध्यापक गुरुको भविष्य सुरक्षित छैन । चन्दा र आतङ्कबाट कोही पनि अछुतो छैन । एकातर्फ शैक्षिक क्षेत्र धरासायी बन्दैछ भने अर्कोतर्फ शैक्षिक बेरोजगारी बढ्दैछ । यसरी देशमा तत्‌समयमा भएका हत्या, हिंसा, अपहरण, बलात्कार, जबरजस्ती, चन्दा असुली, बिस्फोट, आगजनी आदि जस्ता युद्धकालका घटनालाई उपन्यासले बढी सशक्त ढङ्गले प्रस्तुत गरेको छ ।

समग्रमा भन्नुपर्दा प्रस्तुत उपन्यासको उद्देश्य वर्तमान समयमा नेपाली जनताले भोग्नु परेको पीडा, दुःख, कष्ट तथा ती पीडाले जन्माएका समस्या, विकृति र विसङ्गतिहरूलाई यथार्थ रूपमा प्रस्तुत गर्नु हो । देशमा राजनीतिको अस्थिरता र यस अस्थिरताले जन्माएको बेरोजगारी समस्या, त्रि.वि.को विद्यार्थी राजनीति, त्रि.वि.का कर्मचारी तथा प्राध्यापकहरूको विवशता, माओवादी जनयुद्धले जन्माएको त्रास, बेरोजगारी समस्याले युवा जगत्‌मा उब्जेको विसङ्गति, जनयुद्धका कारण उब्जिएका आतङ्क र त्रास आदि कुराहरूलाई उपन्यासले यथार्थ रूपमा प्रस्तुत गरेको छ । यी समस्याहरूले वर्तमान नेपालको परिस्थिति दुःखद अवस्थामा गुज्रिएको छ । यस्ता विविध समस्याको निराकरणको बाटो बेलैमा खोज्न नसके देश जटिल अवस्थामा पुग्नेछ भन्ने कुरामा सचेत गराउँदै आम नेपालीलाई द्वन्द्व निराकरणको उपाय खोज्न उपन्यासमा मूल रूपमा आह्वान गरिएको छ ।

## २.४.१०. सुकरातका पाइला उपन्यासको बाह्य संरचना

**सुकरातका पाइला** उपन्यास मोर्डन बुक्सबाट २०६३ पौषमा प्रकाशित भएको कृति हो । यस उपन्यासको आवरण पृष्ठको माथितिरको आदि भागमा अँध्यारो नीलो रङ्गमा अस्पष्ट चित्रहरू रहेका छन् । उक्त चित्रमा एउटा दाह्री र कपाल पालेको बूढो मान्छेले केही पिएजस्तो

---

[१०] रमण घिमिरे, *स्वनिर्णय अर्थात सुकरातका पाइला* **नेपाल साप्ताहिक** (वर्ष ७ अङ्क २५) काठमाडौं २०६३ ।

र अन्य केही मानिसहरू रोएजस्तो देखिन्छ । आवरणको बीच भागमा कलेजी रङ्गको पृष्ठभूमिमा सेतो अक्षरले कृतिको नाम **सुकरातका पाइला** लेखिएको छ । त्यसभन्दा तलको भागमा गाढा पहेँलो रङ्ग पोतिएको छ । साथै उक्त भागको माथितिर उपन्यासकारको नाम र पृष्ठको अन्त्यतिर छड्के स्वरूपमा पाइतालाका चिह्नहरू रहेका छन् । कृतिको पछाडिपट्टिको आवरण पृष्ठमा गोविन्दराज भट्टराईको हाँसिरहेको तस्बिर दिइएको छ ।

प्रस्तुत उपन्यास हालसम्म चौथो पटक छापिएको छ । पहिलो पुस २०६३, त्यसपछि पूनर्मुद्रण दुईपल्ट, दोस्रो पुस २०६४, तेस्रो वैशाख २०६७ मा गरी चौथो संस्करण बजारमा आएको छ । चौथो संस्करणमा विभिन्न समालोचक, पाठकका समालोचना र प्रतिक्रियालाई पनि समेटिएको छ । लेखक स्वयम्को *यो अभिलाषा बोकेर झन् जोडले कुदिरहेछु* लेख यसमा समेटिएको छ । प्रस्तुत उपन्यासको भूमिका ज्ञानू पाण्डेले *'युद्ध साहित्यको एक उत्कृष्ट नमूना सुकरातका पाइला'* शीर्षकमा लेखेकी छन् । उक्त भूमिकाभन्दा अगाडि दुर्गाप्रसाद भण्डारीको *शुभकामना* शीर्षकको लेख रहेको छ । भूमिकाभन्दा पछाडि लेखकको *यो अभिलाषा बोकेर कुदिरहेछु* शीर्षकको लेख रहेको छ भने पाठक प्रतिक्रिया शीर्षक दिएर पुस्तकको सुरुतिर विभिन्न पाठकका प्रतिक्रियालाई समेटिएको छ । पाठक प्रतिक्रियामा *नौलो औपन्यासिक पाइलो, सुकरातका पाइला,* मोहनराज शर्मा, **गरिमा**, चैत २०६३, *सुकरातका पाइला : निरङ्कुशता र आतङ्कको दुःखान्त कथा,* कुमारप्रसाद कोइराला, *गरिमा,* फागुन २०६३, *स्वनिर्णय अर्थात् सुकरातका पाइला,* रमण घिमिरे **नेपाल**, आइतबार १४ माघ २०६३, *प्रयोगको प्रभावकारी बान्की,* माधव काफ्ले **मधुपर्क**, कार्त्तिक २०६४, *सुकरातका पाइला* होमर श्रेष्ठ **शब्द संयोजन**, फागुन २०६३, *पाइला पछ्याउँदै सुकरातका,* नारायण चालिसे **रश्मि**, २०६४ वैशाख, *देश द्वन्द्व र दर्शनको कोलाज : सुकरातका पाइला,* अमर न्यौपाने ललितपुर, *सुकरातका पाइला र मेरो प्रतिध्वनि,* उमेश राई 'अकिञ्चन' विराटनगर, *सुकरातका पाइला पढेपछि* कुमुद अधिकारी इटहरी, सुनसरी, *एक नयाँ उपन्यास बारे* किरण भण्डारी पाँचथर, *नेपाली उपन्यास परम्परामा नौलो प्राप्ति : सुकरातका पाइला* राजु भुषाल बुटवल दैनिक लुम्बिनी, २०६४, जेठ २६ गते शनिबार *मेरो अनुभूति,* वेदप्रकाश भट्ट डडेल्धुरा, आदि रहेका छन् ।

**सुकरातका पाइला** मध्यम खालको औपन्यासिक कृति हो । यस उपन्यासमा जम्मा १९५ पृष्ठ र भूमिका र पाठ प्रतिक्रिया ४० पृष्ठ गरी जम्मा २३५ पृष्ठ छन् (चौथो संस्करण) । प्रसङ्ग र सन्दर्भलाई जोड्नका लागि यस उपन्यासमा सत्ताईसवटा शीर्षकहरू राखिएका छन् । प्रत्येक शीर्षकमा सो शीर्षकसँग मेल खाने गरी चित्र कोरिएको छ । यस उपन्यासभित्र प्रकृतिको न्यानो काखमा दोभानमा कोरिएका रेखा, उज्यालोको खोजीमा, चौबाटामा उभिएर, कालो छायाँ र सम्भ्रम, द्वन्द्वको कालो बादल, भ्रमिकाको प्यारो आँगनमा, बर्वरताको सपना, अँधेरी रातमा अज्ञात दिशातिर, बन्दुकले गीत गाउँदा, सम्झनाको कालीदह, दुराग्रहको भुमरी, बिक्रीमा छन् नयाँ सपना, मृगमरीचिकाहरूको पछिपछि, मध्यरातमा आधी चन्द्रमा, रहस्य, पीडा र अवसाद, बर्वरताको उपासना, सधैं एउटा बीमार सिउरेर, अनेकौ चिसा सम्झौताहरू, युद्ध पिपासा र मृत्युको बगैँचा, मृत्युलीला र त्रासदी, त्यो बन्दुक बिसाऊ पूर्णिमा, सुकरातका पाइला, अब घाम डुब्ने बेला भयो, मिनि आपोलिसको पुलबाट, सोपेन्हावरको सम्झनामा र एउटा कृष्ण विवर र

बाँकी सुनसानजस्ता खण्ड खर्थात् शीर्षकहरू रहेका छन् । यी शीर्षकहरू पाँचदेखि एघार पृष्ठसम्म विस्तारित रहेका देखिन्छन् । प्रत्येक शीषर्कले त्यहाँभित्र रहेका विषयवस्तुलाई प्रस्ट पारेका छन् । कुनै शीर्षकहरू प्रतीकात्मक तथा ध्वर्न्याथक रूपमा पनि आएका छन् । **सुकरातका पाइला** उपन्यासको हालको मूल्य रू. २०० (तेस्रो संस्करण) रहेको छ । यसरी उपन्यासको बाह्य संरचना तयार भएको छ ।

## २.५. अनन्त पाइला उपन्यासको परिचय

अनन्त पाइला उपन्यास धनराज गिरीद्वारा रचना गरिएको उपन्यास हो । यस उपन्यासको परिचय दिनका निमित्त यहाँ पृष्ठभूमिका साथमा उपन्यासको कथानक, पात्र चरित्र, पर्यावरण, जीवनदर्शन, दृष्टिबिन्दु, संवाद, भाषाशैली, द्वन्द्व र बाह्य संरचना आदि शीर्षकमा उपन्यासको छुट्टा छुट्टै व्याख्या विश्लेषण गरिएको छ ।

### २.५.१. पृष्ठभूमि

नेपाली उपन्यासको क्षेत्रमा धनराज गिरी आफ्नो पहिलो उपन्यास **अनन्त पाइला** २०६८ मार्फत् प्रवेश गरेका छन् । यो उनको पहिलो औपन्यासिक कृति हो । गोविन्दराज भट्टराईको **सुकरातका पाइला** उपन्यासको नायकलाई **अनन्त पाइला**मा पुनर्जन्म दिइएको छ । गोविन्दराज भट्टराई प्रस्तुत कृतिलाई **सुकरातका पाइला**कै क्रमलेखन मान्दछन् ।[११] धेरै पात्रहरू **सुकरातका पाइला**बाट **अनन्त पाइला**मा अवतरण गरेका छन् । यसमा **सुकरातका पाइला**मा जस्तो हत्या, हिंसा, आतङ्क, युद्ध नभएर शान्त, शालिन प्रगतितर्फ उन्मुख समयको चित्रण छ । युद्धपछि हुने शान्ति, आन्दोलन पछिको नवयुगको चित्रण यसमा रहेको छ । विशेष गरी चितवन तथा सौराहालाई केन्द्रमा राखेर यो उपन्यासको रचना गरिएको छ । नेपालमा भएको २०६२/०६३ सालको आन्दोलनपछिको सम्भावित असर र अवसरलाई उपन्यासमा देखाउने प्रयत्न मूल रूपमा गरिएको छ ।

### २.५.२. अनन्त पाइला उपन्यासको कथानक

**अनन्त पाइला** उपन्यासको सुरुवात चितवनको प्राकृतिक मनोरम दृश्यको वर्णनबाट गरिएको छ । चितवनको प्राकृतिक, सामाजिक, साहित्यिक, शैक्षिक, आर्थिक व्याख्या वर्णन उपन्यासभरी नै गरिएको छ । **सुकरातका पाइला** उपन्यासको पात्र गोपीको दैनिक कार्यको चर्चा परिचर्चाबाट उपन्यासको विषय उठान गरिएको छ । **सुकरातका पाइला**मा आत्महत्या गऱ्यो कि ? भन्ने शङ्का गरिएको अनन्तले राती नै काठमाडौँ छोडेको जानकारी दिँदै उपन्यासमा अनन्तलाई भित्र्याइएको छ । यसरी यसको घटनाक्रम अगाडि बढ्दै जान्छ । पूर्वतिर हिँडेको अनन्त इटहरीबाट

---

[११] गोविन्दराज भट्टराई, *अनन्त पाइलामा बलेको आशावादी जीवन दीप हेरेर,* **अनन्त पाइला** (ले. धनराज गिरी) **२०६८**,भूमिका ।

फर्केर चितवनको गोपीलाई भेट्न पुग्दछ, तब उपन्यासले मूल कथानकको बाटो समाउँछ । माया मारिएको, आशा मारिएको पात्र सामुन्नेमा उपस्थित हुँदा गोपी मात्र होइन सुकरातका पाइला उपन्यासका सम्पूर्ण पाठकमा उथलपुथल सृजना हुन्छ । भ्रम र सत्यका बीच ।

**अनन्त पाइला** उपन्यासमा विशेष गरी चितवन र सौराहाको प्राकृतिक तथा विकासको वर्णन यथार्थमा तथा कतिपय काल्पनिक रूपमा प्रस्तुत गरेको छ । विभिन्न साहित्यिक सम्मेलन, गोष्ठी, सभा, सामाजिक कार्यतर्फ हरेक जातजाती वर्गको उत्थानका विषयहरू यसका घटनाक्रम हुन् । विशेष गरी २०६२/०६३ सालमा भएको जनआन्दोलनपछिको समाज यस्तो हुनुपर्दछ भनी चितवनलाई उदाहरण बनाएर सम्पूर्ण नेपाललाई आदर्शराज्य बनाउने मिठो कल्पना उपन्यासकारले **अनन्त पाइला** उपन्यासमा गरेका छन् । **सुकरातका पाइला**मा देखाइएको हत्या, हिंसा, आतङ्क, युद्ध, ठगी, जालसाभ्की प्रवृत्तिबाट अत्तालिएका पात्रलाई **अनन्त पाइला**ले सात्वना तथा संरक्षण दिने काम गरेको छ । गोविन्दराज भट्टराईले **अनन्त पाइला**लाई **सुकरातका पाइला**को आदर्शीकरण हो भन्दै लेखक जीवनलाई त्यहाँको जस्तो भयप्रद यथार्थतामा होइन, काल्पनिक तर सुन्दर यथार्थता देख्न चाहेको बताएका छन् ।[१२] **अनन्त पाइला**मा यथार्थतालाई कतिपय सन्दर्भमा रङ्गाएर, आदर्शीकरण गरेर सुन्दर तरिकाले प्रस्तुत गरिएको छ । काल्पनिक घटनाक्रमलाई मुख्य रूपमा जोड दिइएको छ । सकारात्मक सोचबाट प्रेरित लेखकको आफ्नो अनुभव पनि यसमा पोखिएको छ ।[१३] चितवनमा हुने साहित्यिक जमघटका विभिन्न घटनाक्रमलाई पनि यस उपन्यासमा महत्त्वका साथ उठाइएको छ । यसै सन्दर्भमा रमेश प्रभात भन्दछन् **अनन्त पाइला** उपन्यास मूलतः चितवनको माटो सुवासित भएको कृति हो । उनले यसमा चितवनको पहिचान चितवन महोत्सव, विभिन्न मेला, जात्रा, साहित्यिक कार्यक्रमहरू, सांस्कृतिक भ्फाँकी आदिलाई टिप्दै चितवनमा क्रियाशील विभिन्न राष्ट्रिय तथा स्थानीय प्रबुद्ध व्यक्तित्वलाई उपन्यासमा प्रवेश गराउँदै विशेषतः पर्यटकीय स्थल सौराहलाई केन्द्रमा राखिएकोले यसलाई चितवन चिनाउने साहित्यको दर्जा दिएका छन् ।[१४]

**अनन्त पाइला** उपन्यासमा मूल रूपमा **सुकरातका पाइला** उपन्यासको पात्र गोपीको वर्णनसँगै अनन्तको उदयको घटना र त्यस पश्चात् अनन्त र गोपीको सहकार्यमा भइरहेका विभिन्न क्रियाकलाप तथा गतिविधिलाई मूल घटनाक्रमको रूपमा समावेश गरिएको छ । सहायक घटनाक्रमहरूमा अनन्त चितवनमा नै स्थापित हुनु, गोपीको साहित्यिक यात्रा तथा विभिन्न साहित्यिक कार्यक्रम, समाजसेवा, सौराहाको विकास, शैक्षिक उन्नतिका विषय, सुकरातको चितवन प्रस्थान लगायत कतिपय काल्पनिक र सुन्दर घटनालाई यस उपन्यासमा सिलसिलेवर रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

---

[१२] गोविन्दराज भट्टराई, पूर्ववत् ।

[१३] जीवा लामिछाने, *प्रकाशकीय* **अनन्त पाइला** (ले. धनराज गिरी) खेमलाल हरिकला लामिछाने प्रतिष्ठान, चितवन २०६८ भूमिकाखण्ड ।

[१४] रमेश प्रभात, *चितवन चिनाउने औपन्यासिक कृति,* **चितवन पोष्ट** दैनिकि (वर्ष १४, अङ्क ९३, पूर्णाङ्क ३७९५), चितवन २०६८ ।

### २.५.३. अनन्त पाइला उपन्यासमा पात्र/चरित्र

**अनन्त पाइला** उपन्यासमा मुख्य, सहायक र गौण गरी ३ प्रकारका पात्रहरू रहेका छन् । उपन्यासमा विनिर्माणवादी शैली अपनाएर विभिन्न चरित्रहरूको निर्माण गरिएको छ । विशेषतः गोपी र अनन्तको भूमिका उपन्यासमा मुख्य छ । नारी पात्रहरूलाई पनि सशक्त भूमिकामा उतारिएको यस उपन्यासमा रजनीले नायिकाको भूमिका निभाएकी छन् भने गोपी यस उपन्यासको नायकको चरित्रमा उभिएको छ । **सुकरातका पाइला**मा सहायक पात्रको भूमिकामा रहेको गोपी यस उपन्यासमा नायकको रूपमा अवतरण गरेको छ भने **सुकरातका पाइला**मा नायक बनेको अनन्त, **अनन्त पाइला**मा सहनायकको भूमिकामा देखापर्दछ । **सुकरातका पाइला**मा छाएका धेरैजसो पात्रलाई **अनन्त पाइला**मा अवतरण गराइएको छ भने थप पात्रहरूको पनि प्रयोग गरिएको छ । **अनन्त पाइला**मा श्रद्धा, सोफिया, साधुराम आदि पात्रले सहायक पात्रको भूमिका निभाएका छन् । गौण पात्र भने **अनन्त पाइला**मा धेरै नै छन् निशा, सुकरात, निलिमा, प्रकाश न्यौपाने, स्मिता, सेवा, रूपा, गिरीधारी चौधरी, डायना, अनन्तको भाई, पूजा, गोपीकी माता, अनन्तका मातापिता, राजु वि.क. लगायत रहेका छन् । त्यसै गरी कतिपय पात्रहरू प्रत्यक्ष नभएर नेपथ्य पात्रको रूपमा पनि प्रयोग गरिएको छ । केही पात्रको थप चरित्र चित्रण गर्नु यहाँ सान्दर्भिक देखिन्छ ।

### २.५.३.१. गोपी

गोपी **अनन्त पाइला** उपन्यासको नायक हो । उपन्यासको सुरुवातदेखि अन्त्यसम्म हरेक अध्यायमा गोपीको उपस्थिति रहेको छ । घटनाक्रम पनि गोपीको चर्चा परिचर्चाबाट सुरु भई गोपीकै किताब विमोचनमा गएर टुङ्गिन्छ । गोपी मध्यम वर्गीय परिवारको शैक्षिक पेसामा आबद्ध, शिक्षित, विवाहित पात्र हो । ऊ सानै उमेरमा शिक्षक बनेको छ । शिक्षण पेसालाई आफ्नो मुख्य पेसा ठान्ने गोपी पछि होटल व्यवसायमा पनि सहभागिता जनाउँछ । **सुकरातका पाइला**मा कीर्तिपुरमा अध्ययन गर्ने एक विद्यार्थीको भूमिकामा रहेको गोपी **अनन्त पाइला**मा शिक्षक बनेर भित्रिएको छ । ऊ गजल गाउने तथा लेख्ने गर्दछ । चितवन कर्मभूमि भएको गोपी चितवनका विभिन्न साहित्यिक कार्यक्रममा सहभागी बन्दछ । साहित्य सिर्जनामा उसको बढी लगाव देखिन्छ । मृदुभाषी, लगनशील, मेहनती, परिश्रमी, उसका पर्यायवाची नाम हुन् । ऊ पत्रिकामा विभिन्न लेखहरू पनि प्रकाशित गर्दछ । पारिवारिक हिसाबले असल छोरा, जिम्मेवार बाबु तथा प्यारो श्रीमान् बन्न सफल पात्र हो । सामाजिक क्षेत्रमा काम गर्न रुचाउने तथा अरूलाई सहयोग गर्ने गोपी आफ्नो समाजमा लोकप्रिय बनेको छ । गोपी **सुकरातका पाइला**बाट पलायन हुन खोजेको अनन्तलाई नयाँ ऊर्जा दिई सहयोग गर्ने मुख्य सहयोगी पात्र हो । सकारात्मक सोच राख्ने गोपी सुन्दर भविष्यको कल्पना गर्दछ । गोपीले जिन्दगी भनेको साना-साना खुसीको पुञ्ज ठानेको छ ।

उपन्यासले गोपीका माध्यमबाट गति लिन्छ । गोपी उपन्यासमा घट्ने हरेक घटनाक्रमसँग जोडिन्छ । गोपी उपन्यासको नायक भएको हुनाले पनि हरेक घटनाक्रमले गोपीसँग कुनै न कुनै सम्बन्ध राख्ने गर्दछन् । गोपीलाई नायक मान्नुपर्ने मुख्य कारणहरूमा गोपीको नायकीपना नै हो ।

प्रायः नायकमा हुनुपर्ने गुण उसमा भेटिन्छन्, ऊ दयालु, सहयोगी छ । असल छोरा बन्न सकेको छ । पारिवारिक रूपमा पूर्ण जिम्मेवार बनेको छ । साहित्यमा पनि ऊ पहिलो रोजाईमा पर्दछ । अन्याय अत्याचारका विरुद्ध लेख मार्फत् भए पनि लड्दछ । स्वाभिमानसँग कहिल्यै सम्झौता गर्दैन । आफ्नो भूमि, देशलाई, भाषालाई औधी माया गर्दछ । देश बिग्रेको चिन्ता उसलाई पनि छ । नयाँ सुन्दर देश, समाज निर्माण गर्ने सपना देख्छ । यी विविध कारणले उसलाई नायकको रूपमा स्थापित गरेको छ । कतिपय सन्दर्भमा नायकलाई अनायकि रूपमा प्रस्तुत गरेर उपन्यासकारले विनिर्माणको शैलीलाई अपनाउन खोजेको पाइन्छ तापनि समग्रमा गोपीले उपन्यासको नायकको जिम्मेवारीलाई सम्हाल्न सकेको छ ।

**अनन्त पाइला** उपन्यास भरी गोपीले गरेका सकारात्मक कुराहरूको चर्चा गरिएको छ । सुरुमा मा.वि.को शिक्षक बनेर ठाउँ-ठाउँमा पढाउँदै हिँड्ने गरेको गोपी पछि क्याम्पसको लेक्चर बन्न पुग्दछ । साहित्यको गजल विधामा गोपी अब्बल ठानिन्छ । विभिन्न साहित्यिक कार्यक्रममा गोपीले गजल सुनाउँदै हिड्छ । अनन्तलाई पुनः मूलधारमा ल्याउने पनि गोपी नै हो । गोपीको साथ पाएर अनन्तले उन्नति प्रगति गर्दछ । उपन्यासमा गोपीले गर्नु परेको सङ्घर्ष तथा भोग्नु परेको पीडालाई पनि देखाइएको छ । गोपीले अनन्तलाई सुनाएको आत्मकथा यस्तो छ-

> २०२७ साल पुष १९ गते नेपाल हाइस्कुल रत्ननगर चितवनमा कक्षा ६ मा भर्ना भएँ । बिहान जुरुक्क उठ्यो २०-२५ वटा जन्तुहरूको भकारो सोहोर्‍यो । घाँसको बन्दोबस्त गर्‍यो अनि नौ बजेतिर पैदल स्कुल गयो । (**अनन्त पाइला** : पृष्ठ ९१ ।)

गोपीले **अनन्त पाइला** उपन्यासमा आदर्श पात्रको भूमिका खेलेको छ । गोपीले अनन्तलाई आदर्शको पाठ सिकाउँछ । जीवनबाट वाक्क बनेको अनन्तलाई जीवन जीउने नौलो ऊर्जा दिन्छ गोपीले । यसै प्रसङ्गमा गोपीले अनन्तलाई दिएको सन्देश यस्तो छ -

> अनन्त भाइ, मान्छेले जीवनमा सुख र दुःख त भोग्नै पर्दछ । यसको रङ्ग फरक मात्र हो । तर मेरो हार्दिक कामना के छ भने शत्रुले पनि पहिला सुख पाएर पछि दुःख नपाओस् । यसो भयो भने अर्थात् पूर्वाद्धमा छेलोखेलो र उत्तरार्धमा अभावै अभाव भयो भने जीवन नाटकीय बन्दोरहेछ । आज आएर मलाई के भन्न मन लागेको छ भने अलिअलि अभावको अनुभूति जीवनमा हुनैपर्ने रहेछ । धनीहरूका सन्तान बिग्रिएको देख्दा मैले गरिबीलाई सलाम गर्ने गरेको छु । गरिबी अभिशाप भएर पनि वरदान हो । मान्छेले सङ्घर्ष गर्नुपर्दछ । ज्यादै सुविधा भयो भने मान्छे निकम्मा बन्ने सम्भावना पनि हुन्छ । (**अनन्त पाइला : पृष्ठ** ९१ ।)

समग्रमा **अनन्त पाइला**मा गोपीको भूमिकालाई एक शिक्षित व्यक्तित्व, सहयोगी, समाजसेवी, असल तथा सुयोग्य पात्रका रूपमा चिन्न सकिन्छ । जीवनका हरेक पक्षलाई सकारात्मक तरिकाले सोच्ने गोपी पारिवारिक हिसाबले पनि सफल मानिन्छ । शैक्षिक पेसामा आवद्ध गोपी पेसाप्रति सन्तुष्ट छ भने साहित्यमा संलग्न गोपी पाठकको हृदयमा बस्न सफल भएको छ । यसप्रकार गोपीलाई यस **अनन्त पाइला** उपन्यासमा सफल तथा आदर्श तथा गतिशील पात्रको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

### २.५.३.२. अनन्त

**अनन्त पाइला** उपन्यासमा सहनायकको भूमिकामा अनन्त रहेको छ । अनन्तको भूमिका उपन्यासमा परिवर्तनशील रहेको छ । उपन्यासको सुरुवाती चरणमा अनन्त एक बीचलित, निराश, बेरोजगार तथा विसङ्गतिबोधले थिचिएको पात्र थियो भने उपन्यासले गति लिदै जाँदा अनन्तको चरित्रमा परिवर्तन आई ऊ असल, सभ्य, जागिरे, सहयोगी, असल छोरा, असल पति हुँदै व्यवसायिक व्यक्ति बन्न सफल भएको पात्रको रूपमा परिचित भएको छ । अनन्त **सुकरातका पाइला**बाट अवतरण भएको पात्र हो । **सुकरातका पाइला** उपन्यासमा मुख्य भूमिकामा रहेको पात्रलाई **अनन्त पाइला** उपन्यासका उपन्यासकारले सहनायकको भूमिकामा स्थापित गरिदिएका छन् ।

**सुकरातका पाइला** उपन्यासमा आत्महत्याको मनस्थितिमा पुगेको पात्र अनन्त जब काठमाडौँ छाडेर चितवनमा रहेको मित्र गोपीको सामिप्यतामा पुग्छ । उसको जीवनमा एउटा ठूलो मोड आउँछ । गोपीले उसलाई धेरै सहयोग गर्दछ । रोजगार दिलाउँछ । ऊ सौराहामा टुरिष्टलाई गाइड गर्ने काममा दिन बिताउँछ । पछि ऊ चितवनमै स्थापित बन्न पुग्छ । पारिवारिक रूपमा पनि ऊ पूर्ण जिम्मेवार बन्दछ । बाबु आमालाई चितवनमा नै स्थापित गर्दछ । भाइ र बैनीलाई उच्च शिक्षाको प्रबन्ध गरी असल छोराको परिचय देखाउँछ । **सुकरातका पाइला**मा पूर्णिमाको वियोगमा छटपटाएको अनन्तले **अनन्त पाइला** उपन्यासमा सोफियाको साथ पाउँछ । प्रेममा सफल बन्न पुग्दछ । सामाजिक हैसियतले पनि उसको उच्च मर्यादा हुन्छ । विभिन्न सामाजिक कार्यमा अनन्तको उत्साहजनक सहभागिता हुन्छ । गोपीले भाग लिने प्रायः सबैजसो कार्यक्रममा अनन्त पनि सहभागी बन्दछ । पछि गोपीसँग मिलेर होटल व्यवसाय पनि सञ्चालन गर्दछ । उपन्यासको सुरुवातीमा बिक्षिप्त स्थितिबाट प्रवेश गरेको अनन्त अन्त्यतिर सफल व्यक्तिको लहरमा खडा देखिन्छ ।

**अनन्त पाइला** उपन्यासमा अनन्तको भूमिकालाई समग्रमा हेर्दा सकारात्मक पात्रको रूपमा लिन सकिन्छ । सुरुवाततिर बीचलनमा परेको अनन्त उपन्यासको गतिसँगै उसको जीवनमा नयाँ मोड आउँछ जसले गर्दा ऊ असल छोरा, असल पति, असल बाबु, असल मित्र, असल सहपाठी बन्न सफल हुन्छ । अनन्तकै सफलताको चर्चा परिचर्चामा यो उपन्यास रचिएको छ । द्वन्द्वपछिको व्यवस्थित जीवनको झल्को **अनन्त पाइला**मा अनन्तले दिन सकेको छ । उसको कार्यशैली, व्यवहार, जीवनशैली, सङ्घर्ष आदिको सफलतालाई पहिल्याउन उसकै नाममा उपन्यासको नामाकरण गरिएको छ । उपन्यासमा गोपीकै चर्चा परिचर्चा धेरै गरिएतापनि उपन्यासमा घट्ने मुख्य घटनामा अनन्तको पनि सङ्लग्नता रहने गर्दछ । समग्रमा उपन्यासमा अनन्तको भूमिकालाई उच्च आशावादी तथा आदर्शवादी पात्रको रूपमा लिन सकिन्छ ।

### २.५.३.३. रजनी

**अनन्त पाइला** उपन्यासमा रजनी नौलो पात्रको रूपमा उपस्थित छे । **सुकरातका पाइला**मा परिचय नगराइएकी पात्र रजनी यस **अनन्त पाइला** उपन्यासकी नायिका तथा नायक गोपीकी

श्रीमती हो । रजनीको उपस्थिति उपन्यासको सुरुवातदेखि नै हुन्छ र उपन्यासको अन्त्य खण्डसम्म कहिँ न कहिँ उपस्थिति रहेको छ । उपन्यासकारले **अनन्त पाइला** उपन्यासमा रजनीको भूमिकालाई घरबार चलाउन जान्ने, असल बुहारी, असल पत्नीको भूमिकामा सीमित गरेका छन् । आफ्नो पति गोपीबाट उसले अलिअलि साहित्यिक माहोल पनि प्राप्त गर्दछे । तार्किक कुरा गर्न पनि सिक्दछे । एउटा असल महिलामा हुने सबै गुणहरू प्रायः रजनीमा पनि पाउन सकिन्छ । उसको चरित्रलाई उपन्यासमा उपन्यासकारले एकनाशको अपरिवर्तनशील बनाएका छन् । सामाजिक उत्तरदायित्व, पारिवारिक समझदारी, सहयोगी भावना, रजनीमा पनि देखिन्छ । विशेषगरी रजनीलाई गोपीको सहायकको रूपमा पनि प्रस्तुत गर्न खोजिएको छ । समाजमा कमै भेटिने आदर्श महिलामा रजनी पनि एक पर्छे । ऊ एक आदर्श नारीको रूपमा उपस्थित रहेकी छ । उपन्यासलाई विनिर्माण गर्न चाहेका उपन्यासकारले रजनीको भूमिकालाई क्रान्तिकारी छबिको नबनाई सरल, आदर्श तथा सहयोगी भावनाको बनाई नारी आदर्शको पक्षमा पक्षपोषण गरेको पाइन्छ । समग्रतामा भन्दा रजनीको **अनन्त पाइला** उपन्यासमा आदर्श नारीको भूमिका देखिन्छ ।

## २.५.३.४. श्रद्धा

श्रद्धा **अनन्त पाइला** उपन्यासकी शिक्षित, अनुशासित, मितव्ययी युवती तथा नारी पात्र हो । उपन्यासको बीच भागबाट भूमिका पाएकी श्रद्धा गोपीकी ठूली छोरी हो । उसले उच्च शिक्षा पाएकी छ । राम्रो पारिवारिक वातावरणमा हुर्कन पाएकी श्रद्धा पढाइमा पनि अब्बल छ । ऊ अनुशासित तथा आदर्श युवतीको कोटामा पर्दछ । युवा अवस्थामा प्रेमको चक्करमा नलागी आफ्नो पढाइमा ध्यान दिने ऊ आदर्श पात्र हो । बाबुलाई सधैं सहयोग गर्दछे । समाज परिवर्तनको अपेक्षा गर्ने श्रद्धा आफूमा भने कुनै परिवर्तन  देखाउँदिन । उसको चरित्र एकनाशको रहेको छ । अध्ययन पश्चात् अध्यापन पेसामा लागेकी श्रद्धा साहित्यमा पनि रुचि राख्ने पात्र हो । उपन्यासको अन्त्यतिर विवाह गरी ऊ पारिवारिक बनेकी छ । साथीभाइसँग पनि उसको सुमधुर सम्बन्ध रहन्छ । श्रद्धा सबैकी प्रिय हुन्छे । उपन्यासमा उपन्यासकारले श्रद्धालाई आदर्श नारी युवतीको रूपमा प्रस्तुत गरेका छन् । वर्तमान विकृत मनस्थिति लिएका युवाहरूलाई नमुनाका रूपमा श्रद्धाको उपस्थिति उपन्यासमा उपन्यासकारले गरेका छन् ।

## २.५.३.५. सुकरात

**अनन्त पाइला** उपन्यासमा सुकरातको भूमिकालाई **सुकरातका पाइला**कै निरन्तरतामा परिणत गरिएको छ । **अनन्त पाइला**मा सुकरातको भूमिका **सुकरातका पाइला**मा जस्तो विशिष्टीकृत नभएर सामान्यीकृत गरिएको छ । सामान्य रूपमा एक प्राध्यापक बनेर काम गरिरहेको सुकरात विवाहित भएपनि सन्तान विहीन छ । सन्तानको चाहनालाई पुरा गर्न धर्मपुत्री पालेको छ । पछि धर्मपुत्रीले आफूखुसी विवाह गरेपछि त्यसैको पीडामा उसकी श्रीमती नीलिमाको मृत्यु हुन्छ त्यसपछि एक्लो बनेको सुकरातलाई अनन्तले काठमाडौबाट चितवन लान्छ र ऊ चितवनमै अध्यापन कार्यमा सक्रिय देखिन्छ । **सुकरातका पाइला**मा प्रस्तुत भएको सुकरात र **अनन्त पाइला**मा भेटिने सुकरातमा

तात्त्विक भिन्नता खासै भेटिँदैन । अपरिवर्तनशील चरित्र भएको पात्र सुकरातको भूमिका उपन्यासमा प्रसङ्गवश भित्र्याइएको चरित्र जत्तिकै देखिन्छ । उपन्यासको अन्त्यतिर सुकरातकै नामबाट सुकरात महाविद्यालयको स्थापना गरिएको छ । सुकरातलाई उपन्यासमा शिक्षा क्षेत्रसँग जोडेर देखाउन खोजिएको छ । असल योग्य र दार्शनिक गुरुको स्थानमा सुकरातलाई राखिएको छ । सामाजिक तथा वैवाहिक जीवन सुन्दर बन्न नसकेको सुकरात अन्त्यमा अनन्त र गोपीको सहयोगमा चितवन बसाइँ सरेको छ । जीवन शिक्षा क्षेत्रमा समर्पण गरेको सुकरात उपन्यासको बौद्धिक पात्र हो ।

## २.५.४. अनन्त पाइला उपन्यासको भाषाशैली

उपन्यास साहित्यको गद्य विधा अन्तर्गत पर्दछ । उपन्यास पाठ्य विधा भएकोले यसको भाषा र प्रस्तुतिले उपन्यासको स्तर निर्धारणमा सहयोग गर्दछ । उपन्यासकारले उपन्यासको मूल विषयवस्तुलाई भाषाको माध्यमबाट संप्रेषण गर्ने गर्दछ । यही भाषाको माध्यमबाट विचारहरू संप्रेषण गर्ने तरिकालाई शैली भनिन्छ । **अनन्त पाइला** उपन्यासको भाषा सरल छ । सरल विषयबस्तुको सरल तरिकाले व्याख्या गरिएको छ । शैली चाहीँ व्याख्यात्मक रहेको छ । सबै जानकारी पाएझैँ लेखकले पात्रका कार्यकलापलाई व्याख्या, वर्णन गरेको छ । स्थानीयताको प्रभाव भाषामा भेट्न सकिन्छ । प्राय बोलीचालीमा प्रयोग गरिने शब्दहरू यस उपन्यासमा प्रयोग गरिएको छ । लेखकको कवितात्मक शैलीको प्रभाव पनि कहिँ कहिँ भेट्न सकिन्छ । कतिपय सन्दर्भमा ठेट भाषा प्रयोग गर्नुपर्ने स्थितिमा पनि घुमाउरो शैली प्रयोग गरिएको पाईन्छ । प्रायः सामान्य पाठकले बुझ्न सक्ने भाषाशैलीको प्रयोग गरिएको छ । कहिँ कहिँ गजलात्मक कहिँ थारु भाषाको प्रयोग त कहिँ हिन्दी, अङ्ग्रेजी भाषाको प्रयोग पनि उपन्यासमा गरिएको छ । उपन्यासभरी तत्सम, तत्भव, आगन्तुक सबै खाले शब्द भेट्न सकिन्छ । कृयापद बिहीन वाक्यको प्रयोग पनि अधिक गरिएको छ जस्तै :-

> सुकरात र घनश्याम कंडेल दुबै समकालीन । घनश्याम बुढा अचम्मका प्रतिभा । आफ्नो बिषयमा सुकरात पनि कम होइनन् । घनश्याम गुरु भने अलि बेग्लै अद्वितीय, हिन्दी, संस्कृत, अङ्ग्रेजी, नेपाली चारै भाषाका विद्वान् । (**अनन्त पाइला** : पृष्ठ ४३)

उपन्यासमा थारु भाषाको प्रयोग यस प्रकार गरिएको छ :-

> याजु कते सरकारे ? एउटा चौधरी बन्धु ।
> यतही घुमे याइली । लौठा सङ्गाती याइले काठमान्डु से । नेपाली टुरिष्ट जे । (**अनन्त पाइला** : पृष्ठ २३)

उपन्यासको पात्र गोपीले सौराहामा आएका विदेशी पर्यटकसँग अङ्ग्रेजीमा गरेको संवाद यस प्रकार छ :-

> हेलो, केटी
> हेलो, गोपी
> हाउ आर यू ? केटी
> वी आर फाइन । हाइ इज योर जर्नी ? गोपी
> भेरी नाइस केटी (**अनन्त पाइला** : पृष्ठ १०३)

प्रसङ्ग र सन्दर्भ मिलाएर गजलको पनि प्रयोग गरिएको छ । गोपीले सौराहामा गाएको गजलको नमूना यस्तो छ :-

धेरै धेरै मान्छे आऊन् हाम्रो सौराहामा
अजम्बरी प्रीत लाऊन् हाम्रो सौराहामा
गरौँ खेती आनन्दको बालौँ शान्ति दियो
फगत शान्ति गीत गाऊन् हाम्रो सौराहामा । (**अनन्त पाइला** : पृष्ठ १३६)

उपन्यासमा चलन चल्तीमा रहेका तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । फसाद, फुङ्ग, जिल्ल, यायावर आदि शब्दहरूको प्रयोग गरिएको छ । त्यसै गरी उपन्यासमा अङ्ग्रेजी शब्दहरूको पनि पर्याप्त प्रयोग भेटिन्छ । हेल्लो, म्याजिक, पेन्सन, टिम, कोचिङ, ड्राइभिङ, इमेल, रिसोर्ट, नोट, मिटिङ, डायरी, एयरपोर्ट आदि ।

उपन्यासमा उच्च आदरार्थी शब्दहरूको पनि प्रयोग गरिएको छ । पर्यायवाची शब्दहरू पनि भेटिन्छन् । बाबुलाई पिता, आमालाई माता भनेर सम्बोधन गरिएको छ । पात्रहरूको स्तर अनुसारको भाषा प्रयोग गरिएको छ । उपन्यासकी पात्र श्रद्धाले प्रयोग गरेको बौद्धिक भाषाको नमूना यस प्रकार रहेको छ -

जीवन एउटा महल हो भने प्रेम त्यसको जग हो । जग मजबुत भएन भने के हुन्छ ? प्रेम बुद्ध हो, प्रेम मदर टेरेसा हो, प्रेम महात्मा गान्धी हो, प्रेम सत्यम् शिवम् सुन्दरम् हो । जीवनको मार्ग पनि प्रेम हो र गन्तव्य पनि प्रेम हो । फूल पनि प्रेम हो र त्यसको सुवास पनि प्रेम हो । प्रेममय जीवन नै सार्थक जीवन हो । सम्पूर्ण धर्मको निचोड प्रेम हो । प्रेममय जीवन नै सार्थक जीवन हो । (**अनन्त पाइला** : पृष्ठ ६५)

उपन्यासमा गोपीले थारु भाषामा प्रवचन दिएको छ । गैह्र थारु भएर पनि राम्रोसँग थारु भाषा बोल्न सकेको छ । यसको नमुना यस प्रकार रहेको छ :-

“आदरणीय सभापतिज्यू, प्रमुख अतिथिज्यू, मोरसङ्गाती सब काका, काकी, मोर बहिदार, बहिदार्नी, सर्वप्रथम आयोजक कमिटी क मू धन्यवाद डेवई । मू लम्बा चौडा भाषण नाही कर्बहीं । थारु जाती पाछे परल बढै” । (**अनन्त पाइला** : पृष्ठ ७९)

यसैगरी गोपीले थारु भाषामा कविता पनि यसरी प्रस्तुत गरेको छ :-

दावो, बाबा, काकी काका सुन मोर बात
सीधासाधा भोलाभाला हमार थारु जात
घौरा सौरा छाडे पनै पढे पतै अब
यागा यागा थारु जाती बढे पर्तो अब । (**अनन्त पाइला** : पृष्ठ ७९)

यसप्रकार **अनन्त पाइला** उपन्यासमा विभिन्न भाषाहरूको प्रयोग भेट्न सकिन्छ । भाषा फरक फरक भएतापनि यसको प्रस्तुतिको शैली सरल र सपाट छ । उपन्यासको शैली रोमाञ्चकारी छ । विषयवस्तु सिधा प्रसारण नगरी कौतुहलताको मर्मलाई समेट्न खोजिएको छ । विभिन्न बिम्ब र प्रतीकको पनि प्रयोग गरिएको छ । दुलही भैँ सिँगारिनु सुन्दरताको प्रतीक

हो । सुकरात क्याम्पसलाई शिक्षाको विकासको बिम्बको रूपमा लिइएको छ । भाषामा सरल र प्रस्तुतिको विविधता यस उपन्यासमा भेट्न सकिन्छ ।

## २.५.५. अनन्त पाइला उपन्यासको पर्यावरण

**अनन्त पाइला** उपन्यासमा विशेष गरी २०६२/६३ को जनआन्दोलन पश्चात्को नवजागरण कालीन समयको स्थितिलाई चितवन केन्द्रित गरेर देखाउन खोजिएको छ । चितवन तथा आसपासका क्षेत्रलाई यसमा मुख्य रूपमा समेटिएको छ । चितवनको सुरम्य वातावरणको चर्चा परिचर्चा यसमा प्रशस्त भेटिन्छ । चितवन भन्ने बित्तिकै सौराहा जोडिन्छ, त्यही सौराहाको वरिपरि **अनन्त पाइला** उपन्यास संरचित भएको छ । पर्यटकीय महत्त्व राख्ने सौराहालाई उपन्यासमा राम्रोसँग वर्णन गरिएको छ । यस बारे लेखक स्वयम् 'सौराहा र पर्यटनलाई साहित्यसित जोड्ने मेरो गुरुयोजनाको मूर्तरूप हो यो भनेका छन् । उपन्यासको सुरुवातमा प्रकृतिको यस प्रकार वर्णन गरिएको छ :-

> चितवन यतिखेर हेर्न लायक छ । चितवन महोत्सवको कारणले नारायणगढ मात्र होइन भरतपुर पनि नयाँ दुलही झैं सिँगारिएको छ । (**अनन्त पाइला : पृष्ठ** १ ।)

यस उपन्यास भरि नै चितवनका महत्त्वपूर्ण स्थान र त्यहाँ हुने विशेष महोत्सव, साहित्यिक कार्यक्रमका बारेमा यर्थाथ चित्र यस उपन्यासमा उपन्यासकारले उतारेका छन् । रमेश प्रभातले आफ्नो लेखमा भनेका छन्:-

"**अनन्त पाइला** उपन्यास मूलतः चितवनको माटो सुवासित भएको कृति हो । चितवनको पहिचान चितवन महोत्सव, विभिन्न मेला जात्रा, साहित्यिक कार्यक्रमहरू, साँस्कृतिक झाँकी आदिलाई उपन्यासमा समेटिएको छ । चितवनमा क्रियाशील विभिन्न राष्ट्रिय तथा स्थानीय प्रबुद्ध व्यक्तित्व, साहित्यकारलाई पनि उपन्यासमा राम्रो ठाउँ दिइएको छ । विशेष गरी पर्यटकीय स्थल सौराहालाई केन्द्रमा राखिएकोले यसलाई चितवन चिनाउने साहित्यिक कृति मान्न सकिन्छ" ।[१५]

**अनन्त पाइला** उपन्यासमा चितवनको प्राकृतिक दृश्य मात्र नभएर सामाजिक बनोट र सास्कृतिक पक्षलाई पनि समावेश गरिएको छ । देशका ७५ वटै जिल्लाबाट बसाइँसराइ गरेर आएका मानिसका विभिन्न सास्कृतिक, धार्मिक प्रथा, परम्परा, भाषा, साहित्यका विविध पक्षलाई यस उपन्यासमा समावेश गरिएको छ । **अनन्त पाइला** उपन्यासमा आञ्चलिकताको प्रभाव भेट्न सकिन्छ । यसै सन्र्दभमा गोविन्दराज भट्टराईको विश्लेषण यस प्रकार छ :-

**अनन्त पाइला**लाई उपन्यास मान्नु पर्दछ यद्यपि यसमा औपन्यासिकता भन्दा पनि बायोग्राफीको मात्रा ज्यादा छ । गोपीको अटोबायोग्राफी र सौराहाको बायोग्राफिकल स्केच । यो चितवनको सौराहा र परिवेशलाई राष्ट्रसमक्ष चिनाउने कृति हो । यसले त्यो भूमिलाई एक भुक्त भोगी स्थानीयको दृष्टिले चिनाउने प्रयत्न गर्दछ ।[१६]

---

[१५] रमेश प्रभात, पूर्ववत् ।

[१६] गोविन्दराज भट्टराई, पूर्ववत् ।

**अनन्त पाइला** उपन्यासमा दस वर्षे जनयुद्धले क्षत्‌विक्षत्‌ भएको समाजको पूनर्निर्माणको परिकल्पना गरिएको छ । सबैखाले द्वन्द्वको अवसान गर्ने प्रयत्न यस उपन्यासमा देखिन्छ । दसवर्षे जनयुद्धले अब स्थायी विश्राम लिने लक्षण देखाएर होला, मानव जीवनको हरेक पक्षमा नयाँ आशा र उमङ्ग पलाएका छन्‌ । (**अनन्त पाइला** : पृष्ठ १) हरेक पक्षको सकारात्मक पक्षलाई विशेष जोड दिइएको छ । सुकरातका माध्यमबाट विश्वविद्यालय र शैक्षिक क्षेत्रलाई पनि समावेश गरिएको छ । अनन्तले सौराहाका विभिन्न होटल रेस्टुरेन्ट, पर्यटकलाई जोड्ने काम गरेको छ **। अनन्त पाइला** उपन्यासमा साहित्यिक वातावरण पनि उच्च छ । सौराहामा बाह्रै महिना केही न केही साहित्यिक कार्यक्रमहरू हुन्छन्‌ । साहित्य र सौराहालाई उजिल्याउने प्रयत्न **अनन्त पाइला**मा गरिएको छ । गोपीको व्यक्तिगत जीवनका प्रसङ्ग र सर्न्दभले देशका विभिन्न भागहरूलाई उपन्यासले समेट्ने  काम गरेको छ ।

**अनन्त पाइला** उपन्यासले समग्रमा चितवनलाई केन्द्रमा राखी त्यस वरपरको वातावरण, देशमा भएको परिवर्तनको स्थिति, सौराहाको पर्यटकीय महत्त्व तथा विकास, शिक्षा क्षेत्रका नौला प्रगति समाज सुधारका पक्ष, कुरीति, अन्धसंस्कारको सुधार, जनचेतनामा अभिवृद्धि, पारिवारिक वातावरण, सङ्घर्षका कथाहरू, मेलमिलाप, आपसी सहयोग, साहित्य, धर्म, संस्कृति, कलाको संरक्षण आदि विभिन्न परिवेशलाई समेटेको छ ।

## २.५.६. अनन्त पाइला उपन्यासमा दृष्टिबिन्दुको प्रयोग

**अनन्त पाइला** उपन्यासका कथयिता लेखक स्वयं रहेका छन्‌ । उपन्यासमा लेखक स्वयंको उपस्थिति छैन तर उपन्यास भन्दा बाहिर बसेर पात्रहरूको मानसिक जगत्‌मा विचरण गरिरहेका छन्‌ । यस उपन्यासमा लेखकले पात्रहरूको मनको कुरा सबै थाहा पाई प्रस्तुत गर्ने र हरेक घटनालाई विश्लेषण गर्ने भएकाले यसमा बाह्य दृष्टिबिन्दु पाइन्छ । **अनन्त पाइला** उपन्यासमा बाह्य दृष्टिबिन्दु अन्तर्गतको सर्वज्ञ सर्वदर्शी दृष्टिकोणको प्रयोग भएको पाइन्छ । उपन्यासका हरेक घटनालाई लेखक स्वंयले टिप्पणी तथा विश्लेषण गरेका छन्‌ । उपन्यासमा बाह्य दृष्टिबिन्दुको प्रयोग यसप्रकार गरिएको छ :-

> चितवन यतिखेर हेर्न लायक छ । चितवन महोत्सवको कारणले नारायणगढ मात्र होइन भरतपुर पनि नयाँ दुलही झैँ सिँगारिएको छ । मिनिबस, माइक्रोबस सबै खचाखच । त्यसमाथि दसवर्षे जनयुद्धले अब स्थायी विश्राम लिने लक्षण देखाएर होला, मानव जीवनको हरेक पक्षमा नयाँ आशा र उमङ्ग पलाएका छन्‌ । (**अनन्त पाइला** : पृष्ठ १)

यस प्रकार नै उपन्यास भरी प्राय सबै जसो ठाउँमा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ । उपन्यासको बीचतिर कतै संवादात्मक त कतै आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको पनि पाइन्छ । आन्तरिक दृष्टिबिन्दुको प्रयोग यसरी भएको छ :-

> झुवानी मा.वि.बाट सरुवा भएर नेपाल मा.वि. गएँ म । यो बाध्यता थियो । झुवानीको अपार मायालाई बिर्सन सक्ने कुरा थिएन । दरबन्दिमा नबसी स्थायी नहुने । एउटा जागिरेको लोभ यही नै रहेछ । स्थायी, सञ्चय कोष, र पेन्सन । एम.ए. द्वितीय वर्षको परिक्षा दिएपछि क्याम्पस प्रवेश गरेँ । त्यति खेर क्याम्पस प्रमुख हुनुहुन्थ्यो शान्त नारायण क्षेत्री, सारै असल । उहाँकै पहलमा म क्याम्पस प्रवेश गरेको हुँ । (**अनन्त पाइला** : पृष्ठ १०१)

उपन्यासमा आन्तरिक दृष्टिबिन्दुको छिटफुट रूपमा प्रयोग गरिएता पनि बाह्य दृष्टिबिन्दुको प्रयोग यसमा धेरै गरिएको छ । उपन्यासको सुरुवातमा पनि बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ भने अन्त्यमा पनि बाह्य दृष्टिबिन्दुको प्रयोग यसरी गरिएको छ :-

नयाँ नेपालमा साँच्ची नै सबै कुरा नयाँ छ । राप्ती र नारायणी अविरल बगिरहेछन् । नेपाली जनताको अनुहार उज्यालो देख्न पाइएको छ । त्यही वर्ष गोपीको उपन्यास बजारमा आयो जगदीश घिमिरेलाई प्रमुख अतिथि बनाएर गोपीले किताब विमोचन गऱ्यो सौराहामै । (**अनन्त पाइला : पृष्ठ** २२९)

यस प्रकार **अनन्त पाइला** उपन्यासमा बाह्य/तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको प्रस्ट थाहा हुन्छ ।

## २.५.७. अनन्त पाइला उपन्यासमा संवादको प्रयोग

उपन्यासमा भएका पात्र पात्राहरूका बीचमा आ-आफ्ना विचार र भावना व्यक्त गर्नका लागि हुने पारस्परिक वार्तालापलाई संवाद भनिन्छ । संवाद नाटकमा प्रमुख अङ्ग मानिन्छ भने उपन्यासमा पनि यसको प्रयोग बढ्दै गएको छ । संवादबिना पनि उपन्यासको रचना हुन सक्छ तर पनि उपन्यासमा नवीनता, रोचकता र कौतुहलतापूर्ण स्थिति र वातावरणको सिर्जना गर्नाकालागि संवादको महत्त्वपूर्ण भूमिका हुन्छ ।

**अनन्त पाइला** उपन्यासमा पनि संवादको प्रयोग भएको पाइन्छ । दुई पक्षीय संवाद, त्रिपक्षीय संवाद, लामा–छोटा संवाद, दार्शनिक, श्रृङ्गारिक संवाद, टेलिफोनमा गरिएका संवाद आदि विभिन्न खालका संवादहरू भेट्न सकिन्छ । उपन्यासको पहिलो खण्डमा गोपी र रजनीले अनन्तको विषयमा गरेको दुई पक्षीय संवाद यस प्रकार छ :-

'रजनी मलाई अझै अनन्तको याद आइरहेछ ।

मेरो आत्माले यो कुरा पटक्कै स्वीकार्दैन । निशा र तपाई बीचको सम्बन्धलाई लिएर त्यति मिठो ठट्टा गर्ने मान्छे एकपटक आफ्नो भाउजु रजनी सित मिल्न अवश्य आउँछ । (**अनन्त पाइला** : पृष्ठ ४)

उपन्यासमा टेलिफोन वार्तालाई पनि समेटिएको छ । गोपी र गोविन्दराज भट्टराई बीच टेलिफोनमा भएको संवाद यस्तो छ :-

'हेलो भाइ'

'दाजु नमस्कार'

भाई, नयाँ खबर के छ ? सुन्नुभयो भने होश उड्छ दाजु सुनाऊँ ?

'के भयो भाइ त्यस्तो, सुनाऊँ, सुनाऊँ । मेरो मन पनि हल्लिन थाल्यो ।'(**अनन्त पाइला** : पृष्ठ १९)

त्यस्तै गरी चौधरीसँग थारु भाषामा गोपीले वोलेको संवाद यस प्रकार छ :-

'याजु कते सरकारे ?

'यतही घुमे याइली ।

लौठा सङ्गाति याइले काठमाण्डु से । नेपाली टुरिष्ठ जे ।'(**अनन्त पाइला** : पृष्ठ २३)

उपन्यासमा अनुप्राशयुक्त चार पक्षीय संवाद यसप्रकार रहेको छ :-

तिम्रो पत्नी प्रेमलाई सलाम ! निशा

तिम्रो सलामलाई सलाम ! गोपी

'भारतका पूर्वराष्ट्रपति अब्दुल कलाम' सोफिया

दाजु यी नारीलाई नचलाम्  अनन्त । (**अनन्त पाइला** : पृष्ठ २९)

प्रेम प्रसङ्गलाई लिएर श्रद्धा, निशा र सोफिया बीचको श्रृङ्गारिक एवं दार्शनिक संवाद यस्तो रहेको छ :-

'ए ऽऽ....निशा, मसँग के स्वाङ पारेको । गोपीजी अविवाहित भएको भए ......सोफिया 'अव त्यो मनको लड्डु घिऊ सित खाने ? यो भएको भए, त्यो भएको भए पनि जिन्दगी हो र ? गोपी मेरो असल मित्र हो । म उनको आइमाई साथी हुँ ।' बस्, निशा ।

निशाजी पवित्र प्रेम, चोखो माया मान्छेको जन्मसिद्ध अधिकार हो । माया, प्रेम, स्नेह, सद्भाव, त्याग, बलिदान, परोपकार, मानवता, साद्गी, इमान्दारीता, नैतिकता यस्तै यस्तै होइनन् मान्छेका गहनाहरू । हिजोको आजै तपाईहरूलाई यहाँ केले डोऱ्यायो । त्यही मायाले होइन ? नि:सर्त सम्बन्धले होइन ? हामी हामी बीचमै के रक्त सम्बन्ध छ ? तैपनि सहोदरभन्दा पनि बढी आत्मियता प्रदर्शन गरिरहेका छैनौ ? अनन्तलाई मेरो बाले किन त्यति माया गर्नु भयो ? फगत् मानवीय संवेदना होइन त्यो ? जीवन एउटा महल हो भने प्रेम त्यसको जग हो । जग मजबुत भएन भने के हुन्छ ? प्रेम बुद्ध हो, प्रेम मदर टेरेसा हो, प्रेम महात्मा गान्धी हो, प्रेम सत्यम् शिवम् सुन्दरम हो । जीवनको मार्ग पनि प्रेम हो र गन्तव्य पनि प्रेम हो । फूल पनि प्रेम हो र त्यसको सुवास पनि प्रेम हो । प्रेममय जीवन नै सार्थक जीवन हो । सम्पूर्ण धर्मको निचोड प्रेम हो । प्रेममय जीवन नै सार्थक जीवन हो । सम्पूर्ण सृष्टिको सारतत्व प्रेम हो । (**अनन्त पाइला** : पृष्ठ ६५)

उपर्युक्त उदाहरणहरूबाट **अनन्त पाइला** उपन्यासभित्र विभिन्न प्रकारका संवादहरू प्रयोग भएका छन् । कही उपन्यासकार सर्वज्ञ बनी गरिएको वर्णन तथा कहीं पात्रले एकोहोरो आत्मकथा व्यक्त गरिरहेको बेला बीचबीचमा आएको नाटकीय संवादले उपन्यासलाई थप रोचक र प्रभावकारी बनाएको छ । यस उपन्यासमा पात्रपात्राले बोलेको भाषा तथा शैली स्वभाविक किसिमको छ ।

### २.५.८. अनन्त पाइला उपन्यासमा द्वन्द्व

**अनन्त पाइला** उपन्यासमा द्वन्द्व प्रत्यक्ष रूपमा नभई परोक्ष रूपमा देखिएको छ । द्वन्द्वको रूपान्तरण गरी शान्त, सभ्य, उन्नती र प्रगतितर्फ उन्मुख हुँदै गरेको समाजको चित्रण गरिएकाले अनन्त पाइलामा द्वन्द्व पृष्ठभूमिका रूपमा मात्र आएको छ । पृष्ठभूमिमा द्वन्द्व भएकोले नै अनन्त पाइलाको रचना भएको छ साथै यसको औचित्य सार्थक बन्न सक्छ । किनकी **अनन्त पाइला**मा सबै कुराहरू नयाँ एवम् परिवर्तनशील छन् शुन्य तहबाट सुरु भएका छन् । यस प्रकारको सुरुवात र परिवर्तन द्वन्द्वपछिको समाजमा मात्र सम्भव भएको हुँदा पनि

**अनन्त पाइला**को आधारभूमिमा द्वन्द्व रहेको पुस्टी हुन्छ । तर उपन्यासको मूल भागमा भने द्वन्द्वको कुनै असर पाइदैन । नत बाह्य रूपमा द्वन्द्व छ नत पात्रपात्राहरूको बीचमा द्वन्द्व छ । शान्ति, भातृत्व, सहकार्य, आपसी मेलमिलाप आदिको मात्र चर्चा परिचर्चा गरिएको छ । यस प्रकारले अनन्त पाइला उपन्यासमा द्वन्द्व प्रत्यक्ष रूपमा नभएर अप्रत्यक्ष रूपमा मात्र रहेको छ ।

## २.५.९. अनन्त पाइला उपन्यासको जीवनदर्शन

**अनन्त पाइला** उपन्यासमा चितवनको तथा यस वरपरको प्राकृतिक सुन्दरताको वर्णन भेटिन्छ । विशेष गरी चितवनको सौराहालाई केन्द्रमा राखी सौराहामा हुने पर्यटनको विकास तथा भावी सम्भावनाका विषयलाई महत्त्व साथ प्रस्तुत गरिएको छ । चितवन हरेक क्षेत्रमा विकास चाहन्छ । देशका ७५ वटै जिल्लाबाट आएर बसोबास गर्ने स्थल हुनाले यसलाई ७६ औँ जिल्लाको उपमा दिइएको छ । विशेष गरी साहित्यको विकासमा पनि यसले महत्त्वपूर्ण कार्य गरेको कुरा उपन्यासमा उल्लेख छ । उपन्यासले अर्को महत्त्वका साथ उठान गरेको विषय हो पूनर्जागरण तथा पुनर्निमाण, युद्ध, हिंसा र आतङ्कले भयभीत वातावरणको उन्मुक्तिका साथै सुन्दर, शान्त र विकसित नयाँ समाजको निर्माण गर्नु यसको मुख्य उद्देश्य छ । यस उपन्यासमा डरत्रास होइन भातृत्व र प्रेमले समाज सिँगार्न सकिन्छ भन्ने उपदेश प्राप्त गर्न सकिन्छ । जीवन जिउनेका लागि हो । मान्छेले चाहे जे पनि गर्न सक्छ समाजलाई सुन्दर बनाउने मान्छेले नै हो । काम गरे सफलता मिल्छ त्यसको लागि प्रेम सद्भाव र एकताको खाँचो पर्दछ भन्ने सन्देश उपन्यासले दिएको छ ।

**सुकरातका पाइला**को क्रम लेखन भनिएपनि यसमा विषयवस्तु फरक भेट्न सकिन्छ । **सुकरातका पाइला**मा हत्या हिंसा, आतङ्क, युद्धको बिगबिगी छ भने **अनन्त पाइला**मा प्रेम, सहअस्तित्व, मेलमिलाप आपसी सद्भाव, भाइचारा बन्धुत्व भेट्न सकिन्छ । यही कुरालाई स्विकार्दै गोविन्दराज भट्टराईले **अनन्त पाइला**को भूमिकामा *अनन्त पाइलामा बलेको आशावादी जीवनदीप हेरेर* भन्ने शीर्षक मार्फत भनेका छन् । **अनन्त पाइला** भन्नु नै **सुकरातका पाइला**को आदर्शीकरण हो । लेखक जीवनलाई त्यहाँको जस्तो भयप्रद यथार्थतामा होइन, काल्पनिक तर सुन्दर यथार्थतामा देख्न चाहन्छन् । त्यस्तै अर्को ठाउँमा उपन्यासको थिम छ प्रेम, सह अस्तित्व, जीवनवादिता, आशावादिता, आदर्शस्थिति, नैतिकता समाज उत्थान, राष्ट्रिय कल्याण, सबै आदर्शमय, यो कृतिको हृदय सम्पूर्ण रूपले सकारात्मक र उज्यालोको वाञ्छनाले निर्मित छ ।[१७]

**अनन्त पाइला** उपन्यासले मानिसलाई भयभीत संसारबाट मुक्त बनाई आशावादी युगतर्फ पाइला चलाउन मद्दत गरेको छ । उपन्यासकारको मुख्य अभिष्ट नै आशावादी, जीवनको पक्षमा वकालत गर्नु देखिन्छ । उपन्यासकारले आफ्नो उद्देश्यको लक्ष्यप्राप्तिको लागि आफ्ना उपन्यासका पात्रहरू मार्फत व्यक्त गरेका छन् । उपन्यासको पात्र अनन्त मार्फत लेखक भन्दछन् अन्धकारलाई उज्यालोमा अनुवाद गर्न सकिन्छ । हरेक कालो रात्रीको गर्भमा सुन्दर

---

[१७] गोविन्दराज भट्टराई, पूर्ववत् ।

बिहानी लुकेको हुन्छ । बेलुकी अस्ताएपनि बिहान सूर्य उदाउँछन् । (**अनन्त पाइला** : पृष्ठ १२) मानिसले जस्तो कल्पना गऱ्यो दैवले त्यही पुऱ्याउँछ भन्दै गोपी मार्फत लेखकले सुन्दर कल्पना गर्नेले नै सुन्दर समाज निर्माण गर्न सक्ने अठोट गरेका छन् । यसै भनाईमा सहमत देखिन्छन् जीवा लामिछाने । उनले प्रकाशकीय शीर्षकको लेखमा भनेका छन् धनराज दाइलाई धेरै लामो समयदेखि नजिकबाट चिन्ने अवसर पाएँ । उहाँ अति मिलनसार, सहृदयी र आशावादी व्यक्तित्व हुनु हुन्छ । आफू भलो त जगत् भलो भने झैँ सबै मानिसहरू प्रति उहाँको सकारात्मक धारणा छ । जीवा लामिछानेका अनुसार यो उपन्यासमा लेखकको सकारात्मक सोच र आशावादी दृष्टिकोणहरू प्रस्टै हामीले देख्न सक्छौं ।[१८] उपन्यासमा लेखकले काल्पनिक रूपमा भएपनि सुन्दर नेपालको भविष्य चित्र उतारेका छन्. । राजनीतिक सुधार, सामाजिक विकास, कुरीति, अन्याय, अत्याचारको अन्त्य शिक्षित एवम् सुसंस्कृत समाजको निर्माण यस उपन्यासमा काल्पनिक रूपमा गरिएको छ । विशेष गरी जनआन्दोलन भाग २ पछिको नयाँ नेपाल निर्माण अभियानलाई टेवा पुऱ्याउने उद्देश्य यस उपन्यासको रहेको छ । जनआन्दोलन भाग २ पछि नेपाली जनतामा जुन किसिमको इच्छा र आकाङ्क्षा थियो त्यही अनुरूपको समाजको निर्माण गर्न उपन्यासमा उपन्यासकार सफल भएका छन् । एक दिन उपन्यासको पात्र गोपीले सपनामा राजनीतिमा सुधार भएको, आर्थिक अनुशासन तथा मितव्ययिता, विद्वान व्यक्तिको नेतृत्व, शिक्षित र बौद्धिकताले भरिएको समाज, शिक्षण संस्थामा राम्रो पढाई भएको, चारैतिर विकासै विकास भएको, नेपालले आर्थिक उन्नति गरेको, आत्मनिर्भर मूलुक बनेको, पछाडि परेको जाती वर्गको उत्थान भएको समावेशी सुन्दर, शान्त विशाल नेपाल भएको देख्दछ । यसले पनि के प्रस्ट पार्दछ भने उपन्यासकारले उपन्यासमा आशावादी दीप जलाएका छन् ।

**अनन्त पाइला** उपन्यासको अर्को पाटो सौराहा  सहित समग्र देशको पर्यटन उत्थान गर्नु रहेको छ । उपन्यासकारले स्वयम् सौराहा र पर्यटनलाई साहित्यसित जोड्ने मेरो गुरु योजनाको मूर्तरूप हो यो भनेका छन् । यस प्रकारले यस उपन्यासमा पर्यटन, सौराहा र साहित्यको संगम पाउन सकिन्छ । उपन्यासको मुख्य पात्र गोपी पनि अन्त्यमा पर्यटन व्यवसायमा लाग्नु अनन्तको भविष्य निर्माण तथा उसको बाटो परिवर्तन पनि पर्यटनसँग जोडिनु, सौराहा उपन्यासको केन्द्रमा रहनु, विभिन्न साहित्यिक जमघटको आयोजना पनि सौराहामा नै हुनुले पनि सौराहालाई पर्यटनको विकासमा सहयोग पुऱ्याउने स्थलको रूपमा लिइएको छ । उपन्यासभरि नै सौराहाको चर्चा परिचर्चा गरिएको छ । अनन्तको आगमन नै सौराहा चोक हुनाले पनि सौराहा यसको सुरुदेखि अन्त्यसम्म केन्द्रित रहन गयो । यसै कुरालाई गोविन्दराज भट्टराईले अनन्त पाइलाको भूमिकामा *अनन्त पाइलामा बलेको आशावादी जीवन दीप हेरेर* शीर्षकमा यसरी उल्लेख गरेका छन्:-

यो चितवनको सौराहा र परिवेशलाई राष्ट्र समक्ष चिनाउने कृति हो । यसले त्यो भूमिलाई एक भुक्तभोगी स्थानीयको दृष्टिले चिनाउने प्रयत्न गर्दछ । यसले त्यो परिवेशलाई

[१८] जीवा लामिछाने, पूर्ववत् ।

साहित्यिक/सास्कृतिक उज्यालोले चिनाउने प्रयत्न गर्दछ ।[१९] रमेश प्रभातले पनि आफ्नो चितवन चिनाउने औपन्यासिक कृति शीर्षकको लेखमा भनेका छन्:-
यो उपन्यास मूलतः चितवनको माटो सुवासित भएको कृति हो । चितवनका पहिचान, चितवन महोत्सव, विभिन्न मेला, जात्रा, साहित्यिक कार्यक्रम, सास्कृतिक झाँकी तथा विशेष गरी पर्यटकीय स्थल सौराहालाई केन्द्रमा राखिएकोले यसलाई चितवन चिनाउने कृति मान्न सकिन्छ ।[२०] यसप्रकार यस उपन्यासले साहित्य, सौराहा र पर्यटनलाई जोड्ने प्रयत्न गरेको पाईन्छ ।

समग्रमा यस **अनन्त पाइला** उपन्यासको उद्देश्य एउटा जीवनवादी दृष्टिकोण प्रस्तुत गर्नु हो भने अर्कोतर्फ पर्यटनको प्रचार प्रसार गर्नु हो । यी दुवै उद्देश्य एक आपसमा अन्तर्निहित छन । देशमा शान्ति सुव्यवस्था भयो भने पर्यटन क्षेत्रको विकास गर्न सजिलो हुन्छ । पर्यटनको विकास गर्न सके समग्र देशकै विकास हुन्छ । सम्पूर्ण जनता खुसी हुन सक्छन् भन्ने मार्ग यस उपन्यासले देखाएको छ । एकातर्फ शान्ति, स्थायित्व, जीवन, आशा र उमङ्ग अर्कोतर्फ पर्यटन, विकास तथा पुनर्निर्माण यी दुबै पक्षको समायोजन यस उपन्यासमा गरिएको छ । साथै यी दुवै पक्षको मिलनबाट नै नेपालीको उज्ज्वल भविष्य तथा सपना साकार हुनेतर्फ उपन्यासले इङ्गित गरेको छ । यही नै यस उपन्यासको सारतत्व, उद्देश्य, लक्ष्य तथा जीवन दर्शन हो ।

## २.५.१०. अनन्त पाइला उपन्यासको बाह्य संरचना

कृतिको बाह्य संरचना अन्तर्गत कृतिको आकार-प्रकार बनौट परिच्छेद वा भाग पृष्ठ संख्या आदि पर्दछन् । बाह्य संरचनाले कृतिको मूल मर्म र लेखकीय उद्देश्यसम्म पुग्न सहयोग पुऱ्याउँछ । **अनन्त पाइला** उपन्यास खेमलाल हरिकला लामिछाने प्रतिष्ठानबाट २०६८ मा प्रकाशित औपन्यासिक कृति हो । यसका लेखक धनराज गिरी हुन् भने वितरक ओरिएन्टल पब्लिकेशन काठमाडौँ रहेको छ । यस उपन्यासको आवरण पृष्ठमा हरियो रङ्ग पृष्ठभूमि छ भने बीच भागतिर केही रातो वर्णको मानिसको पैतालाको भागको चित्र कोरिएको छ । त्यसदेखि तल सुनौला अक्षरमा कृतिको नाम **अनन्त पाइला** लेखिएको छ । साथै त्यसभन्दा तल उपन्यासकारको नाम सेतो अक्षरमा कोरिएको छ । कृतिको पछाडि पट्टिको आवरण पृष्ठमा धनराज गिरीको तस्विर दिइएको छ । उपन्यासको तेस्रो पृष्ठमा उपन्यासकारकी माता महामाया गिरीको तस्वीर छापिएको छ भने तल समर्पण लेखिएको छ ।

प्रस्तुत उपन्यासको भूमिका गोविन्दराज भट्टराइले अनन्त पाइलामा बलेको आशावादी जीवनदीप हेरेर शीर्षकमा लेखेका छन् । उक्त भूमिका भन्दा पछाडि प्रकाशकीय शीर्षकमा जीवा लामिछानेको छोटो तथा खँदिलो लेख रहेको छ । त्यसैगरी जीवा लामिछानेको लेख भन्दा पछाडि आत्माभिव्यक्ति शीर्षकमा लेखकको अनुभव छापिएको छ । त्यसपछिको पृष्ठमा आवरण पृष्ठमा रहेको तस्वीरको कालो सेतो रूप प्रस्तुत गरिएको छ । यस उपन्यासमा जम्मा २२९

[१९] गोविन्दराज भट्टराई, पूर्ववत् ।

[२०] रमेश प्रभात, पूर्ववत् ।

पृष्ठ छन् । **अनन्त पाइला** उपन्यास मध्यम खालको उपन्यास मानिन्छ । यसमा २९ भाग रहेका छन् । प्रत्येक विषय सन्दर्भ अनुसार भाग छुट्याइएको छ तर शीर्षक राखिएको छैन । यसको मूल्य २५०।- रहेको छ । यसरी **अनन्त पाइला** उपन्यासको बाह्य स्वरूप निर्माण भएको छ ।

## २.६. निष्कर्ष

**सुकरातका पाइला** उपन्यासका उपन्यासकार गोविन्दराज भट्टराईको जन्म विं.स. २०१० चैत्र ४ गते पाँचथर जिल्लाको फलैँचा गा.वि.स.मा भएको थियो । साहित्यका विभिन्न विधा उपन्यास, निबन्ध, कथा, कविता, समालोचना, अनुवादन, सम्पादनका क्षेत्रमा भट्टराईको उल्लेखनीय योगदान रहेको छ । **सुकरातका पाइला** भट्टराईको तेस्रो उपन्यास हो । **मुगलान** (२०३१) र **मणिपुरको चिठ्ठी** (२०३४) उपन्यासको रचना गरेका उनले **सुकरातका पाइला** उपन्यास २०६३ सालमा प्रकाशन गरेका छन् । नेपालको सामाजिक, राजनैतिक, परिवेशलाई मुख्य विषयवस्तु बनाइएको **सुकरातका पाइला** उपन्यासमा दशवर्षे जनयुद्ध र त्यसबाट उत्पन्न विभिन्न प्रकारका समस्याहरू, विकृति, विसङ्गति, राजनैतिक अस्थिरता तथा त्यसले उत्पन्न गरेका बिकराल स्थिति, शैक्षिक, आर्थिक, सामाजिक क्षेत्रका विसङ्गति, हत्या, हिंसा, लुटपाट, बेरोजगारी, अस्थिरता आदिको यर्थाथ तस्बिर यस उपन्यासमा उपन्यासकारले उतारेका छन् । यस्तै प्रकारको समस्याको सामना गर्दागर्दै जीवनदेखि नै बितृष्णा जागेर संसार नै छाड्ने निधो गरेको **सुकरातका पाइला** उपन्यासको नायक अनन्तलाई अन्योलता र अभावका बीच पनि जीवन जिउन सकिन्छ भन्ने आधार सहित अनन्तलाई मृत्युको मुखबाट झिकेर जिवन्त जीवनदान दिने काम उपन्यासकार धनराज गिरीले **अनन्त पाइला** उपन्यासमा गरेका छन् । धनराज गिरीको जन्म वि.स. २०१५ साल भाद्र ९ गते मकवानपुर जिल्लाको हटिया गा.वि.स.मा भएको हो । साहित्यका विभिन्न विधा, कविता, गीत, गजल, उपन्यासमा कलम चलाउने गिरीको **अनन्त पाइला (२०६८)** पहिलो उपन्यास हो । यस उपन्यासमा उनले **सुकरातका पाइला** उपन्यासमा भएका अन्योलता, आशङ्का, अभाव, जटिलता र विभिन्न प्रकारका समस्या र प्रश्नहरूको सुव्यवस्थापन, सहजिकरण, समाधान र उत्तर खोज्ने काम गरेका छन् ।

**सुकरातका पाइला** उपन्यास नेपालको दशवर्षे द्वन्द्व र त्यस द्वन्द्वले नेपाली समाज र जनतामा पारेको प्रत्यक्ष प्रभावको विषयलाई लिएर लेखिएको उपन्यास हो । यसमा मुल विषयको रूपमा द्वन्द्वलाई र द्वन्द्वको परिणाम स्वरूप उत्पन्न भएका विविध घटनाहरूलाई समेटिएको छ । मूल घटना द्वन्द्व हो भने यसलाई प्रस्टाउन विभिन्न घटनाहरूलाई समावेश गरिएको छ । उपन्यासका मूल पात्रद्वय अनन्त र सुकरात यसको प्रत्यक्ष मारमा परेका छन् भने अन्य पात्रहरू पनि प्रत्यक्ष परोक्ष रूपमा यी घटनाहरूसँग सम्बन्धित रहेका छन् । यस्तो किसीमको परिवेशमा सङ्घर्ष गर्द गर्दै आफू पार लाग्ने कुनै बिकल्प नदेखि असमयमै संसार छाडेर जाने सङ्कल्प गरेको **सुकरातका पाइला** उपन्यासको नायक, युवा अनन्तलाई जीवनदान दिदै विसङ्गतिका बीच सङ्गति खोज्ने पाठ सिकाउँदै धनराज गिरीले **अनन्त पाइला** उपन्यासको रचना गरेका छन् । **सुकरातका पाइला** उपन्यासको विषयवस्तु दशवर्षे द्वन्द्व, तथा त्यसले समाजमा पारेको असर शैक्षिक बेरोजगार, राजनैतिक अस्थिरता, हत्याहिंसा, आतङ्क आदि रहेका

छन् । उपन्यासमा मुख्य भूमिका सुकरात र अनन्तको रहेको छ भने पूर्णिमा, गोपी, नीलिमा, विक्रम, आदिको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । काठमाडौँलाई मुख्य केन्द्रमा राखिएको यस उपन्यासमा समग्र नेपालको परिवेश समाहित रहेको छ । भाषशैलीका हिसाबले सरल र सुव्यवस्थित वाक्य सङ्गठन रहेको छ । **अनन्त पाइला** उपन्यासमा धनराज गिरीले द्वन्द्वको रूपान्तरण गरी शान्त सभ्य र सुरम्य समाजको चित्रण गरेका छन् । युद्धको सही व्यवस्थापन र समाजको पुनर्निर्माण गरिएको विषयवस्तु यसमा मुख्य कथानकको रूपमा रहेको छ । विशेष गरी चितवन तथा सौराहालाई केन्द्रमा राखेर रचना गरिएको यस उपन्यासमा मुख्य भूमिकामा गोपी र अनन्त (**सुकरातका पाइला** कै निरन्तर पात्र) रहेका छन् भने रजनी, श्रद्धा, सुकरात तथा अन्य पात्रहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । सरल तथा मिठासपूर्ण भाषाशैलीमा प्रस्तुत गरिएको अनन्त **पाइला उपन्यास**ले एक आपसमा सहकार्य गरी दृढ आत्मविश्वासका साथ काम गर्न सकियो भने आफू, समाज र राष्ट्रलाई नै विकास गरी समुन्नत देशको निर्माण गर्न सकिन्छ भन्ने सन्देश दिन खोजेको पाइन्छ ।

# परिच्छेद तीन

## विविध कोणबाट सुकरातका पाइला र अनन्त पाइला उपन्यासको तुलनात्मक अध्ययन

# परिच्छेद तीन

# विविध कोणबाट सुकरातका पाइला र अनन्त पाइला उपन्यासको तुलनात्मक अध्ययन

## ३.१. पृष्ठभूमि

**सुकरातका पाइला** गोविन्दराज भट्टराईद्वारा रचना गरिएको युद्धमा आधारित उपन्यास हो । पचासको दशकमा नेपालमा चलेको युद्धलाई प्रमुख विषयवस्तुको रूपमा लिदैँ युद्ध र त्यसको प्रभाव जनतामा के कसरी पर्‍यो भन्ने यथार्थ तस्विर **सुकरातका पाइला**मा भेट्न सकिन्छ । **सुकरातका पाइला** उपन्यासमा विभिन्न पात्रहरू छन्, जसमध्ये नायकको भूमिका अनन्तले खेलेको छ । उपन्यासमा धेरै दुःख कष्ट पाएको अनन्तको अवस्था उपन्यासको अन्तिमतिर रहस्यमय बनाइएको छ । यही रहस्यमयतालाई तोड्दै साहित्यकार धनराज गिरीले **अनन्त पाइला** उपन्यासमा अनन्तको पुनरागमन गराएका छन् । **सुकरातका पाइला**मा अन्तिमतिर आत्महत्या गर्न प्रेरित भएको अनन्तको अन्त्यलाई आत्महत्या हो कि भन्ने सन्देहको स्वरूपमा छाडिएको छ । **अनन्त पाइला** उपन्यासले त्यो आत्महत्या होइन केवल भ्रम हो भन्ने साबित गर्न अनन्तलाई **अनन्त पाइला** उपन्यासमा उपस्थित गराएको छ । यस प्रकार **सुकरातका पाइला** उपन्यासमा नायकको भूमिका निर्वाह गरेको अनन्तलाई **अनन्त पाइला**मा प्रवेश गराउनुका तथ्य कारणहरू बुझ्न यी दुवै उपन्यासका विभिन्न पक्षलाई तुलना गर्नु आवश्यक छ । **सुकरातका पाइला**को नायककै नामबाट **अनन्त पाइला** उपन्यासको नामाकरण भएको छ । धेरै पात्रहरू **सुकरातका पाइला** र **अनन्त पाइला** दुवै उपन्यासमा भेटिन्छन् । यस प्रकारले पनि यी दुवै उपन्यासमा रहने समानता/असमानता बारे प्रस्ट हुन विभिन्न विषयमा यी दुवै उपन्यासको तुलना गरिएको छ ।

## ३.२. सुकरातका पाइला र अनन्त पाइला उपन्यासको कथानकको तुलना

उपन्यासमा भएका घटनाहरूको योजनाबद्ध ढाँचालाई कथानक भनिन्छ । उपन्यासमा आउने घटनाहरू तथा कार्यकारण सम्बन्धहरू कथानकमा उनिएका हुन्छन् । उपन्यास संरचनाको लागि आवश्यक पर्ने अन्य घटनाहरू कथानकसँग आबद्ध हुने भएकोले उपन्यासमा कथानकको महत्त्वपूर्ण स्थान हुन्छ । यो पात्रहरूको कार्य व्यापारसँग सम्बद्ध छ । तसर्थ कथानक आफैसँग अन्य साना उपकथानकको विस्तारित रूप पनि हो । कथानकले मुख्य विषय वस्तुको घटनालाई क्रमिकता दिने गर्दछ । मुख्य विषय वस्तुमा समेटिने घटनाहरूको पुञ्जलाई कथानक भनिन्छ ।

**सुकरातका पाइला** उपन्यास र **अनन्त पाइला** उपन्यासको कथानक फरक फरक भिन्न घटनाक्रमसँग जोडिएको छ । **सुकरातका पाइला**को घटनाक्रम दसवर्षे जनयुद्ध तथा त्यसबाट

विकसित घटनाक्रमसँग अन्तरनिहित छ भने **अनन्त पाइला**को घटनाक्रम युद्ध पछिको पुनर्निर्माण कालीन समय तथा नेपालको एक पर्यटकीय जिल्ला चितवनको सेरोफेरोमा अगाडि बढेको छ । **सुकरातका पाइला** उपन्यासको सुरुवाती चरणबाटै युद्धको विषयलाई मुख्य घटनाक्रमको रूपमा लिइएको छ । युद्धले देश जर्जर बनेको छ । मानिसहरू सामान्य जीवनयापन गर्न असमर्थ छन् । अव्यवस्था, अनियमितता, अन्याय, अत्याचार, जतातत्तै व्याप्त छन् । निराशा, बेरोजगारी, बढ्दो छ, यस परिस्थितिलाई विभिन्न पात्रका माध्ययमबाट उपन्यासमा देखाउन खोजिएको छ भने **अनन्त पाइला** उपन्यासमा वातावरण शान्त सुरम्य छ । हरेक पात्रमा सकारात्मक भावना छ । देश प्रगति र विकासतर्फ अग्रसर छ । शिक्षा, स्वास्थ्य, रोजगारी आधारभूत आवश्यकता परिपूर्ति गर्न सक्षम व्यवस्था छ भन्ने विषयवस्तुलाई विभिन्न पात्रका कृयाकलापबाट पुस्ट्याँइ गरिएको छ । **सुकरातका पाइला**मा मुख्य रूपमा देशमा चलेको द्वन्द्वको अवस्था र मानवीय स्वतन्त्रताको. स्थितिलाई देखाउन खोजिएको छ । **अनन्त पाइला**मा कुनै प्रकारको द्वन्द्व देखिदैन । **सुकरातका पाइला**मा एकातर्फ देशमा युद्ध, द्वन्द्व छ भने अर्को तर्फ नायक अनन्तभित्र द्वन्द्वको अवस्था छ तर **अनन्त पाइला** उपन्यासका पात्रहरूमा द्वन्द्वको अवस्था देखिदैन । कथानकमा पनि द्वन्द्वको कुनै प्रभाव असर देखिदैन । **सुकरातका पाइला** उपन्यासको कथानक द्वन्द्वात्मक रूपमा बढको छ भने **अनन्त पाइला** उपन्यासको कथानक सरल तवरले बढेको पाइन्छ । द्वन्द्वात्मक हुनाले **सुकरातका पाइला** उपन्यासमा कौतुहलता प्रयाप्त भेटिन्छ । घटनाक्रमले कुन मोड लिन्छ भन्ने अनुमान गर्न गाह्रो छ भने **अनन्त पाइला** उपन्यासमा घटनाहरू स्वाभाविक ढङ्गमा गति लिएका पाइन्छन् । **सुकरातका पाइला** उपन्यासको कथानक आदि, मध्य, र अन्त्यका हिसाबले सबल मानिन्छ भने **अनन्त पाइला** उपन्यासको कथानक एउटै केन्द्रमा घुमिरहने वृत्तात्मक शैलीको छ ।

त्यसैगरी कथानकमा एकान्विति पनि हुनुपर्दछ । **सुकरातका पाइला** उपन्यासको कथामा एकरूपता पाइन्छ । हरेक घटना एक आपसमा सम्बन्ध राख्दछन् जस्तै द्वन्द्वले गर्दा स्थायी सरकार छैन, हत्याहिंसा र आतङ्क फैलिएको छ । त्यसैगरी कानुनको उल्लङ्घन गरिएको छ । तोडफोड यसकै उपज हुन् र यी सारा कृयाकलापले युवा जगत् निराशा र पलायन हुदैं गएको छ भन्ने घटना सन्दर्भहरू एक आपसमा उनिएका छन् । तर **अनन्त पाइलामा** देखाइएका घटनाहरू आपसमा सम्बन्धित छैनन् कहीँ कहीँका घटना झिकिदिँदा पनि अस्तित्व खतरामा पर्दैन जस्तै सौराहामा होटल व्यवसाय र साहित्यले कुनै सादृश्य सम्बन्ध राख्न सक्दैन । त्यसैले कथानकमा हुने एकान्वितिका सर्न्दभमा **सुकरातका पाइला** उत्कृष्ट बनेको छ । यसै प्रकारले कथानकमा पूर्णता हुनुपर्दछ । कुनै पनि विषयलाई त्यसको मूलमर्म सहित अन्त्य गर्न सक्नु पर्दछ । **सुकरातका पाइला**को अन्त्यमा विभिन्न घटनाचक्रबाट आजित अनन्तले सुकरातका पाइला पछ्याएको भन्दै उपन्यासको अन्त्य हुन्छ । यसलाई विभिन्न घटनाहरूले पुष्टी गर्दछ कि किन अनन्त यो परिस्थितिमा पुग्नु पऱ्यो ? यसलाई सम्पुर्ण उपन्यासले पुष्टी गर्दछ । त्यस्तै गरी **अनन्त पाइला** उपन्यासमा भने अनन्तको जीवनलाई सुखमय रूपमा परिणत गरी अनन्तकाल सम्म यही बाटो पछ्याईरहनु भन्ने सर्न्दभमा सुखमय कथानक घटनाहरूको संयोजन गरिएको छ । यसमा पनि कथानकले पूर्णता पाएको छ । जीवन कसरी सुखमय हुन सक्दछ भन्ने विषयले पूर्णता पाउन सकेको छ ।

कथानकमा कौतुहलता, रोचकता पनि हुनुपर्दछ । **सुकरातका पाइला** उपन्यासमा सुरुदेखि अन्त्यसम्म कौतुहलता भेटिन्छ । घटनाले कुन मोड लिन्छ अड्कल काट्न गाह्रो भै रहन्छ । **अनन्त पाइला**मा पनि सुरुवातमा कौतुहलपूर्ण र रोचक प्रसङ्ग भएपनि पछिल्लो खण्डमा खासै परिवर्तनकारी घटना भएका छैनन् । त्यस्तै गरी कथानकमा द्वन्द्व हुनुपनि आवश्यक ठानिन्छ । **सुकरातका पाइला**मा मुख्य विषय वस्तु द्वन्द्वकै रहेको छ । भौतिक द्वन्द्वका साथै पात्रका मानसिक द्वन्द्वपनि पर्याप्त भेटिन्छन् तर **अनन्त पाइला**मा द्वन्द्वले खासै स्थान पाउन सकेको छैन ।

**सुकरातका पाइला** उपन्यासको कथानकमा शिक्षा क्षेत्रको विकृत अवस्थालाई वर्णन गरिएको छ । शिक्षा क्षेत्रमा भएका लापरवाही, उद्दण्डता, अनियमियतता, मनपरी, राजनैतिक हस्तक्षेप आदिले शिक्षा क्षेत्र कसरी धरासायी बन्दै गएको छ भन्ने तथ्यलाई प्रस्टाइएको छ । भने **अनन्त पाइला** उपन्यासमा शिक्षा क्षेत्रको उन्नति, ग्रामीण भेगमा पुस्तकालयको सुविधा भएको, सुकरात बहुमुखी क्याम्पसको स्थापना आदिले शिक्षा क्षेत्रको उन्नतिलाई देखाइएको छ । **सुकरातका पाइला** उपन्यासको नायक उच्च शिक्षा हासिल गर्ने उद्देश्यले जब विश्वद्यिालयमा प्रवेश गर्दछ उसले उच्च शिक्षाको सट्टा अन्य कृयाकलापमा आफूलाई सक्रिय राख्दछ । परिक्षामा असफल भएको वहानामा विश्वविद्यालय तोडफोड हुन्छ । यी घटनाले शैक्षिक क्षेत्रको विकृति अवस्थाको चित्रण **सुकरातका पाइला** उपन्यासमा गरिएको छ भने त्यसको विपरित **अनन्त पाइला** उपन्यासमा शिक्षा क्षेत्रको प्रगतिको अवस्थाको चित्रण गरिएको छ । उपन्यासकी पात्र श्रद्धाले विद्यावारिधि गरेकी छ । विभिन्न प्राज्ञिक व्यक्तित्वहरूको उपस्थिति उपन्यासमा छ । साथै सुकरात बहुमुखी क्याम्पसको स्थापनाले पनि शिक्षाको सुधारोन्मुख स्थितिलाई **अनन्त पाइला** उपन्यासमा समेटिएको छ ।

**सुकरातका पाइला** उपन्यासमा दुई मुख्य घटनालाई समायोजन गरिएको छ । एउटा देशमा चलिरहेको सशस्त्र द्वन्द्व तथा अर्को सामाजिक विकृति विसङ्गति । यी दुई घटनामा समन्वय देखिन्छ । यी दुई घटना फरक-फरक विषय भएता पनि एक अर्कोमा सम्बन्धित देखिन्छन् । समाजका असमानताले द्वन्द्व निम्त्यायो र द्वन्द्वले नै फेरि समाजमा विकृति विसङ्गती फैलायो भन्ने यी दुई विषयलाई समन्वय गरिएको छ । **अनन्त पाइला** उपन्यासमा मुख्य घटना/विषयवस्तुलाई पुस्टाउन अन्य विभिन्न घटनाहरूको माला उनिएको छ । यसको मुख्य विषयमा शान्ति, प्रगति र उन्नति हो भने यसलाई विभिन्न सहायक घटनाहरूबाट प्रस्टाइएको छ । **सुकरातका पाइला**मा कथानकमा एकान्विति पाइन्छ भने **अनन्त पाइला** उपन्यासमा कथानक छरिएको र फैलिएको पाइन्छ । **सुकरातका पाइला** उपन्यास एउटा केन्द्रमा घुमिरहेको पाइन्छ यसको कथानक केन्द्रिकृत छ भने **अनन्त पाइला** उपन्यासको कथानक छरिएर रहेका विकेन्द्रीकृत रहेका छन् । **सुकरातका पाइला** उपन्यासको विकासक्रम स्वभाविक ढङ्गले अगाडि बढेको पाइन्छ । जुन विषयबाट उपन्यासको उठान भयो त्यस विषयलाई अन्त्यसम्म डोर्‍याउने भरपुर प्रयास उपन्यासकारले यस उपन्यासमा गरेका छन् भने **अनन्त पाइला** उपन्यासमा उपन्यासको कथानक ढलमलाउन पुगेको देखिन्छ । **सुकरातका पाइला**

उपन्यास कथानकको अन्त्य दुःखपूर्ण छ अर्थात वियोगान्त रहेको छ भने **अनन्त पाइला** उपन्यासको अन्त्य सुखपूर्ण अर्थात् सुखान्त रहेको छ ।

## ३.३. सुकरातका पाइला र अनन्त पाइला उपन्यासको पात्र/चरित्रको तुलना

उपन्यासमा जसको जीवनमाथि घटना घट्छ अथवा घटना घट्ने पात्र नै चरित्र हो । यो उपन्यासको महत्त्वपूर्ण तत्त्व हो । कथावस्तुसँग सम्बद्ध भएर आउने विविध कथानकलाई चरित्रहरूले गति दिने काम गर्दछन् । उपन्यासमा घटनाक्रमलाई गति दिन पात्रको महत्त्वपूर्ण भूमिका रहन्छ । पात्रहरू मानव तथा मानवेतरका रूपमा पनि रहन सक्दछन् । उपन्यासको आयतनभित्र सिङ्गो मानव सभ्यता चरित्र चित्रणकै आधारमा परिभाषित भएको हुन्छ । विगत र आगतलाई वर्तमानसम्म तानेर ल्याउने तत्त्व चरित्र हो । उपन्यासमा उपर्युक्त पात्रको चरित्र पुरै युग र परिवेशको संवाहक भएर उपस्थित भएको हुन्छ ।[1] पात्र तथा तिनको चरित्रका आधारमा विभिन्न प्रकारका हुने गर्दछन् ।

**सुकरातका पाइला** उपन्यास र **अनन्त पाइला** उपन्यासमा पनि विभिन्न चरित्रहरूको प्रयोग गरिएको छ । यी दुवै उपन्यासमा भएका धेरैजसो पात्रहरू एउटै छन् । **सुकरातका पाइला**मा आएका धेरै जसो पात्रलाई **अनन्त पाइला** उपन्यासमा अवतरण गराइएको छ । भने रूपान्तरण गर्दा पात्रको चरित्रमा अलिअलि फरकपन भेट्टाउन सकिन्छ । कतिपय पात्र **सुकरातका पाइला**मा मात्र भेट्न सकिन्छ भने कतिपय पात्र **अनन्त पाइला**मा मात्र आएका पनि छन् । एउटै पात्र पनि दुई उपन्यासमा फरक चरित्रमा भेट्न सकिन्छ । **सुकरातका पाइला**मा आएका मुख्य पात्रहरू अनन्त, सुकरात, गोपी, निशा, सोफिया, नीलिमा जस्ता पात्रहरू **अनन्त पाइला**मा पनि मुख्य भूमिकामा आएका छन् । त्यस्तै पूर्णिमा, विक्रम, भक्तमान, डेभिड जस्ता पात्रहरू **सुकरातका पाइला**मा मात्र भेटिन्छन् भने रजनी, श्रद्धा, गोपीकी आमा, प्रकाश, साधुराम आदि पात्रहरू **अनन्त पाइला** उपन्यासमा मात्र प्रयोग भएका छन् । **सुकरातका पाइला**मा अनन्त नायकका रूपमा उदाएको छ भने **अनन्त पाइला**मा सहनायकको भूमिकामा छ । अन्य पात्रहरू पनि परिवर्तित रूपमा आएका छन् ।

### ३.३.१. अनन्त

अनन्त **सुकरातका पाइला** उपन्यासको नायक हो । **अनन्त पाइला** उपन्यासमा उसको भूमिका सहनायकको रूपमा रहेको छ । **सुकरातका पाइला**मा विद्यार्थी जीवनबाट उदाएको पात्र अनन्तले धेरै दुःख कष्ट झेल्नु परेको छ । द्वन्द्वको समयमा भोग्नुपरेका आम नेपालीका पीडालाई अनन्तले प्रतिनिधित्व गरेको छ । उपन्यासको अन्त्यतिर आत्महत्याको मुढतिर पुगेको अनन्तलाई उसकै नामको उपन्यास **अनन्त पाइला**मा भित्र्याएर उपन्यासकारले एक पर्यटन व्यवसायीको रूपमा उभ्याएका छन् । **सुकरातका पाइला** उपन्यासमा अनन्त, शिक्षित, बेरोजगार, अनिर्णित,

---

[1] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, (ललितपुर : साझा प्रकाशन, दोश्रो संस्करण) पृष्ठ २३ ।

बिसङ्गतिले थिचिएको, गन्तव्यहिन, असफल पात्रको रूपमा चित्रित छ । मोहनराज शर्माले भने झैं ऊ उत्तरआधुनिक विश्वका मानिस झैँ अनिर्णय र अनिश्चिततामा बाँचेको छ । फलस्वरूप यो पात्र अपरिचयले ग्रस्त छ । [२] त्यही अनन्त **अनन्त पाइला** उपन्यासमा, सभ्य, शिष्ट, पर्यटन व्यवसायी, सुखी परिवार, सन्तुष्ट तथा सफल पात्रको रूपमा छाएको छ । **सुकरातका पाइला**मा शैक्षिक संस्थामा तालाबन्दी गर्ने युवक **अनन्त पाइला**मा शिक्षाको विकास र प्रचार प्रसारमा लागेको भेटिन्छ । **सुकरातका पाइला**मा शिक्षामा असफल, प्रेममा असफल, शहरमा असफल, तथा जीवननै असफल बन्न पुगेको पात्र अनन्त **अनन्त पाइला**मा नयाँ सोच, जोशका साथ उदाउँछ र सफल सुखि जीवन यापन गर्न पुग्दछ । समग्रमा भन्दा अनन्त गतिशील पात्र हो । **सुकरातका पाइला**मा प्रतिकूल चरित्र **अनन्त पाइला**मा अनुकूल बनेर छाएको छ । **सुकरातका पाइला**मा नायक बनेको पात्र अनन्त **अनन्त पाइला** उसकै नामबाट नामाकरण भएपनि **अनन्त पाइला**मा ऊ सहनायकको रूपमा देखिनुलाई नौलो प्रयोगको रूपमा लिन सकिन्छ ।

## ३.३.२. सुकरात

सुकरात **सुकरातका पाइला** र **अनन्त पाइला** दुवै उपन्यासमा देखा पर्ने पात्र हो । **सुकरातका पाइला** उपन्यासमा मुख्य भूमिकामा रहेको सुकरात **अनन्त पाइला** उपन्यासमा गौण भूमिकामा रहेको छ । **सुकरातका पाइला**मा वर्णित सुकरात प्राध्यापन सेवामा समर्पित, ५० वर्ष हुँदा समेत अविवाहित पात्रको रूपमा चित्रित छ । उसको वास्तविक नाम अगम हो । यथार्थलाई दार्शनिक आँखाले हेर्छ । मोहनराज शर्माका अनुसार प्रस्तुत उपन्यासमा सुकरात नामको चरित्र चित्रण विनिर्माण पद्धतिद्वारा गरिएको छ । उसलाई कथानकको बलियो स्तम्भका रूपमा उभ्याइएको छ । उपन्यासको सुकरात केही अशंमा मूल सुकरात हो, किनभने ऊ मूल सुकरात झैँ यथार्थलाई दार्शनिक आँखाले हेर्छ । मूल सुकरातको झैँ उसको पनि प्रज्ञाप्रति गहिरो निष्ठा छ ।[३] सुकरात दार्शनिक छ, बौद्धिक, अस्तित्ववादी चिन्तकको रूपमा आएको छ । शिक्षामा समर्पित छ । व्यक्तिगत जीवनमा खासै सफल मानिएको छैन । ५० वर्ष पछि बुढीकन्या नीलिमा सँग बिहे गरेको सुकरात शिक्षा क्षेत्रबाट लगभग रिटार्यड हुन्छ । उसको जीवनशैली सामान्य नै रहेको छ । चिन्तन, दर्शन, सोच र व्यवहारमा खासै परिवर्तन आएको भेटिदैन । विहे गरेपनि सन्तान नभएकाले धर्मपुत्रीको रूपमा छोरीलाई पाल्दछ तर उपन्यासको अन्त्यतिर छोरी आफ्नै तवरले विहे गरेर हिडेँपछिको खबरले बेहोस भई लडेर नीलिमाले पनि संसार छाडेपछि सुकरात पुनः एक्लो बन्दछ । **सुकरातका पाइला**मा एक्लो जीवनबाट सुरुवात बनेको सुकरातको जीवन अन्त्यमा **अनन्त पाइला**मा पनि एक्लो बन्न पुगेको छ । चिन्तनमा खासै परिवर्तन देखिदैँन । ऊ स्थिर पात्रको रूपमा परिचित छ । दुवै उपन्यासमा उसको स्वाभाव उस्तै रहेको छ । शिक्षा क्षेत्रमा समर्पित व्यक्तिको रूपमा सुकरात रहेको छ ।

---

[२] मोहनराज शर्मा, *नौलो औपान्यासिक पाइलो सुकरातका पाइला*, **गरिमा** (वर्ष २५, अङ्क ४, पूर्णाङ्क २९२), काठमाडौं २०६३ ।

[३] ऐजन् ।

**सुकरातका पाइला**मा प्रमुख भूमिकामा रहेको पात्र **अनन्त पाइला**मा सहायक भूमिकामा रहेको छ । समग्रमा सुकरात स्थिर, अनुकुल, शिक्षित, दार्शनिक पात्रको रूपमा रहेको छ ।

## ३.३.३. गोपी

**अनन्त पाइला** उपन्यासको प्रमुख पात्र तथा नायक गोपी हो । **सुकरातका पाइला**मा एउटा अध्ययनको शिलशिलामा रहेको युवक, विद्यार्थी, गोपी **अनन्त पाइला** उपन्यासमा शिक्षकको रूपमा आएको छ । **सुकरातका पाइला** उपन्यासमा गोपीको भूमिका एउटा आम नेपाली युवा, शिक्षित, विद्यार्थी सामान्य परिवारको सदस्यको रूपमा रहेको छ । ऊ साहित्यमा रुची राख्दछ । गजलमा विशेष दखखल भएको पात्र हो । उसको जीवन सामान्य तवरले अगाडि बढेको छ । ऊ सहयोगी, मेहनती  पात्रको रूपमा **सुकरातका पाइला** उपन्यासमा आएको छ । **अनन्त पाइला** उपन्यासको सुरुवात गर्ने पात्र गोपी यस उपन्यासमा मुख्य भूमिकामा रहेको छ । ऊ एउटा शिक्षक हो । शिक्षाको क्षेत्रमा प्रगति ल्याउन चाहन्छ । साहित्यका विभिन्न विधामा कलम चलउने गोपी गजलमा प्रखर छ । ऊ अत्यन्त मेहनती र सहयोगी छ । पारिवारिक जीवनबाट पनि सफल छ । **सुकरातका पाइला**मा देखिने पात्र गोपीको चरित्र **अनन्त पाइला**मा पनि उस्तै छ । साहित्य र शिक्षाको विषयलाई बेजोड बनाउन दुवै उपन्यासकारले गोपीको प्रयोग गरेका छन् । **सुकरातका पाइला**मा उसको भूमिका सहायक पात्रको रूपमा छ । सहयोगी पात्रको रूपमा छ भने **अनन्त पाइला** उपन्यासमा उसको भूमिका प्रमुख छ । उसकै वरीपरी घटनाचक्र घुमिरहेको पाइन्छ । **सुकरातका पाइला**मा वर्णित सरल, मेहनती, सहयोगी गोपी **अनन्त पाइला**मा पनि सरल मेहनती सहयोगी  पात्रको रूपमा नै उदाएको भेट्टाउन सकिन्छ । समग्रमा गोपी अनुकुल तथा स्थिर जीवन चेतना भएको पात्रका रूपमा चिनिन्छ ।

## ३.३.४. पूर्णिमा

पूर्णिमा **सुकरातका पाइला** उपन्यासकी नायिका अर्थात् प्रमुख नारीपात्र हो । उसको भूमिका उक्त उपन्यासमा प्रत्यक्ष नभएर नेपथ्यपात्रको रूपमा भए तापनि उसको भूमिका अर्थपूर्ण रहेको छ ।[४] पूर्णिमा अनन्तकी प्रेमिका हो । ऊ गाँउमा बस्छे, द्वन्द्वले उसलाई पनि असर पारेको छ । सातपल्टसम्म बि.ए.मा फेल भएर एम.ए. पढ्ने सपना अधुरो भएकोले युद्धमा सामेल हुन पुग्दछे र अन्त्यमा मृत्युमा प्राप्त हुन्छे । पूर्णिमाको भूमिका **सुकरातका पाइला**मा अत्यन्तै महत्त्वपूर्ण छ तर **अनन्त पाइला**मा पूर्णिमाको स्मरण बाहेक अन्य खासै भूमिका रहदैन । पूर्णिमाको सम्झना स्वरूप अनन्तले **अनन्त पाइला**मा सोफियाको सल्लाह बमोजिम आफ्नो छोरीको नाम पूर्णिमा राखेको आभाष हुन्छ । यस प्रकार पूर्णिमालाई **सुकरातका पाइला**मा मुख्य भूमिकामा पाइएतापनि **अनन्त पाइला**मा उसको भूमिका छैन ।

[४]चन्द्रबहादुर खत्री क्षेत्री, **सुकरातका पाइला उपन्यासको कृतिपरक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, ५९ ।

## ३.३.५. रजनी

रजनी **अनन्त पाइला** उपन्यासमा प्रमुख नारी पात्रको रूपमा उभ्याइएकी पात्र हो । ऊ **अनन्त पाइला** उपन्यासकी नायिका पनि हो । नायक गोपीकी पत्नी रजनीको भूमिका महत्त्वपूर्ण छ । गोपीलाई हरबखत सहयोग गर्ने रजनी सामान्य गृहणी, असल स्वभाव चरित्र भएकी एक नारी पात्रको भूमिकामा रहेकी छ । **सुकरातका पाइला**मा गोपी विवाहित भएको प्रसङ्गले मात्र गोपीको पत्नीको रूपमा स्मरण गरिएतापनि रजनीको उल्लेख्य तथा महत्त्वपूर्ण भूमिका **सुकरातका पाइला**मा छैन । **अनन्त पाइला**मा भने मुख्य भूमिकामा नै राखिएको छ । समग्रमा रजनीको चरित्र शान्त, स्थिर, एक आम गृहणी, सहयोगीको रूपमा देखाइएको छ ।

## ३.३.६. नीलिमा

नीलिमा अर्थात नीला उपन्यासको सहायक पात्र हो । उसले बुढेसकालमा सुकरातसँग उत्तरआधुनिक वैवाहिक सम्बन्ध गाँसेकी छे । नीला उत्तरआधुनिक खालको जीवन व्यतीत गर्ने नारी पात्र हो । ऊ स्वतन्त्र भएर बाँच्न चाहन्छे । विवाहले स्वतन्त्रता गुम्छ, प्रगतिमा अवरोध ल्याउँछ भन्ने सोच राख्ने नीला अन्तत् सुकरातसँग बुढीकन्या भइसकेपछि विवाह गर्न पुग्छे । **अनन्त पाइला** उपन्यासमा प्रवेश गर्दा उसको मनमा अलिकति व्यावहारिकताले प्रवेश पाउँछ । ऊ भौतिकताबाट जैविकता, आत्मिकता तर्फ ढल्कन्छे । **सुकरातका पाइला**मा विस्तारै परिवर्तन हुन्छे र अन्त्यमा सन्तान मोहमा फस्न पुग्छे । आफ्नो उमेर ढल्केको कारण अनाथ बालबालिका मध्येबाट एक बालिकालाई धर्मपुत्री बनाई पाल्न थाल्छे जसमा उसको मातृत्व व्यवहार झल्कीन्छ । ऊ आफ्नी धर्मपुत्री डायनाले छाडेर गइसकेपछि पीडा खप्न नसकी मृत्युवरण गर्न सम्म पुग्दछे । विवाह, गृहस्थी जीवनका बारेमा **सुकरातका पाइला**मा बिरोध गर्ने नीलिमा **अनन्त पाइला**मा मातृत्व प्रति सजग बन्दै मातृत्व र सन्तान प्रेमका कारण मृत्युवरण गर्न पुग्दछे । नीलिमा गतिशील पात्र हो । उसको चरित्र **सुकरातका पाइला** र **अनन्त पाइला**मा परिवर्तनशील देखिन्छ ।

## ३.३.७. श्रद्धा

श्रद्धा **अनन्त पाइला** उपन्यासकी सहायक नारी पात्र हो । शिक्षित युवती, सभ्य, शिष्ट छोरी तथा एक सफल शिक्षिकाको रूपमा श्रद्धा चित्रित छे । समय र परिस्थिति अनुसार चल्न सक्ने पात्र श्रद्धा गोपीकी छोरी हो । **सुकरातका पाइला** उपन्यासमा उसको सङ्लग्नता नभएतापनि **सुकरातका पाइला** उपन्यासका पात्रसँग उसको साक्षात्कार हुन पुग्दछे । सरल स्वभाव भएकी पात्र श्रद्धा परिवर्तन पछिको शिक्षाको विकासलाई प्रतिनिधित्व गर्दछे ।

### ३.३.८. सोफिया

सोफिया **सुकरातका पाइला** उपन्यासकी एक नारी पात्र हो । ऊ अनन्तकी एक पक्षीय प्रेमिका हो । अध्ययनको शिलशिलामा काठमाडौं आएकी सोफियाले, अनन्तलाई एकोहोरो प्रेम गर्दछे । त्यही सोफिया **अनन्त पाइला** उपन्यासमा अनन्तकी पत्नी बन्न पुगेकी छ । **सुकरातका पाइला** उपन्यासमा अनन्तको माया पाउन नसकेकी सोफियाले **अनन्त पाइला** उपन्यासमा पत्नीको स्थान ओगट्न सफल बन्न पुग्दछे । ऊ सफल पात्र हो । सामान्य रूपमा स्थिर चरित्र, शिष्ट, शीलस्वाभाव, असल प्रेमिका, पत्नी तथा सफल गृहणीको भूमिकामा सोफिया रहेकी छ । **सुकरातका पाइला**मा भन्दा **अनन्त पाइलामा** उसको भूमिका महत्त्वपूर्ण र विशिष्टिकृत रहेको छ ।

### ३.३.९. निशा

निशा **सुकरातका पाइला** र **अनन्त पाइला** दुवै उपन्यासकी सहायक नारी पात्र हो । **सुकरातका पाइला** उपन्यासमा विवाहित पात्र गोपीको प्रेममा परेकी निशा **अनन्त पाइला** उपन्यासमा गोपीकै सहयोगमा उसकै साथी उपप्राध्यापकसँग विहे गर्न पुग्दछे । **सुकरातका पाइला**मा एक असल युवती, मेहनती विद्यार्थीको भूमिकामा रहेकी निशा **अनन्त पाइला** उपन्यासमा एक सक्षम गृहणी सफल शिक्षिकाको रूपमा देखा परेकी छ । सामान्यतया निशा अनुकुल तथा स्थिर स्वभाव भएकी पात्रमा दरिन्छे । ऊ सफल पात्र हो ।

अनन्त, गोपी, सुकरात, सोफिया, निशा, नीलिमा पात्रहरू **सुकरातका पाइला** उपन्यासका महत्त्वपूर्ण पात्रहरू हुन् र यी पात्रहरूको **अनन्त पाइला**सँग प्रत्यक्ष सरोकार रहेको छ । रजनी, पूर्णीमा, श्रद्धाको दुवै उपन्यासमा प्रत्यक्ष सहभागिता नरहेतापनि परोक्ष रूपमा सम्वन्धित रहेको र अप्रत्यक्ष सम्बन्ध गाँसिएको भेटिन्छ । सामान्यतया **सुकरातका पाइला** उपन्यासमा मुख्य भूमिका रहेका पात्रहरूको बाहुल्य **अनन्त पाइला** उपन्यासमा पनि रहेको छ । केही पात्रहरूको चरित्रमा तथा प्रस्तुतिमा नयाँपन थपिए पनि समग्रमा पात्रहरू दोहोरिएका छन् ।

## ३.४. सुकरातका पाइला र अनन्त पाइला उपन्यासको भाषाशैलीको तुलना

उपन्यासमा भाषाको सर्वोपरि स्थान रहन्छ । भाषाको माध्यमबाट नै उपन्यासमा कथावस्तुको विस्तार र विचारको सम्प्रेषण हुन्छ । उपन्यासमा विशेषतः गद्य भाषाको प्रयोग गरिन्छ । उपन्यासमा भाषाले चामत्कारिकता प्रस्तुत गर्ने काम गर्दछ । उपन्यासमा भाषाको प्रयोग मूलतः दुई किसिमबाट हुन्छ । पहिलो किसिमको भाषा उपन्यासकार आफैँले प्रयोग गरेको हुन्छ । यस्तो भाषा अपेक्षाकृत नियमबद्ध र लेखकीय स्तर अनुरूप हुन्छ । दोस्रो

किसिमको भाषा उपन्यासका पात्रहरूको संवादमा प्रयोग गरिन्छ ।[५] उपन्यासकारले कथावस्तुको विस्तार तथा आफ्ना विचारको सम्प्रेषण भाषाकै माध्यमद्वारा गर्दछन् । भाषाको माध्यमद्वारा आफ्ना विचार अभिव्यक्त गर्ने तरिकालाई शैली भनिन्छ । ऋषिराज बरालका अनुसार उपन्यास र भाषाको कुरा गर्दा कसैले भाषाको मात्र चर्चा गरेको र शैली प्रतिक, बिम्बलाई भिन्नै तत्त्वको रूपमा चर्चा गरिएको पाइन्छ । शैलीलाई तत्त्वका रूपमा स्वीकार गर्न सकिने आधारहरू भएपनि यथार्थतः प्रतिक र बिम्ब भाषाकै प्रयोगात्मक रूपहरू हुन्[६] ।

भाषाशैलीमा दुवै उपन्यास **सुकरातका पाइला** र **अनन्त पाइला**को भाषा सरल छ । जटिल विषय र कठिन अनुभूतिहरूलाई सरल भाषामा अभिव्यक्त गरिएको छ । **सुकरातका पाइला** उपन्यासको भाषाका बारेमा मोहनराज शर्मा ले भनेका छन् -
'यस उपन्यासको भाषा ज्यादै सरल र सपाट वा फ्ल्याट छ । जस्तो अखबारको सरल र सपाट भाषा हुन्छ, ठिक त्यस्तै भाषाको प्रयोग यसमा छ ।[७]
उपन्यासमा पात्रहरू अनुसारको भाषा भेटिन्छ भने शैली पनि कलात्मक र सरल रहेको छ । त्यस्तै गरी **अनन्त पाइला** उपन्यासको भाषा पनि सरल छ । सरल विषयवस्तुको सरल तरिकाले व्याख्या गरिएको छ । वर्णनात्मक शैलीमा रचिएको उपन्यासमा लेखकको आत्माभिव्यक्ति बढी देखिन्छ । पात्रहरू अनुसारको भाषा, स्थानीयताको प्रभाव, तत्सम, तद्भव, झर्रा नेपाली शब्दहरूको प्रयोग **अनन्त पाइला** उपन्यासमा भेट्न सकिन्छ ।

दुवै उपन्यास **सुकरातका पाइला** र **अनन्त पाइला**मा भेटिने भाषिक समानताहरूमा पात्रहरू अनुसारको भाषाशैली हो । **सुकरातका पाइला** उपन्यासको पात्र सुकरातको भाषा बौद्धिक स्तरका पाठकले मात्र पचाउन सक्दछन् । अनन्त र गोपी सुकरातलाई यसरी विश्लेषण गर्दछन् -

> 'कुरो नबुझ्ने होइन, घघडान छ, पढेको मान्छे, धेरै बुझेको, तर हामी उसले भनेको बुझ्दैनौं' । (**सुकरातका पाइला,** पृष्ठ ६७)

यसरी बौद्धिक पात्रको बौद्धिक भाषाको प्रयोग गरिएको स्पष्ट हुन्छ भने सामान्य पात्रले बोल्ने, बुझ्न सक्ने सामान्य भाषाको पनि प्रयोग यसप्रकार गरिएको छ -

> 'गाँउमा टेलिफोन छैन, गोरखापत्र पुग्दैन, कुनै पत्रपत्रिका समयमा पुग्दैन । फेरी यस पालिता महिनौँ दिनसम्म यातायात बन्द भयो । बाटातिर अनेक प्रकारका लडाई भइरहे' । ( **सुकरातका पाइला**, पृष्ठ १५)

त्यस्तै गरी **अनन्त पाइला** उपन्यासमा पनि विद्वान् पात्रका बारेमा लेखक यस प्रकार बोल्दछ -

> 'घनश्याम गुरु भने अलि बेग्लै अद्वितीय, हिन्दी, सस्कृत, अङ्ग्रेजी, नेपाली चारै भाषाका विद्वान्' । (**अनन्त पाइला**, पृष्ठ ४३)

---

[५] कृष्णहरि वराल, नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ललितपुर , साझा प्रकाशन २०५६, पृष्ठ ३९ ।

[६] ऋषिराज वराल, **उपन्यासको सौन्दर्यशास्त्र**, ललितपुर, साझा प्रकाशन दोस्रो संस्करण २०६३, पृष्ठ ४९ ।

[७] मोहनराज शर्मा, **गरिमा**, पूर्ववत, पृष्ठ ५३ ।

त्यस्तै गरी सामान्य पात्रहरूको सामान्य भाषाको प्रयोग यस प्रकार गरिएको छ -

'आजसम्म केहीपनि नढाँट्ने मान्छेले यो के पऱ्यो, जुन मलाई वताउन नमिल्ने हँ ? तपाइको अनुहार मलिन भयो भने मलाई शान्ति हुँदैन । (**अनन्त पाइला**, पृष्ठ ३)

त्यस्तैगरी **सुकरातका पाइला** र **अनन्त पाइला** उपन्यासमा समान तवरले सन्दर्भ मिलाएर गजलको प्रयोगपनि यस प्रकार गरिएको छ -

**सुकरातका पाइला**मा गोपीले गाएको गजल यस्तो छः-

इन्कलाव जिन्दावाद भनौँ साथीहरू,
प्रतिगमन पुर्ने खाडल खनौँ साथीहरू । (**सुकरातका पाइला**, पृष्ठ ३३)
विषजस्तो तिम्रो माया पिउँदा पिउँदै लडेँ ।
उठाउँछ्यौ भन्दा भन्दै चितामाथि चढेँ । (**सुकरातका पाइला**, पृष्ठ ४९

**अनन्त पाइला**मा गोपीले सन्दर्भ अनुसार वाचन गरेको गजलको नमूना यस्तो छ ।

धेरै धेरै मान्छे आऊन् हाम्रो सौराहामा
अजम्वरी प्रीत लाऊन् हाम्रो सौराहामा । (**अनन्त पाइला**, पृष्ठ १३६)
तिम्रो चोखो माया पाएँ, धन्य भयो जीवन
पिरतीको गीत गाएँ, धन्य भयो जीवन । (**अनन्त पाइला, पृष्ठ** २०७)

त्यस्तैगरी दुवै उपन्यासमा अङ्ग्रेजी वाक्यांशको पनि प्रयोग गरिएको छ ।

**सुकरातका पाइला**मा

द ग्रेट ट्राजेटी अफ लाइफ् इज नट डेथ वट् ह्वाट डाइज इन साइड अफ अस ह्वाइल वी लाइभ

('The great tragedy of life is not death but what dies in side of us while we live ')

अर्थात्

जीवनको महान् दुःखान्त भनेको मृत्यु होइन, परन्तु जीवित हुँदा हामीभित्र जुन कुराको मृत्यु हुन्छ त्यो हो । (**सुकरातका पाइला,** पृष्ठ १७५)

**अनन्त पाइला**मा

साइन्स ह्याज मिनिमाइज्ड द डिस्टेन्ट विटविइन मिन्ड एण्ड मुन वट नट विटविन म्यान एण्ड म्यान । ('Science has minimized the distance between mend and moon but not between man and man') (**अनन्त पाइला**, पृष्ठ १७६)

त्यसैगरी **अनन्त पाइला**मा नै अङ्ग्रेजी वाक्यलाई देवनागरिक वर्णमा पनि प्रस्तुत गरिएको छ ।

"हाउ आर यु म्याडम ? " ढाकाराम,

"हु आर यु" ? होयर एम आई" ? ह्वेर आर गोपी एण्ड अनन्त ?"(**अनन्त पाइला**, पृष्ठ १३२)

त्यसैगरी **अनन्त पाइला**मा स्थानीय भाषाहरूको पनि प्रयोग भएको छ । स्थानीय थारु जातिले बोल्ने थारु भाषाको पनि प्रयोग भएको छ ।

"याजु कते सरकारे ?" एउटा चौधरी बन्धु

"यतही घुमे याइली । लौठा सङ्गाती याइले काठमाण्डु से । नेपाली टुरिष्ट जे ।"(**अनन्त पाइला**, पृष्ठ २३)

दुवै उपन्यासमा चलनचल्तीमा रहेका तत्सम, तद्भव, र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । सुत्ला, साद्दे, छ्याङ्गै, फूर्ति, ग्वाली, सुइसुई आदि जस्ता नेपाली झर्रा शब्दहरू प्रयोग भएका छन् । दुवै उपन्यासमा अङ्ग्रेजी भाषाका प्रशस्त शब्दहरू प्रयोग भएका छन् जस्तै- क्यासेट, इमेल, वेलकम, लिभ, पाउण्ड डेथ, ल्यापटप, हेलो, भेरी नाइस, व्युटिफुल, थ्याङ्क्यु, आदि ।

भाषाशैलीको कोणबाट यी दुई उपन्यास **सुकरातका पाइला** र **अनन्त पाइला**लाई तुलना गर्दा धेरै समानता पाउन सकिन्छ । वाक्य प्रयोगका दृष्टिले, शब्द प्रयोगका दृष्टिले तथा उपन्यासमा पद्यको मिश्रण गर्ने नौलो कार्य यी दुवै उपन्यासमा भेटिन्छ । वाक्यीय प्रयोगका दृष्टिले दुवै उपन्यासमा सर्न्दभ अनुसारका सरल र जटिल वाक्यहरू भेटिन्छन् ।
**सुकरातका पाइला**मा प्रयोग भएका सरल वाक्यको नमूना यस प्रकार छ ।

नर्फोक गाँउ प्रकृतिको अनुपम सृजना थियो । (**सुकरातका पाइला**, पृष्ठ १)

काठमाडौं भन्दा टाढाटाढाबाट भयावह समाचारहरू आउँथे । (**सुकरातका पाइला**, पृष्ठ २४)

त्यसैगरी **अनन्त पाइला** उपन्यासमा प्रयोग गरिएका सरल वाक्यको नमूना यस प्रकार रहेको छ-

"चितवन यतिखेर हेर्न लायक छ" । (**अनन्त पाइला**, पृष्ठ १)

"बछौली मा.वि.को प्राङ्गणमा आज एउटा वृहत् छलफल चलिरहेछ । सबै वडाबाट मानिसहरू जम्मा भएका छन् । (**अनन्त पाइला**, पृष्ठ १८३)

त्यसैगरी यी दुई उपन्यासमा केही जटिल वाक्यको प्रयोग यसरी गरिएको छ -

**सुकरातका पाइला**मा -

यस्ता पीर र निराशाले मन भर्दै गयौं भने, हामी अस्तित्वको मैदानवाट आफै हार्दै गयौं भने, बतासले पनि हामीलाई फुकेर लडाउन खोज्छ, जबकी यसबेला हाम्रो मनोबल कुनै आँधी हुरीले पनि ढाल्न नसक्ने हुनुपर्छ । (**सुकरातका पाइला**, पृष्ठ १६१)

**अनन्त पाइलामा** -

पङ्खामा सिरकको खोल बाँधेर अनन्त यात्रामा हिड्न कस्सिएको अनन्त र आजको मेरो सामुन्नेको अनन्त एउटै हो ? कर्ण वध अघिका पाँच पाण्डव र कर्णवध पछि 'कर्ण आफ्नो जेठो दाजु हो भन्ने कुरा ज्ञात भएपछि' का पाँचपाण्डवहरू मनोवैज्ञानिक हिसाबले उही थिए ? हरेक कुरा क्षण भङ्गुर हो भाई, क्षण भङ्गुर ! स्थायी कुरा हो मानवीय संवेदना' । (**अनन्त पाइला,** पृष्ठ १०६)

यसै प्रकारले भाषिक समानतामा दुवै उपन्यासमा क्रियापद विहीन प्रशस्त वाक्यहरू भेटिन्छन् । केही उदाहरणहरू यस प्रकार छन् -

**सुकरातका पाइला**मा -

हामी झरौं त्यो तलको कोरोनेसन गार्डेन भित्र । (**सुकरातका पाइला,** पृष्ठ १६०)

आत्महत्या घटिसकेपछि निकट सम्बन्धिहरू, प्रेमीहरू आफैभित्र भावपूर्ण दशामा मौन मुखरित प्रश्नपूर्ण भएर रुमलिन्छन् केही कालसम्म । (**सुकरातका पाइला**, पृष्ठ १६९)

**अनन्त पाइला**मा

'अरे पतिदेव, अब गजल छोडेर दशर्न पनि ?' (**अनन्त पाइला**, पृष्ठ ५)

'पर्यटन र साहित्यलाई एकै ठाँउमा ल्याउन चाहन्छु म' । (**अनन्त पाइला,** पृष्ठ १३६)
अनन्त व्यग्र छ, साँझ ६ वजेतिर अरुण सुमार्गी रातो भ्यान र चार ज्यान सहित टुप्लुक्क । (**अनन्त पाइला**, पृष्ठ ११७)

यसप्रकारले **सुकरातका पाइला** र **अनन्त पाइला** दुवै उपन्यासमा क्रियापदविहिन वाक्यहरूको प्रयोग भएको पाइन्छ । तुलनात्मक रूपमा **सुकरातका पाइल**मा भन्दा **अनन्त पाइला**मा क्रियापद विहिन वाक्यहरू धेरै प्रयोग भएको पाइन्छ ।

बिम्ब प्रतिकको प्रयोगका दृष्टिले पनि दुवै उपन्यास शसक्त छन् । **सुकरातका पाइला**मा सुकरातलाई नै उपन्यासकारले बिम्बको रूपमा प्रयोग गरेका छन् ।[८] उपन्यासको पात्र प्रोफेसर सुकरात ग्रिक दार्शनिक सुकरातको बिम्बको रूपमा प्रयुक्त छ । उपन्यासमा ब्ल्याक होल वा कृष्ण बिवर, अनिष्ट विपत्ती अर्थात् मृत्यु सङ्केतका रूपमा आएको छ । यस शब्दले प्रतिकात्मक रूपमा मृत्युको सङ्केत गर्दछ । यसैगरी लालुपाते फूल अनन्त र पूर्णिमाको प्रेम प्रतिकको रूपमा प्रयोग भएको छ । त्यसैगरी **अनन्त पाइला** उपन्यासमा पनि विभिन्न प्रकारका बिम्ब र प्रतिकहरू प्रयोग भएका छन् । उपन्यासको शीर्षक अनन्त नै जीवन्तता, नयाँपन, तथा निरन्तरताको रूपमा आएको छ । अस्ताउनै आँटेको पात्रलाई पुर्नजीवन दिई निरन्तरता दिएको सन्दर्भ यससँग मेल खान्छ । त्यसैगरी दुलही झैँ सिँगारिनु यसले प्राकृतिक सौर्न्दयताको वर्णन गर्दछ । सपना देख्नुले उज्जवल भविष्य र समृद्ध नेपालको कल्पनाको रूपमा आएको छ । साहित्यिक कुम्भ मेलाले साहित्यको वृत्ति विकास तथा प्रचार प्रसारलाई जनाउँदछ । पिरतीको जुसले, माया प्रेम सद्भाव, आदार सम्मानलाई सङ्केत गर्दछ । यस प्रकारले यी दुवै उपन्यासमा प्रयोग भएका बिम्ब प्रतिकहरूलाई तुलना गर्दा दुवै उपन्यासमा सबलता पाउन सकिन्छ ।

## ३.५. सुकरातका पाइला र अनन्त पाइला उपन्यासको देशकाल परिवेशको तुलना

**सुकरातका पाइला** उपन्यासमा नेपालमा २०५२ सालमा जनयुद्ध सुरु भएपछि २०६२/०६३ को जनआन्दोलन सम्मको समयावधिलाई समेटिएको छ । यस उपन्यासमा युद्धको समयमा प्राकृतिक सुरम्यले भरिएका तर विकासको दृष्टिले पछाडि परेका सुन्दर गाउँबस्तीदेखि राजधानी काठमाडौँसम्म लागेको युद्धको डढेलोको चर्चा गरिएको छ । त्यसैगरी **अनन्त पाइला** उपन्यासमा युद्ध र जनआन्दोलनको अन्त्यपछिको सामान्य अवस्था साथसाथै चितवन र सौराहालाई केन्द्रमा राखि समग्र देश विकासको गतिमा हिडिरहेको काल्पनिक मार्ग चित्र प्रस्तुत गरिएको छ । **सुकरातका पाइला**ले द्वन्दको समयलाई केन्द्रमा राखेको पाइन्छ भने **अनन्त पाइला** उपन्यासले द्वन्द्व पछिको शान्तिपूर्ण देशको अवस्थालाई केन्द्रमा राखेको पाइन्छ । दुवै उपन्यासको सुरुवात प्राकृतिक सुन्दरताको वर्णनबाट हुन्छ । **सुकरातका पाइला** उपन्यासमा नेपाली पूर्वी पहाडि भू-भाग जस्तो लाग्ने काल्पनिक नर्फोक गाउँको सुन्दरताको वर्णन गरिएको

[८] चन्द्र वहादुर खत्री, पूर्ववत् पृष्ठ ६७ ।

छ भने **अनन्त पाइला** उपन्यासमा चितवनको सुरम्य वातावरणको वर्णन गरिएको छ । **सुकरातका पाइला** द्वन्द्वको चित्रलाई यसरी उतारिएको छ :-

> नर्फोकमा अलि अर्कै हावा चल्न थालेको थियो । अर्कै बतास चल्न थालेको थियो । नर्फोकमा अर्कै मानिसहरू हिँड्न थालेका थिए । निकै वर्ष भयो नर्फोक बदलिन थालेको थियो । नर्फोकको शीर तर्साउने पातलमा धुँवा आउन थालेको धेरै भयो, त्यहाँ आगो बल्न थालेको धेरै भयो । त्यहाँ ठुला-ठुला किल्ला बनाइएका छन् अस्वभाव ढङ्गले घेरेका पातलमा आज हजारौँ टोडका खनिएका छन् । भन्छन् हिजो भुल्केनी हाइस्कुलका तेह्रजना विद्यार्थी भागे भन्छन् । आज मात्रै नर्फोक भरीका सयजना छानिएका छन् भन्छन् अँधेरी कलेजका अनेकौ विद्यार्थी भर्नाका लागि छानिएका छन् । (**सुकरातका पाइला,** पृष्ठ ३)

**अनन्त पाइला** उपन्यासमा देखाइएको शान्ति तथा विकासको वर्णन यस प्रकार गरिएको छ -

> "चितवन यतिखेर हेर्न लायक छ । चितवन महोत्सवको कारणले नारायणगढ मात्र होइन भरतपुर पनि नयाँ दुलही झैँ सिङ्गारिएको छ । मिनिबस, माइक्रो बस सबै खचाखच । त्यस माथि दशवर्षे जनयुद्धले अब स्थायी विश्राम लिने लक्षण देखाएर होला मानव जीवनको हरेक पक्षमा नयाँ आशा र उमङ्ग पलाएका छन्" । (**अनन्त पाइला**, पृष्ठ १)

त्यस्तैगरी अर्को ठाउँमा भएको प्रयोग पनि हेर्न सकिन्छ :-

> पार्टीको नीति अनुसार काम हुदै जान्छ । कृषि प्रधान देश भएका नाताले पहिलो प्राथमिकता कृषिले नै पाउँछ । साना किसानहरूलाई सानै व्यवसाय गर्न २ % ब्याजदरमा दीर्घकालीन ऋणको व्यवस्था हुन्छ । सबै सरकारी विद्यालयहरूमा अङ्ग्रेजी माध्यममै पठनपाठन हुन्छ । प्रत्येक तीन वर्षमा शिक्षकहरूलाई विशेष तालिमको व्यवस्था गरिन्छ । शिक्षण संस्थाभित्र राजनीतिलाई छिर्न दिइदैन, प्रवेशिका परिक्षाको नतिजा ९५ % हुन पुग्छ, खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाइको प्रबन्ध गरिएकाले तीन खेती मज्जासित भित्र्याउँछन् किसानहरू । प्रतिव्यक्ति आम्दानी ४००० डलर पुगेको छ । बिजुली झलल । लोडसेडिङ एकादेशको कथा भैसक्यो । समष्टिमा राष्ट्र स्वावलम्बी भएको छ । (**अनन्त पाइला,** पृष्ठ १४६)

मुख्य रूपमा **सुकरातका पाइला**मा देशले भोग्नुपरेको १० वर्ष जनयुद्धको समयलाई परिचित्रण गरिएको छ । भने **अनन्त पाइला** उपन्यासमा युद्ध पछिको व्यवस्थापकीय समयको प्रभाव छ । **सुकरातका पाइला** पुर्वी नेपालको पहाडि गाउँदेखि काठमाडौँ शहरसम्मको परिवेशलाई केन्द्रमा राखि समग्र नेपालको परिवेश समेटेको छ भने **अनन्त पाइला** उपन्यासले चितवनलाई केन्द्रमा राखेको छ । **सुकरातका पाइला**ले माओवादी क्रान्ती समानान्तर सत्ताको अभ्यास देखि लिएर युद्धको प्रभाव गाउँ गाउँमा फैलिएको डर, त्रास, अराजकता, आतङ्कको स्थितिलाई देखाउन खोजेको छ । त्यसैगरी विश्वविद्यालयमा हुने गरेका शैक्षिक अराजकता, शिक्षामा राजनीतिक हस्तक्षेप, आक्रमणलाई देखाउन खोजिएको छ । अनन्तको कर्मस्थल नर्फोक देखि कीर्तिपुरसम्म हुनाले यस अन्तर्गतका परिवेश समेटिएको छ । द्वन्द्वको आडमा गरिएका अराजक तथा दण्डनीय कार्यहरू, हिंसा, आतङ्क बलजफ्ती जस्ता कार्यहरूलाई यस उपन्यासमा समेटिएको छ । अर्को तर्फ **अनन्त पाइला** उपन्यासमा जीवनको लय, गतीलाई सुमार्गतर्फ डोऱ्याउँदै चितवनलाई उदाहरणको रूपमा लिई समग्र राष्ट्रकै विकासको अवस्थालाई देखाउन खोजिएको छ । काल्पनिकताको रूपमा भएपनि सुन्दर र सुरम्य परिवेशको चित्रण **अनन्त पाइला**

उपन्यासमा गरिएको छ । जताततै विकास छ । शिक्षा क्षेत्रको विकास तथा विस्तार शान्ति तथा अमनचयन, देशको उन्नति, मानिसहरू सबै खुसी भएको, साहित्यको विकास भएको अवस्थालाई **अनन्त पाइला** उपन्यासमा समेटिएको छ ।

समग्रमा यी दुवै उपन्यासको पर्यावरणलाई तुलना गर्दा **सुकरातका पाइला** उपन्यासमा युद्धको परिवेश, युद्धको प्रभाव, अशान्त परिवेश, शैक्षिक विकृती, असफलता, अन्याय, अत्याचार, अभाव, अन्योलको परिवेश छ । स्थान पूर्वी पहाडदेखि काठमाडौँ कीर्तिपुर हुदैँ समग्र नेपालकै वातावरणको प्रतिछायाँ छ । विशेषगरी २०५२ देखि २०६२/६३ सालको आन्दोलनसम्मको समयलाई यस उपन्यासमा समेटिएको छ भने **अनन्त पाइला** उपन्यासमा ०६२।०६३ सालमा भएको जनआन्दोलन पछिको समयलाई लिइएको छ । स्थान मुख्य रूपमा चितवन र केन्द्रमा सौराहालाई राखिएको छ । शिक्षा र साहित्यको विकासलाई केन्द्रमा राखिएको छ । सुन्दर, शान्त, तथा गतिशील वातावरणको प्रभाव यस उपन्यासमा छ । पुनर्जागरण तथा पूनर्निर्माणकालीन युगको रूपमा चित्रण गरिएको छ । परिवर्तनकालीन समयको प्रभाव यसमा रहेको छ । समग्रमा यी दुई उपन्यास **सुकरातका पाइला** र **अनन्त पाइला** भिन्न फरक परिवेशमा उभिएका छन् ।

## ३.६. सुकरातका पाइला र अनन्त पाइला उपन्यासको द्वन्द्वको तुलना

**सुकरातका पाइला** र **अनन्त पाइला** उपन्यासको तुलना गर्दा द्वन्द्वलाई पनि महत्त्वपूर्ण विषयको रूपमा लिन सकिन्छ । **सुकरातका पाइला** उपन्यास मूलतः द्वन्द्वमा आधारित उपन्यास हो । यसको भूमिकामा ज्ञानू पाण्डेले *'युद्ध साहित्यको एक उत्कृष्ट नमूना सुकरातका पाइला '* नामक लेखमा भनेकी छन् दशवर्षे लामो सशस्त्र द्वन्द्वको मारले नराम्रोसित थिलथिलिन पुगेको नेपालको राजनैतिक, सामाजिक, आर्थिक र शैक्षिक वृत्तमा व्याप्त उद्दण्डता र अनुशासनहिनता अनि नैतिकपतनको पराकाष्ठाको जिउँदो दस्तावेज हो यो उपन्यास ।[९] यस प्रकारले यस **सुकरातका पाइला** उपन्यासमा १० वर्षे द्वन्द्वलाई मुख्य विषयवस्तु बनाएर लेखिएको छ । उपन्यासभरी नै द्वन्द्वको विषयले प्रमुखता पाएको छ । उपन्यासमा द्वन्द्वको विषयलाई यसरी वर्णन गरिएको छ :-

> साँझ ५ बजेतिर ७-८ जना स्थानीय गाउँले सिम्लागाडमा घट्ट पिसेर त्यही पसलमा चिया पिउँदै रहेछन् एक्कासी वरिपरीबाट ठुलो होहल्ला र फायरिङ भएको सुनेपछि सबैजना पसलभित्र छिरेर ढोकाको चुकुल लगाएछन् त्यही बसेकी नन्दकी श्रीमती गौरीले भनिन् रातभरी लडाँई भयो, सबैजना भोकै तिर्खै डरैडरले बस्यौँ । भोलिपल्ट बिहान ५ बजेमात्र बन्दुकको आवाज आउन रोकियो हामी त रातभरी कोहि पनि बाहिर निस्केनौं । नौ बजेतिर मात्र ढोका खोलेर बाहिर आयौँ क्याम्पमा आगो लागिरहेको थियो । माओवादी डाँडाभरी झण्डा गाड्दै नाराबाजी गर्दै थिए । हामी त पसलबाट निस्केर कतै नहेरी गाउँतिर कुद्यौँ । (**सुकरातका पाइला**, पृष्ठ १४१)

---

[९] ज्ञानु पाण्डे, पूर्ववत् ।

यसरी **सुकरातका पाइला**मा एकातर्फ दशवर्षे द्वन्द्वको पूर्ण रूप देख्न सकिन्छ भने अर्को तर्फ द्वन्द्वात्मक वातावरणले गर्दा उपन्यासका पात्रहरूमा आन्तरिक द्वन्द्व छ । उपन्यासको नायक अनन्तमा आन्तरिक द्वन्द्व छ । ऊ बि.ए. पास गरेपछि के गरौँ कसो गरौँ ? को स्थितिमा छ । एम.ए. पढौँ कि विदेश तर्फ लागौँ कि, जागिर खाऔँ कि यस्तै उसमा आन्तरिक द्वन्द्व छ जस्तै -

> 'एक मनले भन्थ्यो अब एउटा जागिर खान पाए पनि हुन्थ्यो । अर्को मन भन्थ्यो उच्च शिक्षामा जान पाए पनि हुन्थ्यो । एकथरी साथीभाइहरूसँग भेट हुँदा जङ्गलतिर पसौँ भन्दथे । (**सुकरातका पाइला**, पृष्ठ ६)

यस्तै अनन्तको आन्तरिक मनको द्वन्द्वबाट कथा आरम्भ भएको छ । जति जति देशमा आन्दोलन र द्वन्द्व चर्किंदै जान्छ अनन्तको मनमा पनि द्वन्द्व चर्कंदै गएको छ जस्तै :-

> 'आज अनन्तलाई दोधारले निल्नै आँटेको थियो' । (**सुकरातका पाइला**, पृष्ठ ५२)
>
> 'मैले धेरै गर्छु भनेर प्रतिज्ञा गर्दै घर छोडेको थिएँ, आज मै असहाय भै चौबाटोमा उभिएको छु' (**सुकरातका पाइला**, पृष्ठ ९३) ।

यसरी उपन्यासको पात्र अनन्तमा भएको द्वन्द्वलाई देखाइएको छ । त्यसैगरी अर्को पात्र पूर्णिमामा पनि द्वन्द्व छ एकातर्फ द्वन्द्वको चपेटामा ऊ आफै परेकी छ भने अर्कोतर्फ उसमा पनि आन्तरिक द्वन्द्व देखिन्छ । उपन्यासका सम्पूर्ण पात्रहरू द्वन्द्वबाट अछुतो छैनन् । **अनन्त पाइला** उपन्यासमा भने द्वन्द्वको प्रभाव छैन । एकातर्फ देशको वातावरण शान्तमय छ भने अर्कोतर्फ हरेक पात्र तथा चरित्रहरू स्वतन्त्र तथा स्वविवेकी छन् । कसैलाई पनि द्वन्द्वको छाँयाले सताएको छैन । **सुकरातका पाइला**मा देखिएको जस्तो द्वन्द्व **अनन्त पाइला** उपन्यासमा भेटिदैँन । सबै विषयवस्तु सरल गतिमा अगाडि बढेका छन् । हरेक पात्रमा निर्णय गर्ने शक्ति तथा सामर्थ्य छ । गोविन्दराज भट्टराईले भने झैं 'अनन्त पाइला भन्नु नै सुकरातका पाइलाको आदर्शीकरण हो । लेखक जीवनलाई त्यहाँको जस्तो भयप्रद यर्थाथतामा होइन, काल्पनिक तर सुन्दर यर्थाथतामा देख्न चाहन्छन्'[१०] यसले पनि के स्पष्ट पार्दछ भने जुन किसीमको द्वन्द्व **सुकरातका पाइला**मा छ त्यस प्रकारको द्वन्द्व **अनन्त पाइला**मा पाइदैँन । **सुकरातका पाइला**मा भयप्रद स्थितिको वर्णन गरिएको छ भने **अनन्त पाइला**मा काल्पनिक भएतापनि सुन्दर वस्तुस्थिति रहेको छ ।

## ३.७. सुकरातका पाइला र अनन्त पाइला उपन्यासको संवादको तुलना

संवादलाई नाटकमा अनिवार्य तत्त्वको रूपमा लिइन्छ । आजभोली उपन्यासमा पनि यसको प्रयोग भइरहेको पाइन्छ । संवादले दुई पात्र बीचको वार्तालापलाई जनाउदँछ । उपन्यासलाई रोचकता तथा सार्न्दभिकता थप्न संवादले सघाउँछ । **सुकरातका पाइला** र **अनन्त पाइला** दुवै उपन्यासमा संवादको  प्रयोग गरिएको छ । साना ठुला गरी धेरै ठाँउमा संवादको प्रयोग गरिएको छ । एक पक्षीय, दुई पक्षीय, त्रिपक्षीय संवाद, लामो छोटो संवाद, वौद्धिक, दार्शनिक, रोमान्टिक, साहित्यिक संवादहरूको प्रयोग यी दुवै उपन्यासमा गरिएको छ । दुई पक्षीय संवादहरूका केही नमुनाहरु यस प्रकार रहेका छन् -

---

[१०] गोविन्दराज भट्टराई, अनन्त पाइलाको भूमिका ।

**(क) सुकरातका पाइला** उपन्यासमा उपन्यासको पात्र गोपी र अन्नत बीच भएको संवाद :-

'यो हप्ता तपाइले कुनै गजल लेख्नु भएन ? सुनाउनु भएको छैन नी ।'

'ओ भाइ त्यही सुनाउन त यो गोपी एकचित्त भएर लागिरहेछ । लौ सुन एउटा फ्रेस गजल (**सुकरातका पाइला**, पृष्ठ ४९ )

**(ख) अनन्त पाइला** उपन्यासमा उपन्यासको पहिलो खण्डमा गोपी र रजनीले अनन्तको विषयमा गरेको संवाद यस प्रकार छ :-

'रजनी मलाई अझै अनन्तको याद आइरहेछ । मेरो आत्माले यो कुरा पटक्कै स्वीकार्दैन । निशा र तपाई बीचको सम्बन्धलाई लिएर त्यति मिठो ठट्टा गर्ने मान्छे एकपटक आफ्नो भाउजू रजनीसित मिल्न अवश्य आउँछ । (**अनन्त पाइला,** पृष्ठ ४)

**सुकरातका पाइला** उपन्यासमा सुकरातका बारेमा अनन्त र गोपीले बोलेको संवाद यस्तो छ :-

'यो बुढो अकडो छ यार'

'अकडो हैन, कुरै बुझ्दैन ।'

'कुरो नबुझ्ने होइन, घाघडान छ, पढेको मान्छे, धेरै बुझेको तर हामी उसले भनेको बुझ्दैनौँ । 'हो त नी ऊ पनि हामीले भनेको बुझ्दैन ।' (**सुकरातका पाइला**, पृष्ठ ६७)

त्यसैगरी **सुकरातका पाइला** उपन्यासमा गोपी र निशाको रागात्मक संवाद यसरी समावेश भएको छ :-

'शरीर यता फर्किन ढिलो भएछ भने पनि यो मन यतै छोडिराखौँला नि यतै' 'कसलाई छोड्छौ त्यो निष्ठुरी मन ? मलाई त पक्कै होइन होला ?' । 'यो मनलाई अरु कसले छुन सकेको छ र? नत्र म किन यसरी गजल लेख्थेँ ।'(**सुकरातका पाइला**, पृष्ठ ६९)

**सुकरातका पाइला** उपन्यासभित्र अनन्त, सोफिया र तृष्णको यस्तो त्रिपक्षीय संवाद समावेश भएको छ :-

'अहिले ठिक पार्छौ मलाई देखेर ।'

'कसम होला, छ्या अनन्तले कस्तो नपत्याएको निशालाई सोध्नु नि बरु ।'

'उताको खबर के छ ?'

'सबै राम्रो छ । छोरा नफिरेको धेरै भो, बा, आमाले कुरा गरिरहनु हुन्थ्यो ।' तृष्णाले सोधी साँच्ची अनन्त दाइ तपाई कहिल्यै घर नर्फकने कि क्या हो ? कति भो गाउँ माया मारेको ?' (**सुकरातका पाइला,** पृष्ठ १०८)

**सुकरातका पाइला** उपन्यासभित्र सुकरात र अनन्त बीचको दार्शनिक संवाद यस्तो रहेको छ :-

मानिस किन यो रोग बोकेर हिँड्न अभिशप्त छ त गुरु ? तपाई त संसारको चित्त बुझाउन सक्नुहुन्छ, आफुलाई पनि तिनै शब्दले बुझाउनुहोस् ।

मानिस मात्र होइन सजिव हुनाको लक्षण अथवा प्रमाण नै रोग हो । सजीव भन्नाले झारपात, वनस्पती, प्राणी, सबैमा त्यो रोग आरोपित हुन्छ । पशु प्राणीमा र वनस्पतीमा स्थिरत्वको मात्र फरक छ, तर आहार, निन्द्रा, वृद्धि र पुनरुत्पादन जस्ता अरु प्रक्रिया उस्तै हुन् । जमिनबाट रस चुस्न पाइरहे पनि, हावापानी प्रकाश भेटिरहेपनि एउटा वृक्ष एक दिन रोगीएर मर्दछ । उसका सबै आकाङ्क्षा पुरा गरिए पनि छ महिना भित्रै मर्दछ । त्यो मृत्यु

बोट भित्रै अर्न्तनिहित छ । अरु ता अरु पृथ्वी, ग्रह, नक्षत्र पनि निश्चित आयु लिएर आफ्नो अन्त्य पर्खिरहेका हुन्छन् । (**सुकरातका पाइला,** पृष्ठ १२१)

**अनन्त पाइला** उपन्यासमा फोन वार्तालाई पनि समेटिएको छ । गोपी र गोविन्दराज भट्टराई बीच टेलिफोनमा भएको संवाद यस प्रकार रहेको छ :-

'हेलो भाइ'

दाजु नमस्कार

भाई नयाँ खवर के छ ?

सुन्नुभयो भने होश उड्छ दाजु सुनाऊँ ?

'के भयो भाइ त्यस्तो, सुनाऊ, सुनाऊ । मेरो मन पनि हल्लिन थाल्यो । (**अनन्त पाइला,** पृष्ठ १९)

एकजना चौधरी पात्रसँग थारु भाषामा गोपी बीच भएको संवाद यस प्रकार छ :-

'याजु कते सरकारे ?'

यतही घुमे याइली, लौठा सङ्गाती याइले काठमाण्डु से । नेपाली टुरिष्ट जे । (**अनन्त पाइला,** पृष्ठ २३)

उपन्यासमा अनुप्रासयुक्त चार पक्षीय संवाद पनि रहेको छ  जस्तै :-

तिम्रो पत्नी प्रेमलाई सलाम ! निशा

तिम्रो सलामलाई सलाम ! गोपी,

भारतका पूर्व राष्ट्रपति अब्दुलकलाम, सोफिया

दाजु यी नारीलाई नचलाम् -अनन्त (**अनन्त पाइला**, पृष्ठ २९)

प्रेम प्रसङ्गलाई लिएर श्रद्धा, निशा र सोफिया बीचको श्रृङ्गारिक एवम् दार्शनिक संवाद यस्तो रहेको छ :-

'ए ऽऽ....निशा, म सँग के स्वाङ पारेको । गोपीजी अविवाहित भएको भए ......सोफिया 'अब त्यो मनको लड्डु घिऊ सित खाने ? यो भएको भए, त्यो भएको भए पनि जिन्दगी हो र ? गोपी मेरो असल मित्र हो । म उनको आइमाई साथी हुँ ।' वस्, निशा । निशाजी पवित्र प्रेम, चोखो माया मान्छेको जन्मसिद्ध अधिकार हो । माया, प्रेम, स्नेह, सद्भाव, त्याग, बलिदान, परोपकार, मानवता, साद्गी, इमान्दारीता, नैतिकता यस्तै यस्तै होइनन् मान्छेका गहनाहरू । हिजोको आजै तपाईहरूलाई यहाँ केले डोऱ्यायो । त्यही मायाले होइन ? निःसर्त सम्बन्धले होइन ? हामी हामी बीचमै के रक्त सम्बन्ध छ ? तैपनि सहोदरभन्दा पनि बढी आत्मियता प्रदर्शन गरिरहेका छैनौ ? अनन्तलाई मेरो बाले किन त्यति माया गर्नु भयो ? फगत् मानवीय संवेदना होइन त्यो ? जीवन एउटा महल हो भने प्रेम त्यसको जग हो । जग मजबुत भएन भने के हुन्छ ? प्रेम बुद्ध हो, प्रेम मदर टेरेसा हो, प्रेम महात्मा गान्धी हो, प्रेम सत्यम् शिवम् सुन्दरम हो । जीवनको मार्ग पनि प्रेम हो र गन्तव्य पनि प्रेम हो । फूल पनि प्रेम हो र त्यसको सुवास पनि प्रेम हो । प्रेममय जीवन नै सार्थक जीवन हो । सम्पूर्ण धर्मको निचोड प्रेम हो । प्रेममय जीवन नै सार्थक जीवन हो । सम्पूर्ण सृष्टिको सारतत्व प्रेम हो । (**अनन्त पाइला**, पृष्ठ ६५)

उपर्युक्त उदाहरणहरूबाट के निष्कर्षमा पुग्न सकिन्छ भने दुवै उपन्यास **सुकरातका पाइला** र **अनन्त पाइला**मा विभिन्न प्रकारका संवादको प्रयोग गरिएको छ । **सुकरातका पाइला**मा भन्दा **अनन्त पाइला**मा धेरै संवादको प्रयोग गरिएको छ । **सुकरातका पाइला**मा लामा संवादहरू धेरै छन् भने **अनन्तपाइला** उपन्यासमा छोटा छोटा धेरै संवादको प्रयोग गरिएको छ । **सुकरातका पाइला** उपन्यासमा संवादको भाषा केही परिष्कृत छ भने **अनन्त पाइला** उपन्यासमा स्थानीय भाषा र शैलीको प्रभाव बढी परेको देखिन्छ । **सुकरातका पाइला**का संवाद  औपचारिक धेरै छन् भने **अनन्त पाइला** उपन्यासका संवादहरू अनौपचारिक शैलीका छन् । दुवै उपन्यासमा संवादको प्रयोग सान्दर्भिकता र आवश्यकता अनुसार प्रयोग गरिएका छन् । दुवै उपन्यासमा दुई पक्षीय त्रिपक्षीय संवादहरू छन् । **अनन्त पाइला** उपन्यासमा स्थानीय थारु भाषा तथा अङ्ग्रेजी भाषाका संवादहरू पनि रहेका छन् । समग्रमा दुवै उपन्यासका संवादहरू एकै प्रकारका रहेका छन् ।

## ३.८. सुकरातका पाइला र अनन्त पाइला उपन्यासको उद्देश्यको तुलना

**सुकरातका पाइला** उपन्यासले नेपालमा २०५२ सालदेखि २०६२/६३ सम्म चलेको दसवर्षे शसस्त्र युद्ध तथा युद्धकालीन समयमा नेपालमा घटेका सम्पूर्ण घटनाहरूको यथार्थपरक स्थितिलाई समेटेको छ  भने **अनन्त पाइला** उपन्यासले युद्धको समाप्ति तथा युद्ध व्यवस्थापन र पुनर्जागरण युगको प्रतिनिधित्व गरेको छ । **सुकरातका पाइला** उपन्यासका २ महत्त्वपूर्ण उद्देश्य छन् । एउटा देशमा १० वर्षसम्म चलेको युद्ध तथा युद्धले आम नेपाली जनमानसमा पारेको प्रभावको यर्थाथ चित्रण गर्नु हो भने अर्को तर्फ मानवीय जीवनमा जस्तोसुकै विसङ्गति भएपनि अस्तित्वको खोजीमा निरन्तर लाग्नुपर्दछ भन्ने जीवनवादी दृष्टीकोण  प्रेषण गर्नु हो । नेपालमा चलेको १० वर्षे जनयुद्धले जताततै हत्या, हिंसा, आतङ्क, फैलिएको छ, समाजमा अराजकता, त्रास फैलिएको छ, शिक्षा क्षेत्र विकृत छ, राजपरिवारको दुखद् बिनाश गरिएको छ । नेपालीहरूको वीभत्स हत्या विदेशमा हुनु, विश्वविद्यालयमा आगजनी हुनु, चोरी डकैती बढ्नु, मेनपावर कम्पनीका ठगी, राजनीतिक शक्तिको गलत प्रयोग, अवसरवादीको बाहुल्य आदिका कारण देशको स्थिति लथालिङ्ग भएको सत्य यर्थाथलाई **सुकरातका पाइला** उपन्यासमा जस्ताको तस्तै विश्लेषणात्मक तवरले प्रस्तुत गरिएको छ । नायक अनन्तका माध्यमबाट देशमा युद्धको प्रभाव तथा त्यसले हरेका क्षेत्रमा पारेको नकारात्मक प्रभावलाई देखाउन खोजिएको छ । शिक्षा क्षेत्रका विकृति विसङ्गति, बेरोजगारी समस्या आदिलाई सान्दर्भिकता साथ देखाइएको छ भने अर्कोतर्फ सुकरातका माध्यमबाट अस्तित्ववादी चिन्तनको पनि प्रस्तुति दिइएको छ ।

यो युद्ध अवस्था, विसङ्गति सधै रहँदैन परिवर्तन हुन्छ र सुनौलो बिहान आउँछ भन्ने तर्फ पनि सङ्केत गरिएको छ । ज्ञानु पाण्डेले यसको भूमिकामा उल्लेख गरेकी छन् वास्तवमा उपन्यासकारले प्रस्तुत **सुकरातका पाइला** उपन्यासभित्र दुइटा पक्षलाई समानान्तर रूपमा अगाडि सारेका छन् । पहिलो पक्ष नेपालको वर्तमान धरातलीय यथार्थ । दोस्रो पक्ष जीवन बारेको आफ्नो दार्शनिक दृष्टि । पहिलो पक्ष देशमा दसवर्षदेखि चलिरहेको सशस्त्रद्वन्द्वको त्रासद कथा हो भने दोस्रो पक्ष त्यो कथाको आयु अनन्त छैन भन्ने आशावादी सन्देशको सञ्चार हो ।

पहिलो निराशाको कालोबादल हो, दोस्रो पक्ष आशाको आश्वासन हो । पहिलो पक्ष विसङ्गतिको भास हो दोस्रो पक्ष सङ्गतिको प्रयास हो । वर्तमानमा जस्तो दुःख बेहोर्नुपरे पनि हरेकले भविष्यप्रति आशावादी बन्दै निष्ठापूर्ण जीवन बाँच्न कुनै हालतमा पनि चुक्न हुन्न भन्ने लेखकीय दृष्टि उपन्यासको शीर्षकमा पनि अत्यन्त प्रतीकात्मक ढङ्गले अभिव्यञ्जित भएको छ ।[११]

यसरी युद्धको विषयलाई लिएर लेखिए पनि यसले एउटा पाटोमा सत्य यर्थाथलाई समेट्न खोजेको र अर्कोतर्फ जीवनवादी दृष्टिकोण प्रवाहगरी जीवनमा कठिनाई आँउछन् कठिनाई सँग भागेर होइन जुधेर सामना गर्न सक्नु पर्दछ भन्ने अस्तित्ववादी चिन्तन पनि सँगसँगै प्रस्तुत गरेको छ ।

**अनन्त पाइला** उपन्यासले **सुकरातका पाइला**मा भएको युद्ध तथा अन्योलताको अन्त्य गर्दै सभ्य र विकसित समाजको परिकल्पना गरेको छ **। अनन्त पाइला** उपन्यासका पनि २ भिन्न उद्देश्य छन् एउटा धरातलीय रूपमा जिल्ला चितवन तथा आसपास विशेष सौराहालाई देश विदेश चिनाउनु तथा अर्को तर्फ मानवीयता, सहकार्य, सकारात्मक सोचले समृद्ध समाज र राष्ट्र निर्माण गर्न सकिन्छ भन्ने सन्देश प्रभाव गर्नु हो । गोविन्दराज भट्टराईले **अनन्त पाइला**को भूमिकामा भनेका छन् :-

> 'लेखक जीवनलाई त्यहाँको जस्तो भयप्रद यर्थाथतामा होइन, काल्पनिक तर सुन्दर यर्थाथतामा देख्न चाहन्छन् ।'[१२] अर्थात **अनन्त पाइला**मा शान्ति, अमनचयन, सुरक्षित, विकसित, शिक्षित समाजको रूपान्तरण खोजिएको छ । **सुकरातका पाइला**मा भएको समाजलाई रूपान्तरण गर्न खोजिएको छ जसरी मृत्युको मुखमा पर्न आँटेको अनन्तलाई नयाँ जोश तथा जाँगरका साथ **अनन्त पाइला**मा भित्र्याइएको छ । त्यसैगरी हराउन र समाप्त हुन लागेको देशको मूल्यमान्यता, मानवीय, बुद्धत्व, मातृत्व, भातृत्वलाई **अनन्त पाइला**मा पुनर्निर्माण गरिएको छ । पुनरुत्थान गरिएको छ ।

**सुकरातका पाइला** र **अनन्त पाइला**को समान उद्देश्य जीवनवादी दृष्टिकोण प्रक्षेपण गर्नु हो । **सुकरातका पाइला**मा लेखक सुकरातका माध्यमबाट जीवनवादी चेत प्रभाव गर्दछन् भने **अनन्त पाइला** उपन्यासमा लेखक गोपीका माध्यमबाट जीवनवादी सन्देश दिन्छन् । **अनन्त पाइला**को भूमिकामा गोविन्दराज भट्टराई भन्दछन् :-

> 'उपन्यासको थिम छ, प्रेम, सह–अस्तित्व, जीवनवादिता, आशावादिता, आदर्श स्थिति, नैतिकता, समाज उत्थान, राष्ट्रिय कल्याण '।[१३]

यसैगरी **सुकरातका पाइला**मा प्रस्तुत भएको जीवनवादी स्वरका पक्षमा ज्ञानू पाण्डे भन्छिन् :-

---

[११] ज्ञानु पाण्डे, पूर्ववत् ।

[१२] गोविन्दराज भट्टराई, **अनन्त पाइला,** भूमिका ।

[१३] ऐजन् ।

'पीडा जीवनको साश्वत सत्य हो, त्यसैले त्यो सित भागेर होइन त्यो सँग जुझ्दै हरेकले जीवनलाई स्वीकार्नु पर्छ भन्ने जस्तो जीवनवादी स्वर पनि उपन्यासभित्र उस्तै टड्कारो ढङ्गले आएको छ । मूलतः सुकरात गुरुका माध्यमबाट ।'[१४]

यसरी दुवै उपन्यासका समान उदेश्यको रूपमा जीवनवादी चेत प्रवाह गरी सभ्य समाज निर्माणमा योगदान दिनु रहेको छ । साथसाथै समाजमा घटेका सत्य घटनालाई यथार्थपरक ढङ्गले प्रस्तुत गर्दै त्यसबाट भएका कमीकमजोरीको निर्क्योल गर्दै आगामी दिनमा त्यस्ताखाले घटनाबाट पाठ सिक्दै भविष्यमा हुने सम्भावित घटना रोकी सभ्य, शिक्षित, भाइचार, पूर्ण समाज निर्माण गर्ने मुख्य लक्ष्य दुवै उपन्यासको रहेको छ ।

## ३.९. निष्कर्ष

**सुकरातका पाइला** गोविन्दराज भट्टराईद्वारा रचना गरिएको युद्धमा आधारित उपन्यास हो र नेपालमा दशवर्षसम्म चलेको द्वन्द्वका कारण उत्पन्न भएका विभिन्न परिस्थिति र द्वन्द्वले समाजमा पारेको प्रभावलाई **सुकरातका पाइला** उपन्यासले देखाउन खोजेको छ । द्वन्द्वकै परिणाम स्वरूप **सुकरातका पाइला**को नायकले अन्त्यमा विकल्प विहिन बनेर संसारबाटै बिदा लिन खोजेको अवस्थामा धनराज गिरीले उसलाई **अनन्त पाइला** उपन्यास मार्फत पूनर्जीवन दिदैं नयाँपनको थालनी गरेका छन् ।

**सुकरातका पाइला** उपन्यासको विषयवस्तु युद्धमा आधारित छ भने **अनन्त पाइला** उपन्यासको विषय द्वन्द्व पछिको पूनर्जागरणकालीन समयमा आधारित रहेको छ । **सुकरातका पाइला**ले मुख्य रूपमा नेपालको दशवर्षे द्वन्द्व र साथमा त्यस द्वन्द्वले प्रभाव पारेका अन्य सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक क्षेत्रका समस्या, पीडालाई देखाउन खोजेको छ भने **अनन्त पाइला**ले द्वन्द्वको स्थायी समाधान र देशलाई पुनर्निर्माण गरी नयाँ युग, नयाँ व्यवस्था उन्नति र प्रगति समृद्धिको अवस्थाको चित्रण/परिकल्पना गरको छ । यसका लागि **अनन्त पाइलामा** सबै मुख्य पात्रहरुलाई **सुकरातका पाइला**बाटै अवतरण गराइएका छन् । सुकरात, गोपी, अनन्त, निशा, सोफिया, **सुकरातका पाइला**कै निरन्तर पात्र हुन् । भाषाशैलीका आधारमा पनि दुवै उपन्यासमा समानता भेटिन्छ । सरल भाषाशैली, पात्रअनुसारको भाषा, पात्र अनुसारको कार्यव्यापार, बिम्ब, प्रतिक, संवादको प्रयोग समान रहेको छ । **सुकरातका पाइलामा** पूर्वको पहाडी गाँउदेखि काठमाडौँसम्म र काठमाडौँलाई केन्द्रमा राखि नेपालकै परिवेशको चित्रण गरिएको छ । भने **अनन्त पाइला**मा चितवनको सौराहालाई केन्द्रमा राखि नेपालकै परिवेशलाई समेट्न खोजिएको पाइन्छ । दुवै उपन्यासको उद्देश्य द्वन्द्व देश र जनताका लागि अभिसाप हो भन्ने रहेको छ । द्वन्द्वले समस्याको समाधान गर्दैन एक आपसमा सहकार्य गर्न सकियो भने मानव जीवन सुन्दर बन्न सक्छ भन्ने देखाउनु रहेको छ । **सुकरातका पाइला**मा देखाइएको द्वन्द्वको अवस्था र त्यसले जनतामा पारेको पीडाले के सन्देश दिन्छ भने द्वन्द्वले हरेक क्षेत्रमा

---

[१४] ज्ञानु पाण्डे, पूर्ववत् ।

नकरात्मक प्रभाव पार्दछ गलत तत्त्वले फाईदा उठाँउछन् । त्यसकारण द्वन्द्व आवश्यक छैन **अनन्त पाइला**ले देशमा शान्ति भयो भने, आपसमा सहकार्य गऱ्यो भने उन्नति प्रगति गर्न गाह्रो छैन भन्ने सन्देश दिन खोजेको छ ।

यस प्रकारले **सुकरातका पाइला** र **अनन्त पाइला** दुवै उपन्यास बीच अर्न्तसम्बन्ध रहेको छ । मुख्य कथानकमा भिन्नता रहेता पनि एक आपसमा अर्न्तसम्बन्ध देखिन्छ । भने पात्र तथा तिनका कृयाकलाप, भाषाशैली, प्रस्तुति, वातावरण, संवादको प्रयोग, बिम्ब, प्रतिकको प्रयोग दुवै उपन्यासमा समान रहेका छन् । साथै दुवै उपन्यासको मुख्य उद्देश्य शान्ति, सहअस्तित्व र सहकार्य नै मानवहितको उत्तम बिकल्प हो भन्ने देखाउनु रहेको छ ।

# परिच्छेद चार

## औपन्यासिक मान्यतामा सुकरातका पाइला  र अनन्त पाइला उपन्यासको तुलना

# परिच्छेद चार

# औपन्यासिक मान्यतामा सुकरातका पाइला  र अनन्त पाइला उपन्यासको तुलना

## ४.१. पृष्ठभूमि

उपन्यास शब्द अस् धातुमा उप र नि उपसर्ग तथा घञ् (अ) प्रत्यय लागेर बनेको देखिन्छ । अस् धातुबाट राख्नु भन्ने अर्थ बोध हुन्छ भने 'उपन्यास' शब्दबाट नजिक राख्नु भन्ने अर्थ हुन्छ । यो श्रव्य काव्य अन्तर्गत गद्य साहित्यको आख्यान विधा भित्र पर्दछ । उपन्यासलाई अङ्ग्रेजीमा नोभल (Novel) भनिन्छ । यो इटालेली भाषाको नौलो अर्थबोधक शब्द नोभेला (Novella) बाट बनेको हो । यस विधाको जन्म पनि इटालीमै भएको हो । उपन्यास विधा वर्तमान समयमा विश्वभरि नै लोकप्रिय रहेको  विधा हो । यो विधा सर्वाधिक लोकप्रिय हुनुको कारण उपन्यासको रोचकता, वृहत् जीवनको परिचय र सत्याभास हो ।[१] आजको साहित्यिक परिसरमा लोकप्रिय तथा जीवनलाई सर्वोत्कृष्ट रूपमा आत्मसात् गर्न सक्ने विधाका रूपमा उपन्यास चर्चित रहेको छ । उपन्यासले मानव जीवनको यथार्थ पक्षलाई उजागर गर्दछ । यस विधाले नयाँ नयाँ रहस्योद्घाटन गर्दै कुनै वस्तुको सार पत्ता लगाउन सक्छ । कृष्णचन्द्रसिंह प्रधानका अनुसार वैज्ञानिक तथ्य भन्दा परको सत्यलाई उपन्यासले टिप्छ र त्यतै प्रेरित गर्छ ।[२]

उपन्यास साहित्यको क्षितीजमा उदीयमान नवीन र महत्त्वपूर्ण विषय हो । ऋषिराज बरालका अनुसार आख्यानात्मकता उपन्यासको आधारभूत विशेषता हो र यसको केन्द्रमा सदैव मान्छे र उसको प्रकृतिसितको सङ्घर्षको कथाले केन्द्रीय स्थान पाएको छ । यो हिजोको सन्दर्भमा मात्र नभएर आजको सन्दर्भमा पनि उत्तिकै सत्य कुरा हो । त्यसैले उपन्यास मानव जीवनको महाकाव्य हो ।[३] मानव र मानवसमाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्न आवश्यक लम्बाइ भएको गद्यआख्यानलाई उपन्यास भनिन्छ ।[४] महाकाव्यले प्राचीन जीवनको विशालतालाई समेटे झैँ वर्तमान उपन्यासले नयाँ समाज र यथार्थको उद्घाटन गर्ने काम गरेको छ ।[५] उपन्यासलाई  आ-आफ्नो  ढङ्गले परिभाषित गर्ने

---

[१] कृष्णहरि वराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, (ललितपुर : साझा प्रकाशन, चौथो संस्करण २०६१) पृष्ठ १ ।

[२] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार,** ललितपुर : साझा प्रकाशन, चौथो संस्करण, २०६१, पृष्ठ २ ।

[३] ऋषिराज वराल, **उपन्यासको सौन्दर्यशास्त्र**, (ललितपुरः साझा प्रकाशन दोस्रो संस्करण २०६३) पृष्ठ १,२ ।

[४] कृष्णहरि वराल र नेत्र एटम, पूर्ववत् पृष्ठ ९ ।

[५] चन्द्रबहादुर खत्री क्षेत्री, **सुकरातका पाइला उपन्यासको कृतिपरक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६७) १७ ।

लामो परम्परा छ तर पनि वर्तमान समयमा यस क्षेत्रमा देखिएका नयाँ नयाँ प्रयोगले ती परिभाषालाई तोडेको पाइन्छ । उपन्यास वर्तमान समयमा अत्यन्तै सशक्त विधाको रूपमा प्रस्तुत भएको छ । समाजको यथार्थ तस्बिर खिच्ने काम पनि यसै विधाले गरेको छ । समग्र जीवन अटाउने हुनाले जीवन र जगत्लाई नियाल्न र विश्लेषण गर्न उपन्यासको महत्वपूर्ण भूमिका रहेको हुन्छ । राजनीतिक, आर्थिक, सास्कृतिक आदि क्षेत्रमा देखिएका समस्यालाई गहिरोसँग चिरफार गर्ने काम यस विधाले गर्छ ।

## ४.२. उपन्यासका तत्त्वहरू

उपन्यास निर्माण हुनका लागि विविध तत्त्वहरूको आवश्यकता पर्दछ । कथानक, चरित्र, पर्यावरण, जीवनदर्शन, दृष्टिबिन्दु, भाषा, प्रतीक र बिम्बजस्ता कुराहरूलाई उपन्यासका तत्त्वका रूपमा लिइन्छ । यिनै विविध तत्त्वहरूको समिश्रणबाट उपन्यासको स्पष्ट स्वरूप निर्माण हुन्छ ।

### ४.२.१. कथानक

कथानक भनेको उपन्यासका पात्रहरूमाथि घट्ने घटनाहरूको शृङ्खला हो । उपन्यासकारले कथानकबाट विचारको प्रवाह गर्ने गर्दछ । हरेक उपन्यासभित्र एउटा निश्चित कथावस्तु अनिवार्य हुन्छ । आख्यानात्मक कृतिमा घटनावली प्रसङ्गावली वा कार्य व्यापारको जुन योजना गरिन्छ त्यो योजनायुक्त घटनावली (प्रसङ्गावली) कार्यव्यापारलाई नै कथानक भनिन्छ ।[६] कथानकमा चरित्र, विचार, वुद्धि र कल्पनाजस्ता कुराहरू समाविष्ट हुन्छन् । कथानकले नै उपन्यासको मूल ढाँचा निर्माण गर्ने प्राथमिक तत्त्वको काम गर्दछ । उपन्यासकारले कथानक तयार गर्ने क्रममा हरेक घटना वा कार्यलाई सङ्गठित गर्दछ र कथानकलाई जीवन दिने काम गर्दछ ।[७] कथ्यवस्तुको निर्माण जीवनले आत्मसात् गरिरहेका वस्तु र घटनाहरूलाई जोरजाम गर्ने प्रकृयाबाट हुन्छ ।

उपन्यासमा आख्यान पक्ष अनिवार्य छ । आख्यान उपन्यासको मुटुजस्तै हो । आख्यानबिना उपन्यासको कल्पना गर्न सकिदैन । आख्यान एउटा स्वरूप हो त्यसलाई पात्र चरित्र परिवेशले जीवन दिने काम गर्दछ । शुन्यमा कुनै पनि घटना घट्न सक्दैन र त्यसमा कार्य व्यापार पनि हुन सक्दैन त्यसैले आख्यान उपन्यासको अनिवार्य तत्त्वको रूपमा लिइन्छ । वर्तमान समयमा उपन्यासमा देखिएको नवनव प्रयोगले आख्यान क्षीण भएको पाइन्छ । तर कुनै न कुनै रूपबाट आख्यानको प्रयोग गरिएको हुन्छ । कथानक घटनाको कार्यकारण सम्बन्धमा आवद्ध भएको शृङ्खला भएकोले यसमा द्वन्द्व र त्यसबाट उत्पन्न हुने क्रियाको सर्वाधिक महत्त्व

---

[६] ईश्वरी प्रसाद गैरे, **आधुनिक नेपाली आख्यान सिद्धान्त र विश्लेषण**, क्षितीज प्रकाशन, २०६३, पृष्ठ १८४ ।

[७] चन्द्रबहादुर खत्री, पूर्ववत्, पृष्ठ १८ ।

रहन्छ ।[८] द्वन्द्वबाट नै कथानक क्रियाशील रहेको हुन्छ । द्वन्द्व र क्रियाले नै कथालाई गतिशील र नयाँ मोड दिने गर्दछ । कथानकमा उत्सुकता र संशयलाई जगाउने घटना र चरित्रको संगठन चाँही हुनै पर्दछ । बिना घटना र बिना चरित्र उत्सुकता र संशय जाग्न सक्दैन । त्यसैले घटना कुनै व्यक्ति, ठाउँमा घटेको हुनुपर्दछ  र चरित्रको 'स्व' अनुरूप घटना घट्नु पर्दछ । यसै कारणले घटना र चरित्रमा सुसंगठन हुनुपर्दछ अनि तिनले हाम्रा मनमा उत्सुकता र संशय उमारेको हुनुपर्दछ । त्यस्तै कथाभित्र देखिने द्वन्द्व, क्रिया तथा आरोह-अवरोहले उपन्यासलाई सही दिशा दिने काम गर्दछ ।

## ४.२.२. चरित्र

उपन्यासमा जसको जीवनमाथि घटना घट्छ अथवा घटना घट्ने पात्र नै चरित्र हो । यो उपन्यासको महत्त्वपूर्ण तत्त्व हो । कथावस्तुसँग सम्बद्ध भएर आउने विविध कथानकलाई चरित्रहरूले गति दिने काम गर्दछन् । जीवन र समाजमा यर्थाथ रूपमा पाइने व्यक्तिलाई मूलप्रति मानेर त्यसै आधारमा साहित्यकार वा उपन्यासकारले आफ्नो कल्पना, बुद्धि र विवेकद्धारा थपघट गरी सृष्टि गरेको औपन्यासिक व्यक्ति नै उपन्यासको चरित्र हो ।[९] पात्रहरू भन्नाले पुरुष वा स्त्री मानिने पुरानो मान्यता भएपनि वर्तमान समयमा मानव पात्रका साथै मानवेतर तथा अतिमानवेतर पात्रलाई उपस्थित गराएर उपन्यास लेख्ने गरेको पनि पाइन्छ । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने काम पात्रले गर्दछ । उपन्यासको आयतनभित्र सिङ्गो मानव सभ्यता चरित्रचित्रणकै आधारमा परिभाषित भएको हुन्छ । विगत र आगतलाई वर्तमानसम्म तानेर ल्याउने तत्त्व चरित्र हो उपन्यासमा उपर्युक्त पात्रको चरित्र पुरै युग र परिवेशको संवाहक भएर उपस्थित भएको हुन्छ ।[१०] उपन्यासमा रहेका चरित्रहरूलाई गतिशील र गतिहिन, यथार्थ र आदर्श, अन्तरमूखी र बहिर्मूखी, गोला र चेप्टा, सार्वभौम र स्थानीय, पारम्परिक र मौलिक आदि विभिन्न प्रकारले वर्गिकरण गरिएको पाइन्छ । पात्रहरूलाई लिङ्ग, उमेर, जात, क्षेत्र, आदिका आधारमा पनि वर्गिकरण गर्न सकिन्छ ।

## ४.२.३ . पर्यावरण

पर्यावरण भन्नाले उपन्यासमा प्रयोग भएको वातावरणलाई जनाउँछ । यसको निर्माण देशकालमा घट्ने घटना, दृश्य र पात्रहरूको कार्यबाट हुन्छ । वातावरणको सम्बन्ध पात्रको भावनाको कृयाकलापसँग रहन्छ । परिवेश स्थानीय पहिचान र भेषभूषामा निहित हुन्छ । उपन्यासमा आउने देशकाल यथार्थ मै आधारित भएपनि अन्ततः काल्पनिक नै हुन्छ । हामी

---

[८] कृष्णहरि वराल र नेत्र एटम पूर्ववत्, पृष्ठ २३ ।

[९] चन्द्रबहादुर खत्री, पूर्ववत् पृष्ठ १८ ।

[१०] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, ललितपुर, साझा प्रकासन, दोस्रो संस्करण पृष्ठ २३ ।

बाँचेको समय र स्थानलाई चित्रण गरे तापनि उसमा त्यसले कल्पनाको मिश्रण गरेको हुन्छ तर उपन्यासको कल्पनाद्वारा जुन देश-काल स्थापित हुन्छ, त्यो पुरै काल्पनिक नभएर पत्यारिलो हुनुपर्दछ । देश-काललाई पत्यारिलो बनाउनकानिम्ति त्यसलाई काल सापेक्ष बनाएको हुनुपर्दछ ।[११] उपन्यासको घटना वा पात्रको कार्यले पाठकलाई कल्पनाको असीम उडानमा डुबाइदिन्छ जसले गर्दा उसका मनमा विषाद, आशक्ति, क्षोभ, हर्षजस्ता गुण अवगुणहरूका मूल फुट्दछन् अर्थात स्थायी भावको उद्दीपन हुन्छ र तिनको समष्टिमा वातावरणको निर्धारण हुन्छ ।[१२] आधुनिक उपन्यासमा पात्रको मनस्थितिमा पैदा हुने भावलाई चेतनप्रवाह शैलीमा प्रयोग गरी नयाँ तरिकाबाट सिर्जना भएको पनि पाइन्छ ।

## ४.२.४. जीवनदर्शन

उपन्यासले पाठक मार्फत केही न केही सन्देश प्रवाहित गर्ने उद्देश्य राखेको हुन्छ । कुनै पनि कृतिको रचना खास प्रयोजन पुरा गर्न लेखिएको हुन्छ भने त्यो प्रयोजन नै त्यसको उद्देश्य हुन्छ । प्राचीनकालमा उद्देश्यको किटान गरिएको हुन्थ्यो भने आजभोलिका उपन्यासमा किटान गरिएको हुदैँन र हुन्छ पनि । आजका उपन्यास जीवनको विशेष दशाको उद्घाटन गर्न लेखिएको हुन्छ ।[१३] उपन्यासले भन्न खोजेको वा देखाउन खोजेको कुरा नै उपन्यासको सारवस्तु हो । सारवस्तुले उपन्यासको अर्थलाई प्रस्ट पार्ने काम पनि गर्छ । सारवस्तुले लेखकको जीवनदर्शनको भार वहन गर्ने भएकाले यसमा पात्रहरू पौडिने र खेल्ने स्वतन्त्रता प्राप्त गर्दछन् । भने लेखकले तिनकै माध्यमबाट आफ्ना धारणालाई समुचित विन्यास र सम्प्रेषण गरेको हुन्छ ।[१४] उपन्यास अन्तर्गत लेखकले आफ्ना  धारण वा विचार राख्दा उक्त विचार औपदेशिक मात्र भएर सौन्दर्यपक्ष गौण भएमा उपन्यास असन्तुलित हुन पुग्दछ । कलात्मक मूल्य विन्यास गर्ने दृष्टिले उपन्यासलाई अशास्त्रीय शास्त्र, अनुपदेशिक उपदेश एवम् अवैचारिक विचारको संवाहकका रूपमा प्रतिपादन गर्नु वाञ्छनीय देखिन्छ ।[१५] उपन्यासको समष्टि निष्कर्ष नै सारतत्त्व हो । त्यसकारण हरेक उपन्यासमा सारतत्त्व सबल हुनुपर्दछ । अन्यथा उपन्यासको रचना निरर्थक हुन्छ ।

---

[११] ईश्वरी प्रसाद गैरे, पूर्ववत् पृष्ठ २०७ ।

[१२] कृष्णहरि वराल र नेत्र एटम पूर्ववत्, पृष्ठ ३७ ।

[१३] ईश्वरी प्रसाद गैरे, पूर्ववत् पृष्ठ २११ ।

[१४] कृष्णहरि वराल र नेत्र एटम पूर्ववत्, पृष्ठ ४१ ।

[१५] राजेन्द्र सुवेदी, पूर्ववत् पृष्ठ २६ ।

## ४.२.५. दृष्टिबिन्दु

उपन्यासमा घटनाक्रमको कथावाचक वा व्याख्याता कसरी उभिएको छ भनेर हेर्नु नै दृष्टिबिन्दु हो । दृष्टिबिन्दुबाट कथयिताले कसरी घटना एवम् चरित्रहरूको वर्णन तथा उपस्थापन गर्छ भन्ने कुराको निर्धारण हुनुका साथै कसले र कसरी कथा भनिएको छ भनेर बुझाउँदछ ।[१६] यस सन्दर्भमा लेखक कतै आफू स्वयम् नै उपस्थित भएर घटनाको व्याख्या गर्दछ भने कतै नामिक वा सार्वनामिक पात्रको रूपबाट आफ्नो उपस्थिति जनाउने गर्दछ । यस आधारमा दृष्टिबिन्दुलाई बाह्य वा तृतीय पुरुष र आन्तरिक वा प्रथम पुरुष गरी दुई भागमा बाँड्न सकिन्छ । प्रथम पुरुष दृष्टिबिन्दुमा लेखक स्वयंले भोगेका घटनाहरूको उल्लेख हुन्छ भने यसलाई आन्तरिक दृष्टिबिन्दु पनि भनिन्छ । तृतीय पुरुष दृष्टिबिन्दुमा लेखक स्वयं उपस्थिति रहदैन तर सर्वदर्शी बनेर कुनैपात्रको रूपबाट घटनाको व्याख्या गर्दछ यसलाई बाह्य दृष्टिबिन्दु भनिन्छ ।

## ४.२.६. भाषाशैली

उपन्यासमा भाषाको सर्वोपरि स्थान रहन्छ । भाषाको माध्यमबाट नै उपन्यासमा कथावस्तुको विस्तार र विचारको संप्रेषण हुन्छ । उपन्यासमा विशेषतः गद्य भाषाको प्रयोग गरिन्छ । उपन्यासमा भाषाले चामत्कारिकता प्रस्तुत गर्ने काम गर्दछ । उपन्यासमा भाषाले दोहोरो काम गर्दछ । उपन्यासमा भाषा एकातर्फ माध्यमको अभिव्यक्तिको रूप हुन्छ भने अर्कोतिर यो साहित्यिक सामग्रीको रूपमा पनि रहेको हुन्छ ।[१७] उपन्यासमा भाषाको प्रयोग मूलतः दुई किसिमबाट हुन्छ । पहिलो उपन्यासकारले प्रयोग गर्ने भाषा दोस्रो उपन्यासका पात्रहरूले बोल्ने भाषा । उपन्यासकारले प्रयोग गर्ने भाषा परिशिष्टित भाषा हुन्छ भने पात्रहरूले बोल्ने भाषा परिस्थिति अनुरूपको हुन्छ । भाषाको माध्यमद्वारा आफ्ना विचार अभिव्यक्त गर्ने तरिकालाई शैली भनिन्छ । शैली सूक्ष्म तत्त्व हो । यो अमूर्त हुन्छ । यसै अमूर्तताले यो सुक्ष्म तत्त्व हुन पुगेको छ । शैली सूक्ष्म तत्त्व भएर पनि सर्वदेशीय हुन्छ । शैलीले सामान्य भाषाको संरचनालाई अतिक्रमण गर्छ ।[१८] एक भन्दा बढी भाषिक एकाइको सौन्दर्यबोधक समुच्च शैली हो ।

## ४.२.७. प्रतीक र बिम्ब

कुनै पनि वस्तु वा घटनाको माध्यमबाट रुढ अर्थलाई नभएर भिन्न वा टाढाको अर्थ

---

[१६] कृष्णहरि वराल र नेत्र एटम पूर्ववत्, पृष्ठ ३९ ।

[१७] ईश्वरी प्रसाद गैरे, पूर्ववत् पृष्ठ २०९ ।

[१८] पूर्ववत् पृष्ठ २१२ ।

जनाउँदछ भने त्यसलाई प्रतीक भनिन्छ । कुनै पनि कुरालाई सटीक रूपमा व्यक्त गर्न यसको प्रयोग गरिन्छ । प्रतीकले एकातिर अमूर्त र अव्यक्त भावलाई भिन्न ढाँचाले मूर्तता र अभिव्यक्ति दिने काम गर्दछ भने अर्कोतिर धेरै शब्द खर्च गरेर भन्नु पर्ने कुरालाई थोरै शब्दमा मीठोसँग भन्दछ ।[१९] उपन्यासमा प्रतीकको प्रयोगले कृति ओजिलो हुनका साथै पाठकहरू अर्थको विराट्तामा पौडिन सक्छन् तर प्रतीकको सान्दर्भिक प्रयोग नभएमा उपन्यास अप्रभावकारी हुनुका साथै कठिन हुन सक्छ । कुनैपनि वस्तुले मानिसको मस्तिष्कमा पार्ने प्रभाव वा छायालाई बिम्ब भनिन्छ । उपन्यासमा भाषाको माध्यमद्वारा पाठकमा छायाँ बसाउने कार्य हुन्छ । शब्दका माध्यमबाट श्रोता वा पाठकका मस्तिष्कमा कुनै स्थिति, स्थान, घटना वा पात्रको यथार्थ सादृश्य छाँया पारिदिने पद्धतिलाई बिम्ब विधान भनिन्छ ।[२०] कतिपय सन्दर्भ र सामग्रीलाई प्रभावकारी ढङ्गले प्रष्टाउनका लागि बिम्बको प्रयोग गरिन्छ । बिम्बको प्रयोगले उपन्यासलाई सटीक तथा अर्थपूर्ण बनाउन मद्दत गर्दछ । वर्तमान समयमा श्रव्य दृश्यको बढ्दो प्रयोग भइरहेको अवस्थामा बिम्बको प्रयोगले उपन्यासका पाठकहरूका मस्तिष्कमा एक प्रकारको चित्र उतार्न मद्दत पुऱ्याउँछ ।

## ४.३. औपन्यासिक सिद्धान्तका आधारमा अनन्त पाइला र सुकरातका पाइला उपन्यासको समग्र स्थिति

**सुकरातका पाइला र अनन्त** पाइला दुवै उपन्यास उत्तरआधुनिक पद्धतिमा आधारित भएर रचना गरिएका उपन्यास हुन् । सामान्य रूपमा उपन्यासका सिद्धान्तलाई अँगालिएतापनि कहिँ कहिँ नवनव प्रयोगपनि यी दुवै उपन्यासमा गरिएको छ । खासगरि पात्रहरूको प्रयोगमा यस्तो प्रवृत्ति भेट्न सकिन्छ । भाषाशैली, तथा प्रस्तुतिमा खासै भिन्नता नभएतापनि कथानक भने फरक फरक रहेको छ । अन्य विशेषताहरू सामान्य रूपमा समान रहेका छन् । औपन्यासिक कसिमा राखेर हेर्दा पाइने तथ्यलाई निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

### ४.३.१. कथानकका आधारमा सुकरातका पाइला र अनन्त पाइला उपन्यासको समग्र स्थिति

**सुकरातका पाइला** उपन्यास गोविन्दराज भट्टराईद्वारा लेखिएको उपन्यास हो । यस उपन्यासमा नेपालमा पचासको दशकमा भइरहेको द्वन्द्व र द्वन्द्वले नेपाली समाजमा पारेको प्रभावका घटनाहरूलाई प्रस्तुत गरिएको छ । यो युद्धमा आधारित युद्ध साहित्य हो । त्यसै गरी धनराज गिरीद्वारा लेखिएको **अनन्त पाइला** उपन्यासमा नेपालको राजनैतिक रूपान्तरण पछिको समयावधिलाई समावेश गर्न खोजिएको छ । विषयवस्तुका हिसाबले दुवै उपन्यासको मूल विषय

[१९] कृष्णहरि बराल र नेत्र एटम पूर्ववत्, पृष्ठ ४३ ।

[२०] पूर्ववत्, पृष्ठ ४५ ।

भिन्न भिन्नै छ । त्यसकारण यसमा घट्ने घटनाक्रम पनि फरक फरक छन् । **सुकरातका पाइला** उपन्यासको विषय युद्ध हो भने **अनन्त पाइला** उपन्यासको विषय शान्ति हो **।** **सुकरातका पाइला** उपन्यासको विषयवस्तु यर्थाथपरक छ । सत्य छ भने **अनन्त पाइला** उपन्यासको विषयवस्तुमा काल्पनिकताको पनि प्रयोग गरिएको छ । **सुकरातका पाइला** उपन्यासको घटनाक्रम स्वाभाविक लाग्छ भने **अनन्त पाइला** उपन्यासका घटनाक्रम कतिपय अतिरञ्जित लाग्दछन् ।

कथानकको विकासका दृष्टिले **सुकरातका पाइला** उपन्यासको कथानकमा आदि, मध्य र अन्त्यको स्थिति स्पष्ट रूपमा देखिएको छ । भने **अनन्त पाइला** उपन्यासमा यो स्पष्टता भेटिदैंन । **सुकरातका पाइला** उपन्यासमा नर्फोक गाँउको वर्णनदेखि विभिन्न सपना बोकेर अनन्त काठमाडौंसम्म पुगेको अवस्थालाई आरम्भ मान्न सकिन्छ । अनन्त काठमाडौं पुगी अध्ययनको सिलसिलामा लाग्नु, आन्दोलन गर्नु, देशमा युद्ध चर्किदैं जानु, इराकमा नेपालीको हत्या, राजदरबार हत्या काण्ड आदिलाई मध्य अर्थात् सङ्घर्ष/विकासको स्थिति मान्न सकिन्छ । त्यसै गरी सङ्घर्ष गर्दागर्दै अनन्त असफल हुनु, पूर्णिमाको मृत्यु हुनु र अनन्तले आत्महत्याको बाटो रोज्नु यस उपन्यासको सङ्घर्षह्रासको स्थिति अर्थात् अन्त्य को स्थिति हो ।  यस प्रकारले यस उपन्यासको कथानकको संरचना निर्माण भएको छ । **अनन्त पाइला** उपन्यासमा उपन्यासको कथानकको आरम्भ प्राकृतिक दृश्यको वर्णनसँगै आरम्भ भएको छ । अनन्तको पूनर्निमाण गरेर सुरुमै उपन्यासकारले उपन्यासको चरम रूपमा पुऱ्याए जस्तो भान हुन्छ । फेरी अनन्तको नयाँ जीवन सुरुवातले उपन्यासको स्थिति पुनः आरम्भमा पुग्दछ । अर्कोतर्फ मुख्य घटनाक्रम कुन हो र कुन स्थितिलाई चरम विकास मान्ने दोधार उत्पन्न हुन्छ । यस उपन्यासमा उपन्यासको विकास सरल गतिमा बढ्दै जान्छ तर चरमावस्था र सङ्घर्षह्रास नआउँदै उपन्यास सकिन्छ । यसर्थ कथानकको ढाँचाका स्थितिमा दुई उपन्यासको तुलना गर्दा **सुकरातका पाइला**को जुन सबलता देखिन्छ त्यो स्थान **अनन्त पाइला**ले भेट्न सकेको देखिदैन ।

## ४.३.२. चरित्रका आधारमा सुकरातका पाइला र अनन्त पाइला उपन्यासको समग्र स्थिति

**सुकरातका पाइला** उपन्यासको विषयवस्तु युद्धमा आधारित भएको तथा समय द्वन्द्वात्मक भएको हुँदा अवसरवादी चरित्र द्वैध चरित्र भएका पात्रहरू धेरै छन् भने **अनन्त पाइला** उपन्यासमा व्यवस्थित समाज हुनाले शिक्षित बुद्धिजीवी पात्रको प्रयोग गरिएको छ । **सुकरातका पाइला** उपन्यासमा समाज र वर्गसँग प्रतिनिधित्व गर्ने पात्रहरू धेरै छन् । अनन्त, डेभिड, चित्राखर, भक्तमान पूर्णिमा आदि सबै समाजका मध्यम तथा निम्न वर्गका प्रतिनिधि पात्र हुन् । यस उपन्यासमा उच्चवर्गको प्रतिनिधित्व छैन । अनन्त पाइलामा सुरुमा मध्यम वर्गको प्रतिनिधित्व गर्ने गोपी, रजनी जस्ता पात्रको जीवनशैली क्रमशः उच्च हुँदै गएको छ । **सुकरातका पाइला** उपन्यासमा प्रायः सबैजसो पात्र महत्वपूर्ण तथा अनिवार्य छन्, जसको अभावमा उपन्यास अधुरो रहन्छ, तिनलाई बद्ध पात्रपनि  भनिन्छ । ती पात्रहरू सबैजसो

पर्दछन् । **अनन्त पाइला** उपन्यासमा आएका धेरै पात्रहरू स्वतन्त्र छन् गोपी, अनन्त, रजनी मुख्य पात्र हुन् भने अरू स्वतन्त्र पात्रको रूपमा गणना गर्न सकिन्छ । **सुकरातका पाइला**मा हरेक पात्रको उपस्थिति तथा कार्य व्यापार प्रत्यक्ष देख्न पाइन्छ यद्यपी पूर्णिमाको कार्य व्यापार नेपथ्यीय शैलीमा छ भने **अनन्त पाइला** उपन्यासमा गोपी र अनन्त बाहेक अरू पात्रको भूमिका प्रत्यक्ष नभएर परोक्ष रूपमा मात्र भेट्न सकिन्छ । विषयवस्तु र आवश्यकता अनुसार दुबै उपन्यासका पात्रहरू उत्तिकै सबल मानिन्छन् । पात्र प्रयुक्तिका आधारमा दुवै उपन्यास उत्तिकै सबल रहेका छन् ।

### ४.३.३. पर्यावरण/वातावरणका आधारमा सुकरातका पाइला र अनन्त पाइला उपन्यासको समग्र स्थिति

**सुकरातका पाइला** उपन्यासको वातावरणमा नेपालको पचासको दशकलाई समेटिएको छ । परिकल्पना गरिएको पूर्वको बस्ती नर्फोक गाउँदेखि राष्ट्रकै केन्द्र काठमाडौं र वरिपरिको वातावरण यसमा प्रयुक्त छ । **अनन्त पाइला**मा चितवनलाई केन्द्रमा राखी त्यसकै वरिपरि घुमेको देखिन्छ । समयका आधारमा **अनन्त पाइला** उपन्यासमा २०६३ साल पछिको समयलाई उल्लेख गरिएको पाइन्छ । **सुकरातका पाइला** उपन्यासमा राजनीतिक सामाजिक वातावरणको बाहुल्यता पाइन्छ, **अनन्त पाइला**मा भने सामाजिक वातावरण तथा स्थानीय रङ्ग र आञ्चलिकताको प्रभाव बढी छ । **सुकरातका पाइला**मा विषयवस्तु अनुसारको वातावरण देख्न सकिन्छ यी दुवै एक आपसमा मेल खाएका छन् । विषय राजनीतिक द्वन्द्व हुनाले वातावरण द्वन्द्वात्मक छ त्यसै गरी द्वन्द्वको प्रभाव नेपाली ग्रामीण समाजमा बढी परेको हुँदा तथा युवा वर्ग बढी पीडित हुनुपरेको हुनाले यसमा वातावरणीय प्रभाव पनि त्यसै अनुरूप देखाइएको छ । **अनन्त पाइला**मा भने पर्यटकीय स्थल सौराहालाई केन्द्रमा राखी पर्यटक, पर्यटन र वातावरणको मेल गराउन खोजिएको छ । राजनीतिक परिवर्तन पछिको समयपनि राजनीतिक दृष्टिले महत्त्वपूर्ण हुने भएतापनि यस उपन्यासमा त्यस किसिमको वातावरण देख्न पाइँदैन । वातावरणका हिसाबले **सुकरातका पाइला**को वातावरणीय पक्ष वृहत् छ भने **अनन्त पाइला** उपन्यासले सूक्ष्म वातावरणलाई समेटेको पाउन सकिन्छ । **सुकरातका पाइला** उपन्यासमा प्रयोग भएका ठाउँ, बस्ती, समाज अत्यन्तै यथार्थपरक छन्  भने **अनन्त पाइला** उपन्यासमा यथार्थ स्थानमा काल्पनिकताको रङ्ग भर्ने प्रयास गरिएको छ । समग्रमा यी दुवै उपन्यासको पर्यावरण पक्षलाई मूल्याङ्कन गर्दा **सुकरातका पाइला** उपन्यासको पर्यावरण सामाजिक, राजनीतिक यथार्थपरक र वृहत् छ भने **अनन्त पाइला** उपन्यासको पर्यावरण आञ्चलिकतामा सिमित हुन पुगेको छ ।

## ४.३.४. जीवनदर्शन/उद्देश्यका आधारमा सुकरातका पाइला र अनन्त पाइला उपन्यासको समग्र स्थिति

**सुकरातका पाइला** उपन्यासको जीवन दर्शन अस्तित्त्ववादी चिन्तनलाई प्रयोग गर्नु हो । युद्धले ग्रस्त समाजमा पनि मान्छेले आफ्नो अस्तित्त्व रक्षाको लागि सधै सङ्घर्षरत बन्नुपर्दछ भन्ने यसको मूल सन्देश हो । **अनन्त पाइला** उपन्यासको मुख्य उद्देश्य समाज निर्माण गर्ने दायित्व मानवकै हुन्छ । मानवले जस्तो समाज निर्माण गर्न चाह्यो त्यस्तै समाज बन्दछ । आपसमा सहकार्य गर्न सके  समाजलाई उन्नति प्रगतिको पथमा डोऱ्याउन सकिन्छ भन्ने सन्देश दिनु यस उपन्यासको मुख्य लक्ष्य हो । **सुकरातका पाइला** उपन्यासमा नेपालको दश वर्षे जनयुद्धलाई मुख्य विषयका रूपमा उठाइएको छ र त्यस युद्धले नेपाली समाजमा उत्पन्न गरेका अनेक समस्याको पूर्णरूप यस **सुकरातका पाइला** उपन्यासमा भेट्न सकिन्छ । युवाहरूको अन्योलग्रस्त स्थिति, शैक्षिक क्षेत्रमा भएका विकृति, विसङ्गति, हत्या, हिंसा, अपहरण, सर्वसाधारण जनताको बीचल्लीको अवस्था यस उपन्यासमा प्रमुख रूपमा छाएका छन् भने यसै उपन्यासमा सुकरात पात्रका माध्यमबाट जे जस्तो विसङ्गति भएपनि आफ्नो अस्तित्त्वका लागि सधैं सङ्घर्ष गर्नुपर्दछ र आफ्नो अस्तित्व आफै खोज्नुपर्दछ भन्ने सन्देश दिन खोजिएको छ । **अनन्त पाइला** उपन्यासमा अनन्तलाई पूनर्निर्माणका साथ उसको जीवनलाई नै दिशा परिर्वतन गर्ने मार्ग प्रस्तुत गरिएको छ । मेहनत र साझेदारीमा संसाँर बदल्न सकिन्छ भन्ने उद्देश्य यस **अनन्त पाइला** उपन्यासको रहेको छ । अस्तित्त्वका लागि सङ्घर्ष यस उपन्यासको मुख्य सन्देश हो । यसर्थ दुवै उपन्यासको लक्ष्य, जीवनदर्शन समान प्रकारको देखिन्छ । अस्तित्वका लागि सङ्घर्ष भन्ने सिद्धान्त दुवै उपन्यासमा उत्तिकै प्रबल रहेको देखिन्छ ।

## ४.३.५. दृष्टिबिन्दुका आधारमा सुकरातका पाइला र अनन्त पाइला उपन्यासको समग्र स्थिति

**सुकरातका पाइला** र **अनन्त पाइला** दुवै उपन्यासका कथयिता लेखक स्वयम् छन् । दुवै उपन्यासमा लेखक उपन्यासमा भन्दा बाहिर बसेर पात्रहरूको मानसिक जगत्मा विचरण गरिरहेका छन् । यी दुवै उपन्यासमा लेखकले पात्रहरूको मनको कुरा सबै थाहा पाई प्रस्तुत गर्ने र हरेक घटनालाई विश्लेषण गर्ने भएकोले दुवै उपन्यासमा बाह्य दृष्टिबिन्दु पाईन्छ । दुवै उपन्यासमा बाह्य दृष्टिबिन्दु अन्तर्गतको सर्वज्ञ सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको पाईन्छ । दुवै उपन्यासका हरेक घटनालाई लेखक स्वयंले टिप्पणी तथा विश्लेषण गरेका छन् । दुवै उपन्यासका बीचतिर कतै संवादात्मक त कतै आन्तरिक दृष्टिबिन्दु प्रयोग भएको पनि पाइन्छ । बीच-बीचमा आन्तरिक दृष्टिबिन्दुको छिटफुट प्रयोग भएतापनि यी बाह्य दृष्टिकोण अँगालेर लेखिएका उपन्यास हुन् । यस प्रकारले दृष्टिबिन्दुको प्रयोगमा दुवै उपन्यास समान प्रकारका रहेका छन् ।

## ४.३.६. भाषाशैलीका आधारमा सुकरातका पाइला र अनन्त पाइला उपन्यासको समग्र स्थिति

**सुकरातका पाइला** र **अनन्त पाइला** दुवै उपन्यासको भाषा सरल छ । **सुकरातका पाइला** उपन्यासमा अत्यन्त जटिल विषय र कठिन राष्ट्रिय अनुभूतिहरूलाई औधि सरल भाषामा अभिव्यक्त गरिएको छ भने **अनन्त पाइला** उपन्यासको भाषा पनि सरल किसिमको छ । **सुकरातका पाइला**मा सुकरात पात्रको भाषा बौद्धिक खालको भएपनि अन्य पात्रहरूले प्रयोग गर्ने भाषा सरल किसिमको छ । **अनन्त पाइला** उपन्यासमा भने स्थानीयताको प्रभाव पनि पाइन्छ । स्थानीय ठाउँ चितवनको सौराहा विषयको केन्द्र हुनु र स्थानीय भाषाभाषिकाको प्रयोग गर्नु **अनन्त पाइला**को विशेष महत्त्वपूर्ण पक्ष हो । शैलीका हिसाबले दुवै उपन्यासको सुरुवात प्राकृतिक वर्णनबाट गरिएको छ । उपन्यासमा संवादात्मक, गजल आदिको प्रयोग समान प्रकारका देखिन्छन् । **सुकरातका पाइला**मा भन्दा **अनन्त पाइला**मा केही लामा संवाद प्रयोग गरिएका छन् भने गजलको प्रयोग पनि **अनन्त पाइला**मा धेरै प्रयोग छ । **सुकरातका पाइला**मा जटिल वाक्यहरू धेरै प्रयोग गरिएको छ भने **अनन्त पाइला**मा सरल वाक्य नै धेरै छन् । क्रियापद विहिन वाक्यको प्रयोग दुवै उपन्यासमा उत्तिकै प्रयोग गरिएको छ । दुवै उपन्यासमा चलन चल्तीमा रहेका तत्सम्, तद्भव र आगन्तुक शब्दहरूको पनि प्रयोग गरिएको छ । झर्रा नेपाली शब्द, अङ्ग्रेजी शब्द आदि विभिन्न शब्दहरूको पनि प्रयोग दुवै उपन्यासमा उत्तिकै गरिएको पाइन्छ ।

यस प्रकारले **सुकरातका पाइला** र **अनन्त पाइला** उपन्यासको भाषाशैलीको तुलना गर्दा दुवै उपन्यासको सबलता उत्तिकै देख्न सकिन्छ । दुवै उपन्यासको भाषा प्रयोग र शैलीगत पक्ष उत्तिकै सबल देखिन्छ ।

## ४.३.७. बिम्ब र प्रतिकका आधारमा सुकरातका पाइला र अनन्त पाइला उपन्यासको समग्र स्थिति

**सुकरातका पाइला** र **अनन्त पाइला** दुवै उपन्यासमा प्रतिक र बिम्बको प्रयोग गरिएको छ । **सुकरातका पाइला**मा सुकरातलाई नै बिम्बको रूपमा प्रयोग गरिएको छ र सोही पात्र **अनन्त पाइला**मा पनि रहेको छ । दुवै उपन्यासमा प्रयुक्त पात्र प्रोफेसर सुकरात ग्रिक दार्शनिक सुकरातको बिम्बको रूपमा प्रयुक्त छ । त्यस्तै प्रकारले उपन्यासका विभिन्न भागमा प्रतीक र बिम्बको प्रयोग गरिएको छ । **सुकरातका पाइला** उपन्यासमा ब्ल्याक होल वा कृष्ण विवर अनिष्ट, विपत्ति, अर्थात् मृत्यु सङ्केत्का रूपमा आएको छ । यस शब्दले प्रतीकात्मक रूपमा मृत्युको सङ्केत गर्दछ । त्यसै गरी लालुपाते फूल अनन्त र पूर्णिमाको प्रेम प्रतीकको रूपमा प्रयोग भएको छ । डरलाग्दो जीवन्तता, देशलाई हेर्ने आँखा टिप्नु, प्लेटोको उडान, सिद्धान्तको काँचो भारी बोकेर हिँड्नेहरू आदि शब्दहरू प्रतीकात्मक रूपमा प्रयोग भएका छन् । त्यसै गरी

**अनन्त पाइला** उपन्यासमा पनि सपना देख्नु संभावनाको प्रतीक, दुलही झैँ सिङ्गारिनु शुभकार्यको सङ्केत, पिरतीको जुस, प्रेम प्रसङ्ग, झाँसिकी रानी कडा स्वाभाव, साहित्यिक कुम्भ मेला बृहत् साहित्यिक सम्मेलन तथा साहित्यको विकासजस्ता कुराहरूको सङ्केतका रूपमा प्रयोग गरिएको छ । बिम्ब प्रतिक **सुकरातका पाइला** उपन्यासमा जति सशक्त रूपमा प्रयोग गरिएको छ त्यती शसक्त रूपमा **अनन्त पाइलामा** प्रयोग हुन सकेको पाइँदैन । **सुकरातका पाइला**मा प्रयोग भएका बिम्ब प्रतीकले सिङ्गो उपन्यासको सारभाव बोक्न सक्ने क्षमता राख्दछन् भने **अनन्त पाइला**मा प्रयुक्त प्रतीक बिम्बले केही भागको मात्र प्रतिनिधित्व गर्न सक्दछन् । यस प्रकार प्रतीक र बिम्ब प्रयोगमा दुवै उपन्यासको उत्तिकै सक्षमता रहेपनि **सुकरातका पाइला** उपन्यास बढी सबल देखिन्छ ।

## ४.४. निष्कर्ष

उपन्यास गद्य साहित्यको नविनतम तथा उदीयमान विधा हो । वर्तमान समयमा यो विश्वभरि नै लोकप्रिय बन्न पुगेको छ । सामान्य रूपमा उपन्यास निर्माण हुन कथानक, पात्र तथा चरित्र, वातावरण, भाषाशैली, बिम्ब प्रतिक, संवादको मेल हुनु आवश्यक मानिन्छ । यसलाई उपन्यासको सामान्य सिद्धान्तको रूपमा विश्व भरिनै स्वीकार गरिएको छ ।

**सुकरातका पाइला** र **अनन्त पाइला** दुवै उपन्यासमा उपन्यासका सामान्य सिद्धान्त तथा मान्यतालाई अनुसरण गरि लेखिएको छ । कथानकमा **सुकरातका पाइला** उपन्यास बढी शसक्त रहेको पाइन्छ भने पात्र तथा चरित्रको प्रयोगमा **सुकरातका पाइलामा** भन्दा **अनन्त पाइला** उपन्यासका पात्रहरू अझ बढी जिवन्त रहेको पाइन्छ । त्यसै गरि **सुकरातका पाइला** उपन्यासको भाषाशैली शिष्ट, सभ्य र बौद्धिक खालको छ भने **अनन्त पाइला**को भाषाशैलीमा स्थानीयताको बढी प्रभाव भेट्न सकिन्छ । दुवै उपन्यासमा लामा छोटा संवादहरूको प्रयोग गरिएको छ भने दृष्टि बिन्दुका आधारमा पनि दुवै उपन्यासमा तृतीय र प्रथम दृष्टिबिन्दुको प्रयोग गरिएको छ । दुवै उपन्यासको उद्देश्य हत्या, हिँसाको अन्त्य गरी शान्ति र समृद्धि तथा प्रगतिको पथमा डोऱ्याउनु रहेको छ ।

# परिच्छेद पाँच
## उपसंहार

# परिच्छेद पाँच

# उपसंहार

## ५.१. परिचय

यस परिच्छेदमा उपन्यासकार गोविन्दराज भट्टराई र उनको उपन्यास **सुकरातका पाइला** तथा उपन्यासकार धनराज गिरी र उनको उपन्यास **अनन्त पाइला**को तुलनात्मक अध्ययनको सर्न्दभमा विगतका परिच्छेदमा गरिएका अध्ययन र विश्लेषणको परिच्छेदगत सारांश तथा निष्कर्ष दिई सङ्क्षिप्त रूपमा मूल्याङ्कन समेत गरिएको छ ।

## ५.२. परिच्छेद एकको निष्कर्ष

पहिलो परिच्छेद अन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोध शीर्षक, शोधकार्यको प्रयोजन, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण, शोधको महत्त्व र उपयोगिता, शोधकार्यको सीमा र क्षेत्र, शोध पद्धति र विधि र शोध पत्रको रूपरेखा सम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

## ५.३. परिच्छेद दुईको निष्कर्ष

दोस्रो परिच्छेद अन्तर्गत उपन्यासकारद्वय गोविन्दराज भट्टराई र धनराज गिरीको सामान्य परिचयका साथमा **सुकरातका पाइला** र **अनन्त पाइला** उपन्यासको परिचय, विश्लेषण गरिएको छ । गोविन्दराज भट्टराईको जन्म मेची अञ्चल पाँचथर जिल्ला, फलैँचा गाविसमा विं.सं. २०१० चैत्र ४ गतेका दिन पिता टेकनाथ भट्टराई र माता मन्दोदराका कोखमा भएको हो । प्राथमिक शिक्षा पाँचथर र झापाबाट गरेका भट्टराईले भारतबाट आई.ए. तथा काठमाडौँ त्रिभुवन विश्वविद्यालयबाट बि.एड्, एम.एड् पनि गरेका छन् । प्राध्यापन पेसामा लागेका भट्टराईलाई त्रि.वि.ले नै विद्यावारिधिका लागि छात्रवृत्ति उपलब्ध गराउँदा उनले २०५१ सालमा भारतको हैदरावाद विश्वविद्यालयमा अनुवादको निमित्त खुलेको सेन्टर फर अप्लाइड लिङ्गुइस्टिकस् एण्ड ट्रान्सलेसन् स्टडिज नामक विभागबाट पि.एच.डि.गरेका छन् । मृदुभाषी, मिलनसार, दयालु र परोपकारी भावना भएका भट्टराईका रुचिका मुख्य क्षेत्र साहित्य, प्राध्यापन र प्रशासन सेवा हुन् । साहित्य, समालोचनाका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका भट्टराईले विभिन्न समयमा विभिन्न संस्थाबाट पुरस्कृत पनि भएका छन् । **सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय नेपाली साहित्य पुरस्कार** (सन् २००७ अमेरिका), **महाकवि देवकोटा व्याख्यान पुरस्कार** (२०६३ कलैया, बारा), **रामराज पन्त स्मृति सम्मान पुरस्कार**(२०६४ काठमाडौँ), **प्रथम जयपृथ्वी इभान मिनाएम स्रष्टा सम्मान तथा पुरस्कार** (सन् २००९ मस्को), **डायास्पोरा खेमलाल हरिकला लामिछाने पुरस्कार** (सन् २००९ न्यूयोर्क), कृष्णभूषण वल सम्मान पुरस्कार (२०७०)प्राप्त गरेका छन् । सादा जीवन उच्च विचारको दर्शनबाट प्रभावित भट्टराईले स्वतन्त्रता र

राष्ट्रप्रेमलाई सर्वोपरी ठान्दछन् । उनका रचनामा स्वतन्त्रता, राष्ट्र प्रतिको मोह प्रष्ट देखिन्छ । साहित्यका विविध विषयमा कलम चलाएका भट्टराइले उपन्यास, निबन्ध, कथा, कविता, समालोचना, अनुवाद आदि क्षेत्रमा आफ्नो समुपस्थिति जनाएका छन् । उनका कृतिहरूमा **मुगलान** (२०३१) **मणिपुरको चिठ्ठी** (२०३४) र **सुकरातका पाइला** (२०६३) उपन्यास, निबन्धहरूमा**हाय गरिबी** (उषा, ७/२/२०३२),**एक्लै, एक्लै, एक्लै** (२०६०), **विश्वविद्यालयमा अग्निपूजा** (२०६१), **सङ्गै बसौं यो रात,गोधूलिमा दसपाइला** (२०६६), **सुकरातको डायरी** (२०६९), **मिर्मिरेमा दशपाइला**(२०७०) प्रकाशित गरेका छन् । कविता **मेरो एन.जि.ओ.** र **मेरो देश, (सञ्चार** २०३५), **तिमीलाई पर्खिरहेँ** (श्रीपेच ०१/०१/२०३६), **आधुनिक शिष्यको गुरुलाई अर्ती** (रकेट ७/४/२०४४), **आऊ प्रिये तिमी हामी मुर्चल बनौँ** (रकेट ९/५/२०४६) र **एक प्रेमपत्र धरानलाई** (रकेट ९/६/२०४९) रहेका छन् । **काव्यिक आन्दोलनको परिचय** (वि.सं. २०४९), **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** (वि.सं. २०६१), **पश्चिमी बलैंसीका बाछिटा** (वि.सं. २०६१), **उत्तरआधुनिक ऐना** (वि.सं. २०६२) र **उत्तरआधुनिक विमर्श** (२०६४), **समयाबोध र उत्तरआधुनिकता** (२०६९) जस्ता महत्त्वपूर्ण समालोचनात्मक कृतिहरू रहेका छन् । अनुवाद सम्बन्धी कृतिहरू **विदेशी बगैंचाका चार थुङ्गा फूल** (२०५१-०५६), **विदेशी बगैंचाका पाँच थुङ्गा फूल** (२०५१-०५६), **विदेशी बगैंचाका छ थुङ्गा फूल** (२०५१-०५६), **एन इन्ट्रोडक्सन टु ट्रान्सलेसन स्टडिज** (२०५७), **सेलेक्टेड नेपाली एसेज** (२०६०), **सेलेक्टेड स्टोरिज फ्रम नेपाल** (२०६१), **नेप्लिज् लिटरेचर** (२०६२), **बियोन्ड द फ्रन्टियर्स : विभिन्ज स्टोरिज फ्रम नेपाल** (२०६३), **स्टोरिज अफ कन्फ्लिक्ट एण्ड वार** (२०६४), **गान्धि** (२०६८), **पूर्विय सभ्यता** (२०७०), **कन्टेम्प्रोररी नेपाली पोइट्री** (२०७१) प्रकाशित भएका छन् । 'आस' गरिमा (२२/११/२०६१) र माथिका खुट्टा तान्ने प्रवृत्ति, देवकोटा स्मारक, (२०६१) जस्ता पत्रपत्रिकामा प्रकाशित अनुवाद सम्बन्धी लेखहरू प्रशस्त छन् । कोसेली (२०३२) नामक पत्रिकाको दुई अङ्क सम्पादन गरेका थिए । त्यसपछि उनले दमकको हिमालय मा.वि.मा अध्यापन गराउँदा हिमाल (२०३४/२०३५) नामक पत्रिकाका एक दुई अङ्क र २०३६ सालमा पञ्चायत पुस्तकालय दमकको साहित्यिक प्रकाशन **नागबेली** नामक पत्रिकाको प्रथम अङ्क सम्पादन गरेको देखिन्छ । प्राध्यापक सङ्घ इकाई धनकुटा क्याम्पसको चिन्तनधारा पत्रिकाको अङ्क १, २ र ३ सम्पादक मण्डलीमा रहेर काम गरेका थिए । जर्नल अफ नेल्टाको ५ देखि १० अङ्कसम्मको प्रधान सम्पादक, भाषा विज्ञान समाज नेपालको नेप्लिज लिङ्गुइस्टिक वार्षिक प्रकाशनको अङ्क १७ देखि ३५ सम्मको सम्पादन मण्डलमा रहेर भट्टराईले कार्य गरेको देखिन्छ । गोविन्दराज भट्टराईले खगेन्द्रप्रसाद लुइटेलसँगको सह-सम्पादनमा डा. बल्लभमणि दाहालका भाषिक चिन्तन (२०६१) र डा. बल्लभमणि दाहालका रचनाहरू (२०६३) नामक दुई कृतिहरू प्रकाशन गराएका छन् । त्यस्तै **युद्ध र द्वन्द्वका कथा** (२०६३) को सम्पादन विष्णुविभु घिमिरेको सह–सम्पादनमा गरेका हुन् । भट्टराईले नेप्लिज लिटरेचर (सम्पादक), **वियोन्ड द फ्रन्टियर्स : विभिन्ज स्टोरिज फ्रम नेपाल** (अतिथि सम्पादक), **स्टोरिज अफ कन्फ्लिक्ट एन्डवार** (सम्पादक), आरम्भ अघिका शब्दहरू (सम्पादक) जस्ता कृतिहरूको सम्पादन गरेका छन् ।

धनराज गिरीको जन्म वि.सं. २०१५ साल भाद्र ९ गते नारायणी अञ्चल मकवानपुर जिल्लाको हटिया गाविसमा पिता परशुराम गिरी र माता महाँमायादेवीको काखमा भएको हो ।

उनको बाल्यकाल पहाडी, ग्रामीण तथा चितवनका विभिन्न स्थानमा बितेको पाइन्छ । रा.प्रा.वि. बछौलीबाट कक्षा आरम्भ गरेका गिरीले २०३२ सालमा एस.एल.सी. पास गरी वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरबाट आइ.ए. पास गरेका छन् । वीरेन्द्र बहुमुखी क्याम्पसबाट नै बि.ए. र एम.ए.पनि उत्तीर्ण गरेका छन् । धनराज गिरी सरल स्वभावका मितव्ययी सहयोगी, व्यक्तिका रूपमा परिचित छन् । शिक्षण पेसामा सङ्लग्न गिरी अतिरिक्त समयमा साहित्य लेखन, समाज सेवा, पत्रपत्रिकामा लेख रचना सिर्जना गर्ने गरेको पाइन्छ । २०४८ सालमा **'मेरो हाकिम'** कविता प्रकाशित गरी औपचारिक रूपमा साहित्य लेखनमा प्रवेश गरेका गिरीले हालसम्म **राष्ट्रै टुहुरो भयो**, कवितासङ्ग्रह (२०५४), **अर्थात् मुक्तकसङ्ग्रह** (२०५२), **गजलामृत** (गजलसङ्ग्रह, २०६०), **गोजिको गजल र हाईकु** (मिश्रित, २०६०), **कुन्साङ काका** (नानी गजलसङ्ग्रह, २०६२), **पुष्पलता : सामाजिक शान दैवी वरदान** (गीतिकाव्य, २०६२), **ढल्दैन स्वाभिमान कसै गरे पनि** (गजलसङ्ग्रह, २०६४), **अनन्त पाइला** (उपन्यास २०६८), **सङ्गी** (गजलसङ्ग्रह, २०७०) रचना गरेका छन् । धनराज गिरी विभिन्न सामाजिक संघसंस्थामा रहेर समाज सेवामा पनि लागेको पाइन्छ । **चितवन साहित्य परिषद्** (उपाध्यक्ष- २०६३), वाल्मीकि साहित्य सदन (उपाध्यक्ष- २०६२), हाम्रो मझेरी प्रतिष्ठान (सल्लाहकार- २०६४), खेमलाल हरिकला लामिछाने समाज कल्याण प्रतिष्ठान (उपाध्यक्ष- २०६२), नेपाल रेडक्रस सोसाइटी (आजीवन सदस्य- २०६२), गजलमञ्च चितवन (सल्लाहकार- २०६२), नेपाल लेखक सङ्घ (सचिव - २०६४), आजीवन सम्मानित सदस्य, सिस्नु पानी समाज नेपाल आदि विभिन्न संस्थामा कार्यरत रहेका छन् । उनले गरेका कार्यबाट प्रभावित भई उनलाई सम्मान स्वरूप प्रदान गरिएका पुरस्कार र सम्मानहरूमा जिल्ला शिक्षा समिति चितवनद्वारापुरस्कृत (२०४७), ने.मा.वि. रत्ननगरद्वारा पुरस्कृत (२०५२), चितवन साहित्य परिषद्द्वारा आयोजित कविता प्रतियोगिता प्रथम (२०५५), राष्ट्रिय गजल प्रतियोगितामा द्वितीय (२०६१), नारायणी टूडेद्वारा अभिनन्दित (२०६१), वाल्मीकि साहित्य सदनद्वारा अभिनन्दित (२०६२), शान्ति राजदूतको उपाधिद्वारा सम्मानित वर्ल्ड पिस फेडेरेशन (२०६२), हाम्रो मझेरी प्रतिष्ठानद्वारा अभिनन्दित (२०६३), नेपाल उच्च मा.वि.द्वारा सम्मानित (२०६३), गैंडाकोट नमूना आदर्श उ.मा.वि. नवलपरासीद्वारा सम्मानित (२०६३), कालिका एफ.एम.द्वारा सम्मानित एवम् पुरस्कृत (२०६३), तन्नेरी द्वैमासिक पत्रिका काठमाडौँद्वारा सम्मानित (२०६३), मातृभूमि साहित्य समाज, हेटौडाद्वारा सम्मानित (२०६४), लक्ष्मी स्मृति साहित्य समाज तथा नयाँ मौसम पत्रपत्रिकाद्वारा सम्मानित (२०६४), भद्र कुमारी घले सेवा समितिबाट २०६९ मा सम्मानित, गजलमा चितवन-मकवानपुरबाट सम्मानित (२०७०) आदि रहेका छन् ।

**सुकरातका पाइला** उपन्यास गोविन्दराज भट्टराईद्वारा लिखित नेपालको पचासको दशकको समसामयिक परिवेशलाई केन्द्रमा राखि लेखिएको एक युद्ध साहित्य हो । मोर्डन बुक्सबाट २०६३ सालमा प्रकाशित यस उपन्यासभित्र पूर्वको एउटा कल्पनिक गाँउ नर्फोकदेखि काठमाडौंसम्म अध्ययनको क्रममा आएको एक युवा अनन्तको जीवनमा घट्ने घटनालाई मुख्य रूपमा देखाइएको छ । ठूला- ठूला सपना बोकेर नर्फोकदेखि काठमाडौँसम्म आइपुगेको अनन्तले सोचेजस्तो सफलता पाउन सक्दैन । पढाईमा सफलता पाउँदैन, रोजगारी पाउँदैन, विभिन्न समयमा आन्दोलनमा सहभागी बन्छ तर उपलब्धी शुन्यता छ । अर्कोतर्फ देशमा द्वन्द्व चर्किदै

जान्छ । जतातातै हत्या र हिंसा मात्र हुन्छन्  । यसै क्रममा उसकी प्रेमिका पनि द्वन्द्वको चपेटामा परि स्वर्ग हुन्छे । जसको कारण अनन्तलाई असह्य पीडा हुन्छ र जीवनमा जतातातै अन्धकार र असफलता भोगेको अनन्तले आत्महत्या गर्ने मनस्थितिमा पुग्दछ । उपन्यासको सहायक पात्र सुकरात त्रि.वि.को एक प्राध्यापक हो । नायक अनन्तलाई सुखदुखमा साथ दिने सुकरातले जीवनदर्शन पनि बाँड्ने गर्दछ । अफठ्यारोमा परेको अनन्तलाई आर्थिक तथा मानवीय सहायता गरी उदारता प्रकट गर्ने ऊ परोपकारी व्यक्तिको रूपमा यस उपन्यासमा छाएको छ । खासगरी यस उपन्यासमा शिक्षा क्षेत्र र देशमा दशवर्ष चलेको द्वन्द्व र द्वन्द्वको प्रभावलाई मुख्य रूपमा देखाउन खोजिएको छ । पूर्वि पहाडदेखि काठमाडौँलाई केन्द्रमा राखिएको यस उपन्यासमा बाह्य दृष्टिबिन्दु अन्तरगतको सर्वज्ञ दृष्टिबिन्दुको प्रयोग गरिएको छ । मुख्य सहायक गरी करिब एक दर्जन पात्रको प्रयोग गरिएको यस उपन्यासमा भाषाशैली सहज नै रहेको छ ।

**अनन्त पाइला** उपन्यास धनराज गिरीको पहिलो उपन्यास हो । २०६८ सालमा प्रकाशित यस उपन्यासमा **सुकरातका पाइला**बाट अस्ताउनै आँटेको पात्र अनन्तको पुनर्जन्म गराइएको छ । अनन्तको चितवन भ्रमणबाट सुरु भएको यस उपन्यासमा अनन्तले चितवनमा गोपीको सहायतामा विभिन्न कामहरू गर्दै आफ्नो व्यक्तित्व विकास गर्न समर्थ बनेको शिलशिलेवर कार्यकलापको वृत्तान्त यस उपन्यासमा छ । चितवनलाई मुख्य केन्द्रबिन्दुमा राखिएको यस उपन्यासमा चितवनको प्राकृतिक सौन्दर्यताको प्रष्फुटन पनि पर्याप्त मात्रामा पाउन सकिन्छ । सामान्यतया आञ्चलिकता झल्कने यस उपन्यासमा **सुकरातका पाइला**मा छाएका पात्रहरूको नै हालिमुहाली देखिन्छ । करिब ६० प्रतिशत पात्रहरू स्थानतरण गरिएका छन् भने  कतिपय रजनी जस्ता पात्रहरू नयाँ प्रयोगका रूपमा छाएका छन् । सरल भाषामा स्थानीय भाषिका र गजलात्मक भाषा पनि प्रयोग भएको **अनन्त पाइला** उपन्यासले द्वन्द्वलाई चिर्दै न्याय र शान्तिको मार्गचित्र प्रस्तुत गरेको छ । यस उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । लामादेखि छोटा संवाद, स्थानीय पात्रहरूको प्रयोग, स्थानीय व्यक्तीत्वको सामिप्यता यसका आफ्नै विशेषता हुन् । **सुकरातका पाइला**को अन्धकारलाई चिर्दै उज्यालोको ज्योति छर्ने काम **अनन्त पाइला**ले गरेको छ ।

## ५.४. परिच्छेद ३ को निष्कर्ष

तेस्रो परिच्छेद अन्तर्गत विविध कोणबाट **सुकरातका पाइला** र **अनन्त पाइला** उपन्यासको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । कथावस्तु, कथानक, पात्र/चरित्र, भाषाशैली, देशकाल परिवेश, जीवन दर्शन, द्वन्द्व, संवाद उद्देश्य आदिको छुट्टा छुट्टै शीर्षकमा तुलना गरिएको छ । **सुकरातका पाइला** गोविन्दराज भट्टराईद्वारा  लेखिएको उपन्यास हो । यसको मुख्य विषयवस्तुमा नेपालमा दसवर्षसम्म चलेको युद्ध र युद्धले विभिन्न क्षेत्रमा पारेको असरका विषयमा यसमा उल्लेख गरिएको छ । त्यसै गरी यस उपन्यासमा शिक्षा क्षेत्रका विकृति विसङ्गतिलाई पनि देखाउन खोजिएको छ । राजनैतिक अन्योलताको फाइदा नेता, कार्यकर्ता, दलालहरूले के कसरी उठाइरहेका छन् भन्ने कुरालाई पनि यस उपन्यासमा देखाउन खोजिएको

छ । पूर्वको पहाडी गाउँ नर्फोक (काल्पनिक गाउँ) मा जन्मे हुर्केको उपन्यासको नायक अनन्त पढाईको शिलशिलामा काठमाडौँसम्म आइपुग्दछ । ढिलो गरी काठमाडौँ प्रवेश गरेको. अनन्त भर्ना हुन नसक्दा अलमलमा पर्दछ । पछि भर्ना भएता पनि उसको शैक्षिक उन्नतिको कुनै महत्त्वपूर्ण उपलब्धी हुँदैन । बेरोजगारी, आर्थिक अभावता, महँगीले उसलाई पनि सताउँदछ । देशमा द्वन्द्व झन् झन् चर्किदैं जाँदा धेरै मानिसहरू यसबाट प्रभावित हुन पुग्दछन् । अनन्त की प्रेमिका पनि यसै कारण संसार छोड्न बाध्य हुन्छे । यस्तो परिस्थितिमा अनन्त बिक्षिप्त जस्तै बन्न पुग्दछ । उसलाई सुकरात गुरुले सहयोग त गर्दछन् तर त्यो स्थायी समाधान बन्न नपुग्दा र हरेक क्षेत्रमा असफल बन्न पुग्दा अनन्तले अन्त्यमा आत्महत्याको मनस्थिति बनाउन पुग्दछ । यसको मुख्य कारण देशमा चलेको द्वन्द्व र त्यसको प्रतिकृया स्वरूप उत्पन्न भएका विभिन्न परिवेश र प्रभावित क्षेत्रका बारेमा **सुकरातका पाइला** उपन्यासमा बेजोड प्रस्तुति रहेको छ ।

**सुकरातका पाइला**मा ती विविध कारणबाट आहातित भएको पात्र अनन्तलाई मल्हमपट्टी लगाउने काम धनराज गिरीले **अनन्त पाइला**उपन्यासमा गरेका छन् । केही गरौं भन्ने भावना भएको, इच्छा शक्ति पनि भएको, पढेर भविष्यमा राम्रो मान्छे बन्ने सपना बोकेको अनन्तले विभिन्न कारणले गर्दा आफ्नो इच्छा पुरा गर्न नसकेको अवस्थामा धनराज गिरीले त्यसको समाधान गरिदिएका छन् । **सुकरातका पाइला**मा अनन्तलाई सहयोग गरेको पात्र गोपीले **अनन्त पाइला**मा आइपुग्दा त्यसलाई सम्भव बनाइदिएको छ । गोपीको सहायतामा अनन्तले आफ्नो व्यक्तित्व विकास गर्ने वातावरण पाउँदछ । चितवन तथा वरिपरिको वातावरणमा रहेर उसले आफ्नो आर्थिक, सामाजिक पारिवारिक स्थितिलाई मजबुत बनाउन सफल बन्दछ । साथै समाज रूपान्तरणको मार्गलाई आवश्यक बल प्रदान पनि गर्दछ ।

**सुकरातका पाइला** र **अनन्त पाइला**बीच अन्योन्याश्रित सम्बन्ध रहेको छ । पात्रमा प्रायशः समानता भेटिन्छ काठमाडौँको परिवेशमा **सुकरातका पाइला** घुमेको छ भने चितवनको परिवेशमा **अनन्त पाइला** रहेको छ । **सुकरातका पाइला**मा देखा परेको डरलाग्दो समस्यालाई **अनन्त पाइला**ले सजिलै समाधान गर्न पुगेको छ । **सुकरातका पाइला** पढेर छट्पटाइरहेका पाठकलाई **अनन्त पाइला**ले शान्ति दिलाउन सफल भएको छ । **सुकरातका पाइला तब सार्थक बन्दछ जब अनन्त पाइला साथमा हुन्छ । अनन्त पाइला तब पूर्ण बन्दछ जब सुकरातका पाइला साथमा हुन्छ।** यी दुवै उपन्यास बीच मितेरी साइनो रहेको छ । **सुकरातका पाइला**मा समस्यै समस्या, अभावै अभाव, अन्याय अत्याचार, विकृति विसङ्गति धेरै छन् । ती विकृति विसङ्गतिलाई समाधान गर्ने उपाय सहित तिनको सही व्यवस्थापन **अनन्त पाइला**मा गरिएको छ । अनन्तलाई **सुकरातका पाइला**बाट अवतरण गराइएको छ । ऊ सँगै अन्य पात्रहरू जस्तै सुकरात, निशा, सोफिया, गोपी, आदि पात्रहरू पनि **अनन्त पाइला**मा पर्दापण गर्ने अवसर पाएका छन् । अनन्तको व्यावहारिक पक्ष सुधारिएर गएको पाइन्छ भने अन्य पात्रहरू जस्ताको तस्तै रूपमा छाएका छन् । शैली, संवाद, दर्शन, आदिमा समानता पाउन सकिन्छ । मुख्यत यी दुवै उपन्यास बीच विषयवस्तुमा फरकपन रहेको छ तथापि यी छुट्टा छुट्टै विषयवस्तु हुँदा हुँदै पनि सिलसिलेवर छन् । एक अर्कोमा अन्तरनिहित रहेका छन् । एकले अर्कोलाई पूर्णता दिन सफल बनेका छन् ।

## ५.५. परिच्छेद चारको निष्कर्ष

चौथो परिच्छेद अन्तर्गत औपन्यासिक मान्यताका आधारमा **सुकरातका पाइला** र **अनन्त पाइला** दुवै उपन्यासको तुलना गरिएको छ । उपन्यास निर्माण हुन आवश्यक पर्ने तत्त्वहरू के के हुन र ती **सुकरातका पाइला** र **अनन्त पाइला**मा के कसरी प्रयोग भएका छन् भन्ने कुरा यस परिच्छेदमा उल्लेख गरिएको छ । सामान्य रूपमा उपन्यास बन्न विषयवस्तु, घटनाक्रम, पात्र, चरित्र, भाषाशैली, उद्देश्य आदि तत्त्वको आवश्यकता पर्दछ । प्रस्तुतीकरणमा भने साहित्यकारका धारणा तथा आफ्नै विशेषता पनि रहन सक्दछन् मुख्यतत्त्वहरूको संयोजनलाई नै उपन्यास भन्ने गरिएको छ । खासगरी **सुकरातका पाइला** र **अनन्त पाइला** दुवै उपन्यास आफैँमा उत्कृष्ट रहेका छन् । कतिपय सन्दर्भ र विषयमा **सुकरातका पाइला** उपन्यास अगाडि आएको छ । विषयवस्तु, पात्र चरित्रमा **सुकरातका पाइला** बढी सशक्त छ भने भाषाशैली, प्रस्तुतीमा **अनन्त पाइला** अब्बल ठानिन्छ । उद्देश्य र परिवेशमा दुवै उपन्यास उत्तिकै सबल बन्न पुगेका छन् ।

## ५.६. परिच्छेद पाँचको निष्कर्ष

पाँचौ परिच्छेद उपसंहार खण्ड हो । यस खण्डमा शोधपत्रको सार प्रस्तुत गरिएको छ । समग्रमा भन्नु पर्दा गोविन्दराज भट्टराईको **सुकरातका पाइला** र धनराज गिरीको **अनन्त पाइला** उपन्यास दुवै उत्कृष्ट उपन्यास हुन । साथसाथै दुवै उपन्यासको आ-आफ्नै महत्त्व र विशेषता हुँदा हुँदै पनि यी दुई उपन्यास एक अर्कोमा सम्बन्धित रहेका छन् । एउटा बिना अर्को पूर्ण हुन सक्दैन दुवै उपन्यास बीचको अन्तरसम्बन्धलाई बुझ्न सकियो भने मात्र दुवै उपन्यासको सार बुझ्न सकिन्छ । १० वर्षसम्म देशमा चलेको युद्ध र त्यसले पैदा गरेको भयानक, कारुणिक अवस्था र त्यसको सही समाधान र व्यवस्थापन तर्फ यी दुवै उपन्यासले सक्दो कदम चालेको पाइन्छ । त्यसकारण यी दुवै उपन्यास साहित्यिक दृष्टिकोणले मात्र नभई सामाजिक, राजनैतिक तथा ऐतिहासिक दृष्टिकोणले पनि उत्तिकै महत्त्वपूर्ण मानिने छन् ।

## ५.७. निष्कर्ष

नेपाली साहित्यको उपन्यास विधामा गोविन्दराज भट्टराईद्वारा लिखित **सुकरातका पाइला** र धनराज गिरीद्वारा  लिखित **अनन्त पाइला** उपन्यासको एक अर्कोसँग सम्बन्ध रहेको छ । **सुकरातका पाइला** नेपालको दसबर्षे द्वन्द्वकालीन समयलाई मुख्य विषयवस्तु बनाएर त्यस द्वन्द्वका कारण उत्पन्न विविध परिवेशलाई यर्थाथ रूपमा देखाउन खोजेको पाइन्छ । द्वन्द्व र त्यसले निम्त्याउने विविध विकृति जस्तै शैक्षिक विकृति, राजनीतिक विकृति, सामाजिक असामन्जस्यता, ठगी जालसाजी, हत्याहिंसा आदि विभिन्न प्रकारका विकृतिहरू तथा त्यसले नेपाली समाज र नेपाली आम जनतामा के कस्तो प्रकारको असर पारेको छ भन्ने कुरा **सुकरातका पाइला** उपन्यासमा देखाउन खोजिएको छ भने **अनन्त पाइला** उपन्यासमा  नेपालमा

२०६२/६३ सालमा भएको जनआन्दोलन र त्यसले नेपाली समाजलाई के कसरी रूपान्तरण गर्नुपर्दछ भन्ने मार्ग चित्र यस उपन्यासमा गरिएको छ । **सुकरातका पाइलामा** भएको विकृतिपूर्ण अवस्थाको सहि समाधान र व्यवस्थापन यस **अनन्त पाइला** उपन्यासमा गरिएको छ । **सुकरातका पाइला**को अन्त्य जुन भयावह स्थितिमा गरिएको छ त्यसको सही समाधान गर्दै, नायकको पुनर्जन्म गराउँदै **अनन्त पाइला**मा उपन्यासकारले जुन प्रकारले विषय र प्रस्तुतिको उठान गरेका छन् त्यसलाई उपन्यासको क्षेत्रमा नौलो प्रयोगका रूपमा लिन सकिन्छ । यद्यपी यस अघि पनि यस्तो प्रयास नगरिएको होइन तथापि यी उपन्यासले देखाएको मार्ग र प्रस्तुतिमा देखाएको नौलो पनाले नेपाली उपन्यास क्षेत्रमा नै नौल्याँई ल्याएको छ । एउटा प्रश्न अर्को उत्तर, एउटा समस्या अर्को समाधान, एउटा युद्ध अर्को शान्ति यस प्रकारले गरिएको प्रयोगलाई नौल्याँई भनिएको हो र देशमा पनि सोही बमोजिमको परिस्थिति सृजना हुनु तथा काल्पनिक साहित्य उपन्यास र देशको वास्तविक परिवेश एक आपसमा मेल खानु सार्न्दभिक संयोग हुन पुगेको छ ।

# प्रमुख सन्दर्भसामग्रीसूची

## क) ग्रन्थसूची


खत्री क्षेत्री, चन्द्रबहादुर, **सुकरातका पाइला उपन्यासको कृतिपरक अध्ययन** ( अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय,(नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर), २०६७।

गिरी, धनराज, **अनन्त पाइला**, चितवन : खेमलाल हरिकला प्रतिष्ठान, २०६८ ।

गैरे, ईश्वरीप्रसाद, **आधुनिक नेपाली आख्यान (सिद्धान्त र विश्लेषण),** कीर्तिपुर : क्षितिज प्रकाशन २०६३ ।

गौतम, कृष्ण, **उत्तरआधुनिक जिज्ञासा**, काठमाडौं : भृकुटी एकेडेमिक पब्लीकेशन २०६४

गौतम, लक्ष्मणप्रसाद, **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना**, काठमाडौं : ओरिएन्टल पव्लिकेशन, २०६६ ।

__________ , **सान्दर्भिक समालोचना**, काठमाडौं : भुँडीपुराण प्रकाशन २०५७।

घिमिरे, कृष्ण प्रसाद, **अनुसन्धानात्मक समालोचना**, काठमाडौं : के.वि.सी पव्लिकेसन २०६९ ।

चापागाई, नरेन्द्र, **उपन्यास विश्लेषण** : विराटनगर : जानुका प्रकाशन २०३३

दवाडी, पूर्णप्रसाद **साहित्यकार धनराज गिरीको जीवनी, व्यक्तित्व र कृतित्व,** ( अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली विभाग, वीरेन्द बहुमुखी क्याम्पस, भरतपुर) २०६६ ।

नेपाल, विरेन्द्र, **गोविन्दराज भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर) २०६४ ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार,** ललितपुर : साझा प्रकाशन, चौथो संस्करण, २०६१ ।

बराल, कृष्णहरि र एटम, नेत्र, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ललितपुर : साझा प्रकाशन, २०५६ ।

बराल, ऋषिराज, **उपन्यासको सौन्दर्यशास्त्र,** ललितपुर : साझा प्रकाशन, दोस्रो संस्करण २०६३ ।

भट्टराई, गोविन्दराज, **उत्तरआधुनिक विमर्श**, काठमाडौं : मोडन वुक्स, २०६४ ।

__________, **सुकरातका पाइला**, काठमाडौं : ओरिएन्टल पव्लिकेशन, तेस्रो संस्करण २०६७ ।

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ **नेपाली साहित्यको संक्षिप्त इतिहास**, ललितपुर : साझा प्रकाशन, सातौं संस्करण, २०६१ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति, ललितपुर** : साझा प्रकाशन, दोस्रो संस्करण, २०६४ ।

__________, **नेपाली समालोचना परम्परा र प्रवृत्ति,** वाराणसी : भूमिका प्रकाशन, २०६१ ।

## ख) पत्रपत्रिकासूचि

कोइराला, कुमारप्रसाद, *गरिमा साक्षात्कार,* (गोविन्दराज भट्टराईसँग) **गरिमा,** (वर्ष २४, अंक ९, पूर्णांक २८५, भदौ २०६३)

कोइराला, कुमारप्रसाद, *सुकरातका पाइला : निरंकुशता र आतकंको दुःखान्त कथा,* **गरिमा,** (वर्ष २५, अंक ३, पूर्णांक २९१, फागुन २०६३ ।

घिमिरे, रमण, *स्वनिर्णय अर्थात् सुकरातका पाइला,* **नेपाल साप्ताहिक,** (वर्ष ७, अंक २५, माघ २०६३) ।

प्रभात, रमेश, *चितवन चिनाउने औपन्यासिक कृति,* **चितवन पोष्ट,**

(वर्ष १४, अंक ९३, पूर्णांक ३७९५, २०६८, कार्तिक २६ गते )

शर्मा, मोहनराज, *नौलो औपन्यासिक पाइलो : सुकरातका पाइला,* **गरिमा,**

(वर्ष २५, अंक ४, पूर्णांक २९२, चैत्र २०६३) ।

सुवेदी, पुरुषोत्तम, *सुकरातका पाइलाको मुल्य,* **मधुपर्क**, (वर्ष ४१, अंक २ पूर्णांक ४६९, २०६५) ।